# नेपाली जनमत सर्वेक्षण
## सन् २०२२

सर्वेक्षण प्रतिवेदन । सुदूरपश्चिम प्रदेश



inter disciplinary analysts

# नेपाली जनमत सर्वेक्षण
## सन् २०२२

सर्वेक्षण प्रतिवेदन । सुदूरपश्चिम प्रदेश

inter disciplinary analysts

# नेपाली जनमत सर्वेक्षण सन् २०२२

## सर्वेक्षण प्रतिवेदन, सुदूरपश्चिम प्रदेश

© स्कूल अफ आर्ट्स, काठमाडौँ विश्वविद्यालय, इन्टरडिसिप्लीनरी एनालिस्ट्स र दि एसिया फाउण्डेशन, २०२२ सर्वाधिकार सुरक्षित । यस पुस्तिकाको कुनै पनि अंश स्कूल अफ आर्ट्स, काठमाडौँ विश्वविद्यालय, इन्टरडिसिप्लीनरी एनालिस्ट्स र दि एसिया फाउण्डेशनको लिखित अनुमति बिना पुनरूत्पादित गर्न सकिने छैन ।

**स्कूल अफ आर्ट्स, काठमाडौँ विश्वविद्यालय**
पोस्ट बक्स नम्बरः ६२५०, हात्तिवन ललितपुर, नेपाल
फोनः +९७७-०१-५२५१२९४, +९७७-०१-५२५१३०६

**इन्टरडिसिप्लीनरी एनालिस्ट्स**
चन्द्र विनायक मार्ग, चावहिल, काठमाडौँ, नेपाल
फोन : +९७७-०१-४४७१८४५ , +९७७-०१-४४७११२७

**दि एसिया फाउण्डेशन**
पोस्ट बक्स नम्बरः ९३५, बुद्धिसागर मार्ग, वडा नं ३
पानीपोखरी, काठमाडौँ, नेपाल

सन् २०२२ मा नेपाली जनताको सर्वेक्षण २०२२ अष्ट्रेलिया सरकार, विदेशी मामिला र व्यापार विभाग - एसिया फाउण्डेशनसंगको साझेदारी परियोजना स्थानीय सरकार सबलीकरण कार्यक्रम र विकास र सहयोगको लागि स्विस एजेन्सीको सहयोगमा सम्पन्न भएको थियो । यस सर्वेक्षणका निष्कर्षहरु र कुनै पनि विचारहरूले अस्ट्रेलिया सरकार, स्विस सरकार वा एशिया फाउण्डेशनका विचारहरु प्रतिबिम्बित गर्दैनन् ।

**प्रकाशकः**
स्कूल अफ आर्ट्स, काठमाडौँ विश्वविद्यालय
पोस्ट बक्स नम्बरः ६२५०, हात्तिवन ललितपुर, नेपाल
फोनः +९७७-०१-५२५१२९४, +९७७-०१-५२५१३०६

आवरण तस्विर : भरत न्यौपाने

## संचालक समिति सदस्यहरू

| क्र.सं | नाम | आबद्ध संस्था |
|---|---|---|
| १ | एक्कु माया पुन | स्कुल आफ आर्ट्स, काठमाडौँ विश्वविद्यालय |
| २ | सुधिन्द्र शर्मा | इन्टर डिसिप्लिनरी एनालिस्टस् |
| ३ | कृष्ण हाच्छेतु | राजनीतिशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय |
| ४ | तीर्थराज चौलागाई | तथ्यांक विभाग |
| ५ | भिमप्रसाद सुवेदि | विश्वविद्यालय अनुदान आयोग नेपाल |
| ६ | विमला राई पौडयाल | राष्ट्रिय सभा, संघीय संसद, नेपाल |
| ७ | याम बहादुर किसान | संसद सहयोग परियोजना / संयुक्त राष्ट्र विकास कार्यक्रम |
| ८ | देव कुमारी गुरूङ | भूगोलशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय |
| ९ | टिकाराम गौतम | समाजशास्त्र केन्द्रीय विभाग |
| १० | गणेश गुरूङ | स्वतन्त्र अनुसन्धानकर्ता |
| ११ | महेश बास्कोटा | स्कुल आफ आर्ट्स, काठमाडौँ विश्वविद्यालय |
| १२ | सुरेन्द्र लाभ कर्ण | राष्ट्रिय योजना आयोग |

# प्राक्कथन

काठमाडौँ विश्वविद्यालय, स्कुल अफ आर्ट्स (KUSoA) को नेतृत्वमा इन्टरडिसिप्लिनरी एनालिस्ट्स (IDA) सँगको सहकार्यमा २०१७ मा पहिलो पटक नेपाली जनताको सर्वेक्षण गरिएको हो । प्रतिवेदनको चौथो खण्ड, नेपाली जनताको सर्वेक्षण २०२२ (SNP 2022) ले देशको दिशाप्रति नेपालीको धारणा, घरायसी अवस्था, स्थानीय अवस्था, सुरक्षा, पहिचान र सामाजिक सम्बन्ध, शासन व्यवस्था, सार्वजनिक सेवा प्रवाह, निर्वाचन, राजनीतिक सहभागिता र आर्थिक दृष्टिकोण प्रति नेपालीहरूको दृष्टिकोण प्रस्तुत गरेको छ । यस सर्वेक्षणले नेपालका सात प्रदेशका ५८८ वटा वडाबाट नमूना छनोटगरी १८ वर्ष वा सोभन्दा माथिका ७,०५६ उत्तरदातामा पुगेर उनीहरूका विचारहरू प्रस्तुत गरेको छ् ।

नेपाली जनताको सर्वेक्षणको बिगतका सबै प्रतिवेदनहरु राष्ट्रिय प्रतिवेदनको रूपमा सबै प्रदेशहरूलाई समावेश गरी सघन ढाँचामा प्रकाशित गरिएको थियो । तर यस पटक सन् २०२२ को राष्ट्रिय  प्रतिबेदनलाई भने अलि छोटो संक्षिप्त प्रतिबेदनको रूपमा प्रकाशित गरी अरू थप सात वटा प्रादेशिक विस्तृत प्रतिबेदनहरु प्रकाशित गर्ने प्रयास गरेका छौ । जसमा प्रत्येक प्रदेशबाट प्राप्त तथ्याङ्कहरूलाई विश्लेषण गरी विस्तृत रूपमा उक्त् प्रदेशका उत्तरदाताहरूले दिएका जानकारीका आधारमा निष्कर्षहरु प्रस्तुत गरिएको छ । यस प्रतिबेदनमा बिगतमा गरिएका तीन सर्वेक्षणहरू (SNP 2017, SNP 2018 र SNP 2020) बाट प्राप्त निष्कर्षहरूको तुलनात्मक अध्ययन गरिएको छ ।

सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरूको आफ्नै सीमाहरु रहेका हुन्छन् । उदाहरणको लागी तथ्याङ्क सङ्कलनको समय अवधि पनि एक प्रकारको सीमितता नै हो किनकी आफ्नो इलाकामा हालसालै घटेका घटनाहरूबाट उत्तरदाताहरूको मष्तिष्क प्रभावित रहेका हुन्छन्  जसले उनीहरूको जवाफलाई निर्दिष्ट गरिरहेको हुन्छ । दोस्रो, सर्वेक्षणको लागि सही नमूना आकार चयन गर्नु पनि लगभग चुनौती पुर्ण कार्य हो । सर्वेक्षणमा नमूना छनोट, सम्बन्धित प्रश्नहरूको जवाफ नआउने, कभरेज र मापनसम्बन्धी कमी कमजोरीहरूका सम्भावनाहरु सधै रहने हुनाले विश्लेषणका लागि प्राप्त तथ्याङ्कहरु तयार गर्दा अनुसन्धानकर्ताहरू सचेत रहन आवश्यक छ । प्रत्येक पटकको नेपाली जनताको सर्वेक्षणको तथ्याङ्क सङ्कलन समय अवधिले पनि जनताको धारणामा प्रभाव पारेको हुन सक्दछ ।

नेपाली जनताको सर्वेक्षणको पहिलो संस्करणको तथ्याङ्क सङ्कलन कार्य सन् २०१७ को सेप्टेम्बर-अक्टोबरमा गरिएको थियो । उक्त समयमा गरिएको नेपाली जनताको सर्वेक्षण २०१७ (SNP 2017) नयाँ राजनीतिक व्यवस्थाका लागि नेपालमा पहिलो पटक भएको स्थानीय तहको निर्वाचन पछि गरिएको राष्ट्रव्यापी सर्वेक्षणको निष्कर्षमा आधारित थियो । उक्त्त सर्वेक्षणमा देशको समग्र दिशा (सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, भौतिक पूर्वाधार अवस्थाका सन्दर्भ) बारे नेपाली जनताको अपेक्षा र आकांक्षालाई समेट्ने प्रयास गरिएको थियो । यसका साथै सर्वेक्षणले सुरक्षा र विवाद समाधान, विकसित राजनीतिमा लैङ्गिक, जातीय र भाषाको स्थान, राष्ट्रिय तथा स्थानीय तहका समस्या, स्थानीय तथा प्रदेश सरकारको सेवा प्रवाह, सुशासन, राजनीतिक सहभागिता र स्थानीय निर्वाचन,  आर्थिक तथा सामाजिक विकास तथा पूर्वाधार, सूचनामा पहुँच, जस्ता विषयहरूमा जनताको राय र अपेक्षा संकलन गरिएको थियो ।

सन् २०१८ को नेपाली जनताको सर्वेक्षण २०१८ को तथ्याङ्क सङ्कलन कार्य नेपालको नयाँ राजनीतिक प्रणाली अनुसार पहिलो संसद र प्रादेशिक निर्वाचनपछि गरिएको थियो । यसका साथै आगामी दिनका लागी उनीहरूका आशा तथा अपेक्षाका बारेमा पनि जान्ने प्रयास गरिएको थियो । तेस्रो चरणको नेपाली जनताको सर्वेक्षण २०२० (SNP २०२०) को निष्कर्ष कोभिड-१९ का कारण राष्ट्रिय बन्दाबन्दीको घोषणा हुनु भन्दा केही दिन अगाडि सम्पन्न भएका सर्वेक्षणको तथ्याङ्क सङ्कलन कार्यमा आधारित थियो ।

सन् २०२२ को नेपाली जनताको सर्वेक्षण (SNP २०२२) को संस्करण सन् २०२२ को स्थानीय निर्वाचन लगत्तै र राष्ट्रिय तथा प्रादेशिक निर्वाचनमा होमिने तयारीमा लागि सकेका नेपालीहरु माझ वर्षायाम जुलाई-अगस्त, २०२२ मा गरिएको सर्वेक्षणको तथ्याङ्क सङ्कलन कार्यमा आधारित रहेको छ । कोभिड-१९ ले सृजना गरेको चुनौती तथा असहजतापूर्ण अवस्थामा सरकारको समग्र कार्यसम्पादन र देश कुन दिशामा गइरहेको छ भन्ने बारेमा जनताको धारणामा प्रभाव पार्न सक्ने सम्भावनाहरू देखेर सन् २०२२ को नेपाली जनताको सर्वेक्षण मा कोभिड-१९ सँग सम्बन्धित प्रश्नहरु थपिएका थिए परिणामस्वरूप मानिसहरूको धारण, भावना र अनुभवहरूमा कोभिड-१९ र देशव्यापी बन्दाबन्दीको प्रभाव प्रतिबिम्बित भएको देखिन्छ । कोभिड-१९ को प्रभाव यस अध्ययनमा आएता पनि त्यस अघिको नेपालीको मत र त्यसबाट प्रभावित जनजीवनको अवस्थाको तुलनात्मक अध्ययन अनुसन्धानको लागि यो प्रतिवेदन महत्वपुर्ण हुनसक्छ ।

यस प्रादेशिक प्रतिवेदनमा प्रदेशका जनताहरूको विचार प्रस्तुत गरिरहदा, म राष्ट्रिय प्रतिवेदनमा भएका केहि तथ्यहरूको विश्लेषण गर्न चाहन्छु । यस बर्षको सर्वेक्षणमा सामेल भएको आधाभन्दा कम नेपालीहरु, अहिलेसम्मकै सबैभन्दा न्यून प्रतिशतले मुलुक सही दिशामा अघि बढेको ठान्दछन् । बाटोघाटोको अवस्थामा सुधार, शिक्षाको पहुँचमा बृद्धि हुनु तथा विद्युत आपूर्तिमा सुधार हुनु देश सही दिशामा अगाडि बढ्नुका प्रमुख तीन कारण रहेका छन् । मुलुक सही दिशातिर हिँडिरहेको बताएका उत्तरदातामा उल्लेख्य कमी देखिएता पनि तीन चौथाइभन्दा कमले आफ्नो स्थानीय तहको अवस्थामा भने सुधार भइरहेको विश्वास गरेका छन् । स्थानीय अवस्थाप्रति जनताको आशावादीताका लागि उत्तरदाताहरूले बाटोघाटोको अवस्था राम्रो हुनु, खानेपानी आपूर्तिमा सहजता, विद्युत र शिक्षामा जनताको पहुँच हुनु जस्ता विषयलाई महत्त्व दिएर समावेश गरेका छन् । वास्तवमा, सन् २०२० को सर्वेक्षणको तुलनामा सन् २०२२ को सर्वेक्षणमा विशेष गरी आर्थिक अवस्था, राजनीतिक र सामाजिक अवस्थाप्रति उत्तरदाताहरु कम सकारात्मक देखिएका छन् । उत्तरदाताहरूका अनुसार बढ्दो भ्रष्टाचार, आवश्यक वस्तुहरूको बढ्दो मूल्य, र करको दायरामा वृद्धि राष्ट्रले भोगी रहेका प्रमुख समस्याहरूको रूपमा रहेका छन् भने १८-२४ वर्ष उमेर समूहका युवा नेपालीहरूका लागि काम खोज्न/जीविकोपार्जनमा कठिनाई प्रमुख समस्याको रूपमा रहेको देखियो ।

माथि उल्लेखित आंकडाहरूले सार्वजनिक धारणा र आर्थिक दृष्टिकोण बीच बलियो सम्बन्ध राखेको छ। अर्को शब्दमा भन्नुपर्दा, नेपाली जनताको सर्वेक्षण २०२० को तथ्याङ्क सङ्कलन गरिसकेपछिको समय र नेपाली जनताको सर्वेक्षण २०२२ को तथ्याङ्क सङ्कलन गर्नु अगाडीको समय अवधिमा कोभिड-१९ चुलिएको थियो, उक्त समयमा कोभिड-१९ को प्रभावले देशका लगभग सबै आर्थिक गतिविधिहरूमा नकारात्मक प्रभाव पारेको थियो । सन् २०१७ मा करिब पाँचमा एक र सन् २०२० मा पाँचमा दुई उत्तरदाताहरूले स्थानीय आर्थिक अवस्थामा सुधार भएको विश्वास गरेका थिए । सन् २०२० को तुलनामा स्थानीय आर्थिक अवस्थामा सुधार भएकोमा विश्वास गर्ने उत्तरदातामा अचानक गिरावट आएको छ । फलस्वरूप, आम्दानी या आर्थिक स्रोतको अभावमा उत्तरदाताहरूले अझै पनि उनीहरूको परिवारका सदस्यले बेलाबेलामा छाक छाड्नुपरेको, बिरामी हुँदा उपचार गर्न नसकेको बताएका छन् । गत वर्षको तुलनामा, कहिलेकाहीँ मात्र खाना खान पुग्ने संख्या बढेको छ । त्यसैगरी, बिरामी हुँदा उपचार गर्न नसकेको दाबी गर्ने उत्तरदाताहरूको प्रतिशत पनि बढेको छ ।

हिंसा वा आपराधिक गतिविधिको सन्दर्भमा नेपाल सुरक्षित स्थान जस्तो देखिन्छ । दश मध्ये नौ जना उत्तरदाताहरूले आफू बसेको वा काम गरिरहेको ठाउँ वरिपरि सुरक्षाको कुनै समस्या वा चुनौती नभएको बताएका छन् साथै आफू वा आफ्नोको परिवार गत वर्ष हिंसा वा आपराधिक गतिविधिको सिकार नभएको बताएका छन् । केही हदसम्म असुरक्षित ठानेकाहरूमध्ये प्रायले चोरी र आर्थिक लेनदेनमा ठगीको सिकार भएको उल्लेख गरेका छन् । विवाद समाधानका सन्दर्भमा धेरै नेपालीहरूको रोजाइमा औपचारिक निकायहरु परेका छन् । जग्गा सम्बन्धि विवाद, ऋण तथा लेनदेन सम्बन्धि विवाद, अपराध, मानहानि वा झूटो आरोपको विवाद समाधान गर्न अधिकांश नेपालीहरूले प्रहरीलाई पहिलो रोजाई मानेको पाइन्छ । घरेलु हिंसा सम्बन्धि विवाद समाधान गर्न जनताको पहिलो रोजाइको रूपमा वडाध्यक्ष वा वडा सदस्यहरु पर्नुभएको छ भने प्रहरी, नगर/गाउँपालिकाका प्रमुखहरूप्रति उत्तरदाताहरूको विश्वास बढ्दै गएको छ । विवाद समाधानका लागि निर्वाचित प्रतिनिधि र प्रहरीलाई विश्वास गर्ने व्यक्तिको सङ्ख्या तीव्र रूपमा बढ्नुले राज्यको पुनर्संरचना मार्फत स्थापित नयाँ सरकारी संरचनाहरूप्रति व्यक्तिको बढ्दो विश्वास झल्काउँछ ।

अझै पनि नेपाली जनताहरूले विशेष गरी काम गर्ने ठाउँमा मानिसहरूसँग अन्तरक्रिया गर्दा, सार्वजनिक सेवाहरू प्राप्त गर्दा र स्वास्थ्य सेवाहरूमा पहुँच गर्दा आफ्नो मातृभाषा, जात वा जाति र लिङ्गका कारण विभिन्न ठाउँ र अवस्थामा असहजता महसुस गर्ने गरेका छन् । नेपालीभन्दा फरक मातृभाषा भएका कारण विभिन्न ठाउँ र अवस्थामा असहजता महसुस गर्ने उत्तरदाताहरूको सङ्ख्या सन् २०१७ को तुलनामा घटेको भएता पनि सार्वजनिक सेवा लिँदा, कार्यस्थलमा सर्वसाधारणसँग छलफलमा सहभागी हुँदा, अस्पताल या हेल्थ सेन्टरमा सुविधा लिँदा र अध्ययनको सिलसिला असहजता महसुस हुने गरेको बताएका छन् । विगतका वर्षको तुलनामा लिङ्गका कारण विभिन्न ठाउँ र अवस्थामा असहजता महसुस गर्ने उत्तरदाताहरूको सख्यामा कमी आएता पनि नेपाली महिलाहरूलाई सार्वजनिक यातायातमा यात्रा गर्दा, प्रहरी चौकीमा, सार्वजनिक स्थानमा घुमफिर गर्दा वा हिँडडुल गर्दा अप्ठ्यारो महसुस हुने गरेको बताएका छन् । अन्तर्जातीय विवाहलाई स्वीकृति दिनेहरूको अनुपातमा सन् २०१७ को तुलनामा सन् २०२२ मा घटेको देखिन्छ । बिगत बर्षका सर्वेक्षणहरूले लिङ्गको पर्वाह नगरी व्यक्ति नेतृत्व भूमिकाको लागि सक्षम हुनुपर्छ भन्ने विश्वास गर्ने मानिसहरूमा उल्लेखनीय वृद्धि भएको देखाउँछ । यसै अनुरूप नेपाली जनताको सर्वेक्षण सन् २०१८ को तुलनामा सन् २०२० मा सबै प्रकारका संगठन/संस्थाका नेतृत्व पदका लागि लिङ्ग जेसुकै भए पनि व्यक्ति सक्षम हुनुपर्छ भन्ने सोच भएका व्यक्तिहरूको संख्यामा उल्लेखनीय रूपमा वृद्धि भएको देखिन्छ तर सन् २०२२ मा यस्तो सोच राख्ने उत्तरदाताको संख्या स्थिर रहेको पाइएको छ यद्यपि संस्थाको नेतृत्व गर्न पुरूष र महिला दुवै समान रूपमा सक्षम छन् भनी चारमध्ये तीन जना उत्तरदाताले भनेतापनि, सामुदायिक-सम्बन्धित हैसियत (Community-Related Status) को तुलनामा कार्यकारी पदमा महिलाहरूलाई कम प्राथमिकता दिइएको पाइएको छ।

अधिकांश उत्तरदाताहरूले गत वर्षको तुलनामा स्थानीय सरकारको उत्तरदायित्वमा कुनै परिवर्तन नभएको बताएका छन् । यद्यपि, विगतका वर्षको तुलनामा २०२२ मा सरकारको उत्तरदायित्वमा सुधार भएको छ भनी प्रतिक्रिया दिनेहरूको प्रतिशत उल्लेखनीय रूपमा घटेको छ । मे १३, २०२२ मा भएको स्थानीय निर्वाचनको दोस्रो कार्यकालको सन्दर्भमा नेपालीहरूबाट आएका प्रतिक्रियाहरूको दस्तावेजीकरण गर्दा, तीन चौथाई भन्दा बढीले स्थानीय निर्वाचनमा मतदान गरेको र ती मध्ये दश मा नौ जनाले निर्वाचन स्वतन्त्र र निष्पक्ष भएको विश्वास व्यक्त गरेका थिए । तीन चौथाई भन्दा बढी मतदाताहरु निर्वाचनको परिणामसंग "धेरै खुशी", वा "खुशी" रहेका छन् । तीनवटै तहका सरकारले सन् २०२० देखि कोभिड-१९ को रोकथाम र नियन्त्रण र यसको सामाजिक-आर्थिक प्रभावलाई न्यूनीकरण गर्न विभिन्न उपायहरु लागू गरेको कुरा सर्वबिदितै छ । यसका लागि तीनै तहका सरकारले खेलेको भूमिकाको सर्हना गर्दै सरकारको प्रयास पर्याप्त भएको प्रतिक्रिया दिएका छन् । कोरोनाको संक्रमण कम गर्न र यसलाई फैलिन नदिन सरकारले गरेका विभिन्न रोकथाम र नियन्त्रणका उपायहरूमध्ये मास्कको प्रयोग र सामाजिक दूरी धेरै प्रभावकारी रहेको देखियो भने हिड्डुल र यात्रामा लगाएको प्रतिबन्ध पनि दोस्रो प्रभावकारी उपाय रहेको पाइयो । कोरोना महामारीको समयमा त्यसको व्यवस्थापनको लागि स्थानीय सरकारले समुदायमा सबैभन्दा बढी सक्रिय भूमिका निभाएको पाइयो ।

प्रस्तुत तथ्याङ्क र आंकडाले संघीय, प्रदेश र स्थानीय, तह तीनवटै तहका सरकारहरूको कार्यसम्पादनबारे केही अन्तरदृष्टि दिनेछ भन्नेमा हामी विश्वस्त छौं । तीन तहका सरकारहरूको कार्यबारे जनताले कसरी बुझेकाछन्, उनीहरूका अनुसार सरकारले गरेका कामहरूमा के कस्ता कमजोरीहरु रहेकाछन् र यस्तो किन भई रहेको छ भनेर अझ बिस्तृतरूपमा बुझनका लागि र त्यसलाई  के कसरी समाधान गर्न सकिन्छ भन्ने बारे सुझाब सहितको जानकारी तीनै तहका सरकारलाई दिन प्राप्त तथ्याङ्कको गहिरो विश्लेषण महत्त्वपूर्ण छ । तसर्थ, आउँदो वर्षहरूमा नेपाली जनताको सर्वेक्षणमा मात्रात्मक तथ्याङ्कहरूबाट प्राप्त जानकारीलाई अझ बिस्तृतरूपमा बुझन र व्याख्या गर्नका लागि गुणात्मक विश्लेषण थप्न आवश्यक छ ।

अन्तमा, यस सर्वेक्षण कार्यलाई सफल बनाउन र नेपाली जनताको सर्वेक्षण २०२२ को यो प्रादेशिक संक्षिप्त प्रतिवेदन तयार गर्न योगदान गर्ने सबैलाई कृतज्ञता व्यक्त गर्न चाहन्छु । सर्वप्रथम एशिया फाउन्डेसनको टोली जसले दुई अनुदान सम्झौताहरुः एउटा अष्ट्रेलिया सरकार, विदेश मामिला र व्यापार विभागबाट, र अर्को विकास र सहयोगको लागि स्विस एजेन्सी मार्फत हामीलाई सर्वेक्षण गर्नका लागि रकम उपलब्ध गराएकोमा उनीहरु प्रति कृतज्ञता व्यक्त गर्दछु । त्यसैगरी इन्टरडिसिप्लिनरी एनालिस्ट्स् (आईडीए) लाई विशेष गरी प्रश्नावली तयार गर्न, क्षेत्रीय स्तरमा गणनाकर्ताहरूका लागि तालिम र प्रशिक्षण कार्य सञ्चालन गर्न, र तथ्याङ्क सङ्कलन तथा कम्पाइल गर्न सहयोगको लागि आभार प्रकट गर्दछु । साथै प्रतिष्ठित स्टीयरिंग समिति सदस्यहरूको योगदान उत्तिकै महत्त्वपूर्ण र हाम्रो गहिरो प्रशंसाको योग्य छन्, किनकी उनीहरूबाट प्रक्रियाको प्रत्येक चरणमा महत्वपूर्ण अन्तरदृष्टिको साथ परियोजनालले मार्गदर्शन प्राप्त गर्यो । काठमाडौँ विश्वविद्यालय, स्कुल अफ आर्ट्सका सहकर्मीहरु जसले नेपाली जनताको सर्वेक्षण २०२२ को चुनौती स्वीकार गरे र यो प्रतिबेदन लेख्न कार्य सफलताका साथ समापन गरे, म उनीहरूको प्रयास र समर्पणलाई कदर गर्दछु । अन्त्यमा, म यस तथ्याङ्क सङ्कलन कार्यमा सहयोग पुर्‍याउने सबै गणक र नेपाली जनताहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु जसको सहभागिता बिना यो सर्वेक्षण कार्य सम्भव थिएन।

**एकु माया पुन**
एसोसिएट प्रोफेसर/का.मु. डीन
स्कुल अफ आर्टस्, काठमाडौं विश्वविद्यालय

# विषयसुची


| | | |
|---|---|---|
| **प्राक्कथन** | | **ङ** |
| **अध्याय १** | **परिचय** | **४** |
| **अध्याय २** | **देशको समग्र अवस्थाप्रतिको सुदूरपश्चिमको दृष्टिकोण** | **६** |
| | २.१. देशको अवस्था | ६ |
| | २.२. आशावादी हुनुका कारणहरू | ८ |
| | २.३ समस्या र चुनौतीहरू | ८ |
| | २.४. स्थानीय क्षेत्रको अवस्था | ९ |
| | २.५ स्थानीय क्षेत्रको अवस्थामा सुधारका कारणहरू | १० |
| | २.६ स्थानीय क्षेत्रका समस्या तथा चुनौतीहरू | ११ |
| | २.७ घरपरिवारको अवस्था | १२ |
| | २.८. घरायसी अनुभवहरु | १३ |
| **अध्याय ३** | **व्यक्तिगत सुरक्षा र विवाद समाधान** | **१५** |
| | ३.१. हिंसा, अपराध र न्यायसम्बन्धी घरपरिवारको अनुभव | १५ |
| | ३.२ न्याय र विवाद समाधानका संयन्त्रहरु | १६ |
| **अध्याय ४** | **पहिचान** | **१८** |
| | ४.१ मातृभाषा | १८ |
| | ४.२ नेपालीबाहेक अन्य भाषा मातृभाषा हुनुका असुविधाहरू | १८ |
| | ४.३ जात/जातीयताका कारण भएको असुविधाहरू | १९ |
| | ४.४ लिङ्गका कारण भोग्नुपरेको असहजता | २० |
| | ४.५ सामाजिक मान्यताहरु | २१ |
| | ४.६ नेपाली समाजमा महिलाको स्थान | २२ |
| | ४.७ नेतृत्वदायी भूमिकामा लैंगिक प्राथमिकता | २३ |
| **अध्याय ५** | **सुशासन र राजनीतिक सहभागीता** | **२५** |
| | ५.१ स्थानीय निकायको पुनर्संरचना | २५ |
| | ५.२ सामाजिक सुरक्षा | २६ |
| | ५.३ संस्थाप्रतिको विश्वास | २७ |
| | ५.४ सार्वजनिक सेवाहरुप्रतिको जानकारी | २८ |
| | ५.५ सार्वजनिक सेवाहरु लिंदाको अनुभव | २९ |
| | ५.६ शिक्षाप्रतिको धारणा | ३० |
| | ५.७ कोरोना महामारीमा शैक्षिक अवस्था | ३३ |
| | ५.८ सार्वजनिक स्वास्थ्य सेवा प्रतिको धारणा | ३३ |
| | ५.९ सडकप्रतिको धारणा | ३६ |
| | ५.१० कर | ३९ |
| | ५.११ भ्रष्टाचार | ४२ |
| | ५.१२ स्थानीय शासन प्रक्रियाप्रतिको जनचेतना र सहभागीता | ४२ |
| | ५.१३ निर्वाचित पदाधिकारीहरु प्रतिको धारणा | ४५ |
| | ५.१४ स्थानीय सरकारको उत्तरदायित्व प्रतिको धारणा | ४५ |
| | ५.१५ स्थानीय निर्वाचन | ४७ |
| **अध्याय ६** | **आर्थिक दृष्टिकोण र सूचनामा पहुँच** | **४९** |
| | ६.१ स्थानीय आर्थिक अवस्थाप्रतिको धारणा | ४९ |
| | ६.२ व्यक्तिगत तथा पारिवारिक आम्दानी | ५० |
| | ६.३ वैदेशिक रोजगार र विप्रेषण | ५३ |
| | ६.४ बीमाको बारेमा जानकारी र पहुँच | ५६ |
| | ६.५ रोजगारी र आयआर्जनका अवसरहरु | ५७ |
| | ६.६ सूचनाको स्रोत | ५८ |
| **अध्याय ७** | **कोरोना महामारीको अनुभव र असर** | **६१** |
| | ७.१ कोरोना महामारी व्यवस्थापनमा सरकारको भूमिका | ६१ |
| | ७.२. स्थानीय स्तरमा कोरोना महामारीका बेला सक्रिय भएर लाग्ने व्यक्ति वा निकाय | ६३ |
| | ७.३ कोरोना महामारीको समयमा भोग्नुपरेका मुख्य समस्याहरू र सामना गर्ने रणनीतिहरु | ६३ |

# चित्रसुची

चित्र २.१.१ *Q-B1a.* देशेको समग्र दिशा, वर्षअनुसार ....... ६
चित्र २.१.२ *Q-B1b-f.* देशको सामाजिक, आर्थिक, राजनीतिक, संस्कृतिक र भौतिक (पूर्वाधार) अवस्थाः बर्ष अनुसार ....... ७
चित्र २.२.१ *Q-B2.* आशावादी हुनुका कारणहरू, बर्ष अनुसार ....... ८
चित्र २.३.१ *Q-B3.* समग्र नेपालले सामना गर्नुपरेको सबैभन्दा ठूलो समस्या, बर्ष अनुसार ....... ९
चित्र २.४.१ *Q-B4a.* स्थानीय क्षेत्रको अवस्था, बर्ष अनुसार ....... १०
चित्र २.५.१ *Q-B5.* स्थानीय अवस्थाहरूमा आशावादी हुने कारणहरु, बर्ष अनुसार ....... ११
चित्र २.६.१ *Q-B6.* स्थानीय तहका समस्या तथा चुनौतीहरु, बर्ष अनुसार ....... १२
चित्र ३.२.१ *Q-C8A-E.* पछिल्लो एक बर्षमा विवाद समाधानबारे वास्तविक अनुभव, बर्ष अनुसार ....... १७
चित्र ४.५.१ *Q-D9.* अन्तर-जातीय विवाहको स्वीकृति, बर्ष अनुसार ....... २१
चित्र ५.१.१ *Q-E4.* स्थानीय निकायको पुनर्संरचना प्रतिकोदृष्टिकोण, बर्ष अनुसार ....... २५
चित्र ५.४.१ *Q-E10AM-AO1.* सरकारी सेवा सुबिधाहरूप्रतिको जानकारी, बर्ष अनुसार ....... २८
चित्र ५.४.२ *Q-E10AM.3_1.* स्थानीय सरकारले प्रदान गरेका सेवाहरूबारे जानकारी प्रवाह गर्ने प्रभावकारी माध्यमहरू ....... २९
चित्र ५.६.१ *Q-E11b / Q-E11Aii.* शिक्षाको गुणस्तर प्रतिको धारणा, बर्ष अनुसार ....... ३१
चित्र ५.७.१ः *Q-E11f_1_A / Q-E11g.1.* कोरोना महामारीको समयमा वैकल्पिक शिक्षा प्रदान गर्ने विद्यालयहरू ....... ३३
चित्र ५.८.१ *Q-E12a.* नजिकको सार्वजनिक स्वास्थ्य चौकी/अस्पताल सम्मको दुरी, बर्ष अनुसार ....... ३४
चित्र ५.८.२ *Q-E12b.* सार्वजनिक स्वास्थ्य सेवाको गुणस्तरप्रतिको धारणा, बर्ष अनुसार ....... ३५
चित्र ५.८.३ *Q-E12c.* स्वास्थ्य सेवाको गुणस्तर कायम गर्ने जिम्मेवार निकाय, बर्ष अनुसार ....... ३५
चित्र ५.८.४ः *Q-E12d.* स्वास्थ्य सेवाको गुणस्तरमा परिवर्तन, बर्ष अनुसार ....... ३७
चित्र ५.९.१ *Q- E13a* सडकको गुणस्तरप्रतिको दृष्टिकोण, बर्ष अनुसार ....... ३७
चित्र ५.९.२ *Q-E13b.* सडक मर्मतसम्भारको लागि जिम्मेवार निकाय, बर्ष अनुसार ....... ३८
चित्र ५.९.३ *Q-E13c.* गाउँपालिका/नगरपालिकामा रहेको सडकको गुणस्तरमा भएको परिवर्तन, बर्ष अनुसार ....... ३९
चित्र ५.९.४ *Q-E13f.* सडक सेवाको गुणस्तर सुधारका लागि सुझाव ....... ४२
चित्र ५.१२.१ *Q-E18.* स्थानीय सरकारको विकास परियोजनाहरु बारे जानकार, बर्ष अनुसार ....... ४३
चित्र ५.१२.२ *Q-E19.* स्थानीय सरकारले प्राथमिकतामा राख्नुपर्ने सेवाहरु, बर्ष अनुसार ....... ४४
चित्र ५.१२.३ *Q-E23.* स्थानीय विकास योजनाहरूको तयारी/कार्यान्वयन प्रक्रियामा सहभागीता, बर्ष अनुसार ....... ४५
चित्र ५.१४.१ *Q-F1A.* जनताका आवश्यकताहरु प्रति स्थानीय सरकारको तदारूकता प्रतिको धारणा, बर्ष अनुसार ....... ४६
चित्र ५.१४.२ *Q-E13g.* स्थानीय सरकारले प्रदान गरेका सेवाहरु प्रतिको सन्तुष्टि, बर्ष अनुसार ....... ४७
चित्र ५.१४.३ *Q-E10H_a,b,c.* शिक्षा, स्वास्थ्य र सडक सम्बन्धी सेवाहरूप्रतिको औसत सन्तुष्टि, बर्ष अनुसार ....... ४९
चित्र ६.१.१ *Q-G1.* शहरी/ग्रामीण नगरपालिकाको आर्थिक अवस्था प्रतिको धारणा, बर्ष अनुसार ....... ५१
चित्र ६.२.१ *Q-G4.* औसत मासिक घरायसी आम्दानी, बर्ष अनुसार ....... ५२
चित्र ६.२.२ *Q-G5.* घरपरिवारको आम्दानीमा आएको परिवर्तन, बर्ष अनुसार ....... ५२
चित्र ६.२.३ *Q-G6C.* व्यक्तिगत आय, सन् २०२२ ....... ५२
चित्र ६.३.१ *Q-G12.* वैदेशिक रोजगारको अवस्था, वर्ष अनुसार ....... ५३
चित्र ६.३.२ *Q-G12.4.* वैदेशिक रोजगारीमा जान प्रोत्साहित गर्ने, बर्ष अनुसार ....... ५४
चित्र ६.३.३ *Q-G14A.* रेमिट्यान्स (विप्रेषण)मा परिवर्तन, बर्ष अनुसार ....... ५५
चित्र ६.३.४ *Q-G14A.* रेमिट्यान्सको प्रयोग, बर्ष अनुसार ....... ५६
चित्र ६.४.१ *Q-G21.a.* बीमाको बारेमा चेतना, बर्ष अनुसार ....... ५६
चित्र ६.५.१ *Q-G23a / Q-G23b.* स्थानीय क्षेत्रमा रोजगारी र आयआर्जनका अवसरहरु, बर्ष अनुसार ....... ५८
चित्र ६.६.१ *Q-H5.* स्थानीय सरकारका गतिविधिहरूको जानकारीको स्रोत, बर्ष अनुसार ....... ५९
चित्र ६.६.२ *Q-H6.* स्थानीय पालिकाले सार्वजनिक गर्नुपर्ने सूचनाका प्रकारहरू ....... ६०
चित्र ७.१.१ *Q-I3.* कोरोना महामारी व्यवस्थापनमा सरकारको भूमिका ....... ६१
चित्र ७.१.२ *Q-I6.* कोरोना महामारीबाट सृजित सामाजिक-आर्थिक अवस्थाको पुनरूत्थानको लागि सरकारको अपेक्षित कार्य ....... ६३

# तालिकासुची

तालिका २.७.१ *Q-B7.* घरपरिवारको अवस्था, बर्ष अनुसार ....... १३
तालिका २.८.१ *Q-B8.* पैसा अभावको कारण घरायसी अनुभव,, बर्ष अनुसार ....... १४
तालिका ३.१.१ *Q-C3A–R.* हिंसा र अपराधको अनुभव, बर्ष अनुसार ....... १५
तालिका ४.१.१ *Q-D1.* भौगोलिक क्षेत्र अनुसार मातृभाषा ....... १८
तालिका ४.२.१. *Q-D2a-e.* नेपालीबाहेक अन्य भाषा आफ्नो *(PLEASE CHANGE to THIS)* मातृभाषा भएको कारण असुविधाको महसुस, बर्ष अनुसार ....... १९
तालिका ४.३.१ *Q-D3a-e.* जात/जातीयताको कारणले भएको असुविधा, बर्ष अनुसार ....... २०
तालिका ४.४.१ *Q-D4a–g.* महिला वा यौनिक तथा लैङ्गिक अल्पसंख्यक भएकै कारण असुविधा, बर्ष अनुसार ....... २०
तालिका ४.६.१ *Q-D10a–m.* लैङ्गिक भूमिका र लैङ्गिक समानता सम्बन्धी धारणा, बर्ष अनुसार ....... २२
तालिका ४.७.१ *Q-D11a-l.* विभिन्न संस्था/संस्थाहरूमा स्वीकार्य नेतृत्वदायी पदबारे धारणा, बर्ष अनुसार ....... २३
तालिका ५.२.१ *Q-E8a.1- E8a.10.* सामाजिक सुरक्षा कार्यक्रमबारे जानकारी भएका र त्यसको लाभ प्राप्त गर्ने संख्या, बर्ष अनुसार ....... २६
तालिका ५.३.१ *Q-E9a-v.* संस्थाहरूप्रति विश्वास, बर्ष अनुसार ....... २७
तालिका ५.५.१ *Q-E10a-E10p.* स्थानीय सरकारबाट प्राप्त सेवाहरु र सो सेवाहरु लिंदाको अनुभव, बर्ष अनुसार ....... ३०
तालिका ५.६.१ *Q-E11.* सरकारी वा निजी विद्यालयमा बालबालिका भर्ना, वर्ष अनुसार ....... ३१
तालिका ५.६.२ *Q-E11c / Q-E11Aiii.* शिक्षाको गुणस्तर कायम गर्ने जिम्मेवार निकाय, बर्ष अनुसार ....... ३२
तालिका ५.६.३ *Q-E11g.* विद्यालयको शैक्षिक गुणस्तर सुधार्न सुझाव, बर्ष अनुसार ....... ३२
तालिका ५.१०.१ *Q-E15Ai-Mi.* हालको कर प्रतिको दृष्टिकोण, बर्ष अनुसार ....... ४०
तालिका ५.१०.२ *Q-E16Ai-iv.* करप्रतिको दृष्टिकोण, बर्ष अनुसार ....... ४१
तालिका ६.३.१: *Q-G13.* रेमिट्यान्स (विप्रेशण) पाउने संख्या, बर्ष अनुसार ....... ५४
तालिका ६.४.१ *Q-G21B.A1-H1.* विभिन्न प्रकारका बिमाबारे सचेतना र स्वामित्व, बर्ष अनुसार ....... ५७
तालिका ७.१.१ *Q-I4.A-H.* कोरोना संक्रमण कम गर्न र यसलाई फैलिन नदिन सरकारले गरेका प्रयासलाई मुल्यांकन ....... ६२

# १. परिचय

नेपाली जनमत सर्वेक्षण २०२२, नेपालको सातै प्रदेशका ५ सय ८८ वडाबाट प्रतिनिधिमूलक रूपमा छानिएका ७ हजार ५६ जना नेपालीजनमा गरिएको सर्वेक्षण हो । प्रस्तुत प्रतिवेदन चाहिं सुदूरपश्चिम प्रदेश भित्रका ८४ वडा बाट प्रतिनिधिमूलक रूपमा छानिएका १ हजार ८ जनामा गरिएको मत सर्वेक्षणको संक्षिप्त विवरण हो । यस प्रतिवेदनमा प्रस्तुत नतिजाहरूले देशको समग्र दिशा, घरपरिवारको अवस्था, स्थानीय अवस्था, सुरक्षा, पहिचान र सामाजिक सम्बन्ध, सुशासन, सार्वजनिक सेवा प्रवाह, निर्वाचन, राजनीतिक सहभागीता, आर्थिक दृष्टिकोण र कोभिड-१९ ले सामाजिक-आर्थिक अवस्थामा पारेको प्रभावका बारेमा सुदूरपश्चिम प्रदेशको नेपालीजनका धारणा प्रस्तुत गर्दछ ।

यो सर्वेक्षण श्रृङ्खला पहिलो पटक स्थानीय तहको निर्वाचन भए लगतै सन् २०१७ मा शुरू गरिएको थियो । त्यसपछिका सर्वेक्षणहरु सन् २०१८ र सन् २०२० मा सम्पन्न गरिएका थिए । सन् २०२० मा सम्पन्न सर्वेक्षणले कोभिड-१९ को सुरूवात हुनुअघिको अवस्थालाई समेटेको थियो भने सन् २०२२ को यो श्रृङ्खलाले कोभिड-१९ ले देशमा पारेको सामाजिक-आर्थिक प्रभावबारे नेपालीजनका विचार प्रस्तुत गरेको छ । यस सर्वेक्षणको तथ्याङ्क संकलन कार्य मे १३, २०२२ मा सम्पन्न भएको दोस्रो स्थानीय निर्वाचनपछि सन् २०२२ अगष्टमा गरिएको थियो । त्यसकारण यो सर्वेक्षणका निष्कर्षहरूलाई देशको संघीय, प्रादेशिक र स्थानीय सरकारका पाँच वर्षको अवधिलाई नेपाली जनताले कसरी मुल्यांकन गरेका रहेछन् भनेर तीनै तहका सरकारको रिपोर्ट कार्डको रूपमा पनि लिन सकिन्छ ।

नेपाली जनमत सर्वेक्षण, २०२० यता नेपाल लगायत विश्वव्यापी रूपमा महत्त्वपूर्ण घटनाहरु घटेका छन् । नेपालमा संसद विघटन भयो र सर्वोच्च अदालतको आदेशपछि पुनःस्थापना पनि भयो । यसको साथै देशमा नयाँ चुनावी गठबन्धन बन्यो, प्रधानन्यायाधीश विरूद्धको महाभियोग प्रस्ताव आयो, भ्रष्टाचार काण्डका श्रृङ्खला देखा परे, राष्ट्रव्यापी रूपमा कोभिड-१९ ले निम्त्याएको बन्दाबन्दी भोग्नुपर्यो, आपूर्तिमा अवरोध आयो र विश्वव्यापी आर्थिक मन्दी र रूस-युक्रेन युद्धका कारण मुद्रास्फीति बढ्न गयो । यी घटनाहरूले नेपालको विकासको गति र नागरिकहरूको दैनिक जीवनमा ठूलो प्रभाव पारेका थिए, जुन कुरा सर्वेक्षणको निष्कर्षमा पनि झल्किएको छ । यद्यपि, सर्वेक्षणका निष्कर्षहरूले भने नमूना छनौटमा परेका नागरिकहरूले तथ्याङ्क सङ्कलनको समयमा व्यक्त गरेको विचारलाई मात्र प्रतिबिम्बित गर्दछ ।

नेकपा एमालेका अध्यक्ष एवं संसदीय दलका नेता केपी ओलीको नेतृत्वको संघीय सरकार विघटन, एमालेको विभाजनपछि माधवकुमार नेपालको नेतृत्वको नेकपा (एकीकृत समाजवादी) गठन, एमाले र नेकपा माओवादी केन्द्रको पुनरूत्थानले त्यसको असर सुदूरपश्चिम प्रदेशमा पर्यो । माओवादी केन्द्रबाट त्रिलोचन भट्टको नेतृत्वमै प्रदेश सरकार फेरी गठन भयो, जसमा कांग्रेस र एकीकृत समाजवादी सम्मिलित भए एमाले बाहिरियो । यसरी गठबन्धन फेरिएता पनि यो प्रदेशमा पूरै कार्यकाल एउटै मुख्यमन्त्रीले शासन गरे । घोषणा भए अनुसार नै मे १३, २०२३ मा भएको स्थानीय निर्वाचन र त्यसको परिणामले यो प्रदेशको जनमतलाई असर गरेको देखिन्छ ।

यसअघिका सर्वेक्षणहरूले संघीय संरचना र स्थानीय सरकारको कार्यशैली लगायत मुलुकको समग्र दिशाप्रति आशावादी रहेको धारणा राख्नेहरूको अनुपात स्थिर रहेको देखाएको थियो । विगतका सर्वेक्षणको विपरीत, यस बर्षको सुदूरपश्चिम प्रदेशको सर्वेक्षणको नतिजाले भने देशको समग्र दिशा, आर्थिक अवस्था र राजनीतिक सहभागीता र सुशासन सम्बन्धमा नेपालीजन कम आशावादी रहेको देखाएको छ ।

सुदूरपश्चिम प्रदेशमा बसोबास गर्ने ४२.५% नेपालीजनमा मात्रै देश सही दिशामा बढेको छ भनेर विश्वास रहेको छ । कोभिड-१९ ले देश र व्यक्तिगत घरपरिवारमा पारेको सामाजिक आर्थिक प्रभाव सर्वेक्षणको नतिजामा प्रस्ट देखिएको छ । त्यसैले नेपालीजनले सुधारिएको स्वास्थ्य सेवा, नगद योजना, रोजगारीका अवसर र बालबालिकाका लागि शैक्षिक सहयोग मार्फत पुन:स्थापनाको लागि सरकारबाट सहयोगको अपेक्षा गरेका छन् ।

सुदूरपश्चिम प्रदेशका थोरै नेपालीहरूले आफ्नो घरायसी आर्थिक अवस्था अघिल्लो बर्षको तुलनामा राम्रो रहेको बताएका छन् । सुदूरपश्चिम प्रदेश मा सन् २०२२ मा बढ्दो भ्रष्टाचार, मुद्रास्फीति, खस्किँदै गएको आर्थिक अवस्था र रोजगारी पाउन कठिनाई सबैभन्दा बढी उल्लेख गरिएका जल्दोबल्दो समस्याको रूपमा देखापरेका छन् । राजनीतिक दलहरु सबैभन्दा कम विश्वास गरीएको संस्थाको रूपमा देखिएका छन् । सुदूरपश्चिम प्रदेशमा आर्थिक गतिविधिप्रति सकारात्मक दृस्टीकोण राख्नेहरूको अनुपात सन् २०२० मा ५३% रहेकोमा यस सर्वेक्षणमा २२.६% मा झरेको छ ।

यो प्रदेशमा देशको समग्र दिशाप्रति आशावादी हुनेहरूको अनुपात न्यून रहनुका बावजुद स्थानीय क्षेत्र र स्थानीय सरकारप्रति जनताको अनुकूल धारणा रहेको सर्वेक्षण तथ्याङ्कले संकेत गरेको छ । सन् २०२० को तुलनामा स्थानीय अवस्था सुधार भइरहेको छ भनी विश्वास गर्नेहरूको प्रतिशतमा थोरै कमी आएता पनि देशको समग्र दिशाको दृष्टिकोणको तुलनामा यो सङ्ख्या अझै दोब्बरभन्दा बढी छ । संघीय र प्रादेशिक सरकारको तुलनामा स्थानीय सरकारको विश्वास बढ्दै गएको छ । त्यसैगरी, स्थानीय सरकारले प्रदान गर्ने सेवाप्रतिको सन्तुष्टि ६१.२% रहेको पाईन्छ ।सुदूरपश्चिम प्रदेशमा स्थानीय सरकारबाट सेवा लिन सहज ठान्ने उत्तरदाताहरूको हिस्सा बढेको छ । कोभिड-१९ को व्यवस्थापनका लागि स्थानीय सरकारहरूले प्रभावकारी भुमिका खेलेको कुरा धेरैले उल्लेख गरेका छन् । करीब दुई तिहाई उत्तरदाताहरूले स्थानीय सरकारको भुमिका गत बर्षको तुलनामा उस्तै रहेको बताएका छन् । स्थानीय शासन प्रक्रियामा जनचेतना र सहभागीताको स्तर भने न्यून रहेको छ । लिंग, जात/जाति र नेपालीबाहेक अन्य मातृभाषाका कारण सार्वजनिक सेवाहरु प्राप्त गर्दा र आफ्नो कार्यस्थलमा कार्य गर्दा अप्ठ्यारो महसुस गर्नेहरूको संख्या पछिल्ला केही बर्षहरूमा कमी हुँदै आएको देखिएको छ । आय, हिङ्कुल र निर्णय प्रकृयामा महिलाको नियन्त्रण हुनुपर्छ भन्ने सन्दर्भमा पनि अनुकूल विचार राख्नेहरूको अनुपातमा वृद्धि भएको पाइएको छ ।

जातीय, लिङ्ग, शिक्षा र भौगोलिक स्थान जस्ता कुराले उत्तरदाताहरूको मतमा आउने भिन्नताहरु सर्वेक्षणको निष्कर्षमा प्रस्ट रूपमा देखिन्छन् । राष्ट्रिय प्रतिवेदनले मुख्य निष्कर्षहरु र चरहरूबीच महत्वपूर्ण भिन्नताहरूलाई मात्र प्रस्तुत गरेको छ, यस सुदूरपश्चिम प्रदेशको संक्षिप्त प्रतिवेदनले विशेषगरी यस प्रदेशको प्रादेशिक भिन्नताहरूलाई केही विस्तारमा प्रस्तुत गरेको छ । यो प्रादेशिक संक्षिप्त प्रतिवेदनले निम्न छ वटा बृहत् विषयमा मुख्य निष्कर्षहरु प्रस्तुत गर्दछः

जनताको दृष्टिकोण र राष्ट्रिय भावनाः देशको सामान्य दिशाप्रति नेपालीजनको दृष्टिकोण, उनीहरु बसेको क्षेत्रको अवस्था र घरपरिवारको अवस्थामा; के सुधार भयो र के समस्याहरु अझै बाँकी छन् ।

**सुरक्षा र विवाद समाधानः** नेपालीजनको सुरक्षाको भावना, अपराध र हिंसाको अनुभव, विवाद समाधानका लागि प्राथमिकताका निकाय र तिनले न्याय प्रदान गर्दछन् भन्ने जनविश्वासको स्तर ।

**पहिचानः** भाषिक, जातिय र लैंगिक पहिचानले भेदभाव, सामाजिक मूल्य-मान्यताहरु र नेतृत्वसम्बन्धी धारणा ।

**सुशासन र राजनीतिक सहभागीताः** स्थानीय स्तरको पुनर्संरचनामा संस्थाहरूप्रतिको विश्वास; सरकारी सेवाहरु र सार्वजनिक सेवा प्रवाह र तिनको गुणस्तर (शिक्षा, स्वास्थ्य सेवा र सडक) बारे चेतना; स्थानीय चुनाव र करसम्बन्धी धारणा ।

**आर्थिक दृष्टिकोण र सूचनामा पहुँचः** स्थानीय आर्थिक अवस्था, घरायसी आम्दानी, आप्रवास र विप्रेषण, सचेतना र बीमामा पहुँच, र सूचना र जानकारीको लागी रूचाइएका स्रोतहरु सम्बन्धी विचार ।


**कोभिड-१९ को प्रभावः** कोभिड-१९ व्यवस्थापन गर्न सरकारले निर्वाह गरेको भूमिका, सामना गर्ने रणनीतिहरु र सामाजिक-आर्थिक सुधारका लागि गर्नुपर्ने आवश्यक कार्य ।

# २. देशको समग्र अवस्थाप्रतिको सुदूरपश्चिमको दृष्टिकोण

## २.१ देशको अवस्था

सन् २०२२ को सर्वेक्षणमा सुदूरपश्चिम प्रदेशको तथ्याङ्कले यहाँका उत्तरदाताहरु देश सही दिशामा बढेको कुरामा कम आशावादी रहेको र धेरै जसो ले देश गलत दिशातिर गएको बताएका छन् । सुदूरपश्चिम प्रदेशको आधाभन्दा बढी (५२.३%) उत्तरदाताहरूले देश गलत दिशामा गइरहेको धारणा राखेका छन् । देशभरका करीब दशमध्ये चार (४१.७%) र सुदूरपश्चिम प्रदेशका ४६.९% उत्तरदाताहरूले देश सही दिशामा बढेको विश्वास गरेका छन् ।

सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरु देशको वर्तमान अवस्थाप्रति सन् २०१७, सन् २०१८ र सन् २०२० को सर्वेक्षणको तुलनामा सन् २०२२ मा बढी निराशावादी रहेको तथ्याङ्कले देखाउँछ । देश सही दिशामा बढेको कुरामा आशावादी हुनेहरूको हिस्सामा उल्लेख्य कमी आएको देखिएको छ । अघिल्ला तीन सर्वेक्षणमा आधाभन्दा बढी उत्तरदाताहरु देश सही दिशामा बढेकोमा आशावादी देखिएता पनि सन् २०२० को तुलनामा सन् २०२२ मा देश सही दिशातर्फ उन्मुख रहेको उल्लेख गर्नेहरूको अनुपातमा २८.५% अंकले कमी आएको छ । त्यसैगरी, राष्ट्रव्यापी तथ्यांक हेर्दा देश सही दिशामा बढेको विश्वास गर्ने उत्तरदाताहरूको हिस्सामा उल्लेख्य गिरावट आएको छ । देशको दिशाको बारेमा निराशावादी धारणा राख्ने उत्तरदाताहरूको हिस्सा सन् २०२० को तुलनामा सन् २०२२ मा दुई गुणाले भन्दा पनि बढी रहेको छ (सन् २०२० मा रहेको २०.७% बाट बृद्धी भई सन् २०२२ मा ५२.३%) ।





*चित्र २.१.१: Q-B1a. देशको समग्र (सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, भौतिक) अवस्थालाई विचार गर्दा तपाईंलाई देश सहि दिशातिर गइरहेको जस्तो लाग्छ छ कि, गलत दिशातिर गइरहेको जस्तो लाग्छ ? (संख्या = १००८)*

जनसांख्यिकीय विशेषताका आधारमा पनि देशको अवस्थाका बारेमा उत्तरदाताहरूको दृष्टिकोण फरक/फरक रहेको देखिन्छ । उदाहरणका लागि, ५५ र माथि उमेर समूहका (४४.९%) उत्तरदाताहरु भन्दा १८-२४ उमेर समूहका बढी (५३.६%) युवा उत्तरदाताहरु देशको अवस्था प्रति सकारात्मक देखिन्छन् । यसैबीच, औपचारिक शिक्षा हासिल नगरेका (५४.९%) उत्तरदाताहरु भन्दा उच्च स्तरको शिक्षा (स्नातक र माथिको डिग्री) हासिल गरेका कम (३६.८%) उत्तरदाताहरु देश सहि दिशातिर गइरहेकोमा आशावादी रहेको पाइएको छ । त्यसैगरी, शहरी नगरपालिकाका (४०.७%) उत्तरदाताहरु भन्दा गाउँपालिकामा बसोबास गर्ने बढी (५६.८%) उत्तरदाताहरु देश सहि दिशातिर गइरहेकोमा आशावादी रहेका छन् । सुदूरपश्चिम प्रदेशमा हिमाली क्षेत्र (६९%) र पहाडी क्षेत्र (५८.१%) मा बसोबास गर्नेहरु भन्दा तराई क्षेत्रमा बसोबास गर्ने कम (२८.२%) उत्तरदाताहरु देश सहि दिशातिर गइरहेकोमा आशावादी रहेका छन् ।

पहाडी आदिवासी/जनजाति समुदायका (४७.४%) र पहाडी दलित समुदायका (५७.९%) उत्तरदाताहरूको तुलनामा मधेसी (आदिवासी/जनजाति) समुदायका कम (३१.६%) उत्तरदाताहरूले देश सही दिशामा अघि बढिरहेको धारणा व्यक्त गरेका छन् । पहाडी जाति समुदायका (४७.५%) र पहाडी आदिवासी/जनजाति समुदायका (४७.४%) उत्तरदाताहरूले देशको दिशाका बारेमा सकारात्मक धारणा व्यक्त गरेका छन् जुन प्रदेशको औसत (४७%) संग मिल्दोजुल्दो छ । ६७.५% मधेसी (आदिवासी/जनजाति) समुदायका उत्तरदाताहरु, पहाडी आदिवासी/जनजाति समुदायका ५२.६% उत्तरदाताहरु, र पहाडी जातिका समुदायका ५२.२% उत्तरदाताहरु देश सही दिशामा बढिरहेको कुरामा नकारात्मक रहेको देखिन्छ ।

सर्वेक्षणमा उत्तरदाताहरूलाई देशको समग्र अवस्थाको साथै सामाजिक, आर्थिक, राजनीतिक, संस्कृतिक र भौतिक स्थितिबारे पनि आफ्नो विचार राख्न भनिएको थियो । सुदूरपश्चिम प्रदेशमा सन् २०२० को तुलनामा सन् २०२२ मा कम उत्तरदाताहरु देशको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र भौतिक पूर्वाधार क्षेत्रहरु सही दिशातिर जाँदैछ भनेर सकारात्मक देखिएका छन् (चित्र २.१.२) । सन् २०२२ मा सुदूरपश्चिम प्रदेशका करीब दुई तिहाई (६९.४%) उत्तरदाताहरूले देशको सांस्कृतिक, सामाजिक (६६%) र भौतिक पूर्वाधार (६६.८%) अवस्था सही दिशातिर जाँदैछ भनेर विश्वास गरेका छन् भने थोरै (३९.९%) उत्तरदाताहरूले देशको अर्थतन्त्र र ३५% उत्तरदाताहरूले राजनीतिक क्षेत्र सही दिशामा अघि बढेको धारणा व्यक्त गरेका छन् ।

**देशको सामाजिक, आर्थिक, राजनीतिक, संस्कृतिक र भौतिक (पूर्वाधार) अवस्थाः बर्ष अनुसार**





*चित्र २.१.२: Q-B1b-f. देशको सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, भौतिक अवस्था विचार गर्दा तपाईंलाई देश सही दिशातिर गइरहेको कि गलत दिशातिर गइरहेको जस्तो लाग्छ ? (संख्या = १००८)*

## २.२ आशावादी हुनुका कारणहरू

देश सही दिशामा बढेको विश्वास गर्ने सुदूरपश्चिम प्रदेशका ४६.९% उत्तरदाताहरूलाई त्यसको आधार के के हुनभनी सोधिएको थियो । जवाफमा, धेरैजसो (५३.७%) उत्तरदाताहरूले सडक अवस्था राम्रो हुनु, शिक्षामा पहुँच वृद्धि हुनु (२४.३%), विद्युत् आपूर्तिमा सुधार हुनु (२०.३%), स्वास्थ्य सेवामा पहुँच वृद्धि हुनु (१७.१%), खानेपानी सेवा/सुविधामा सुधार हुनु (१३%) र देशका सामाजिक पक्षहरु राम्रो हुनु (१०.२%) नै देशको समग्र दिशामा आशावादी हुनुका मुख्य कारण रहेको बताएका छन् ।

सर्वेक्षणका चारवटै संस्करणमा सन् २०१७, सन् २०१८, सन् २०२०, र सन् २०२२ मा हेर्ने हो भने, सुदूरपश्चिम प्रदेशका जनताको देशको समग्र दिशा प्रति आशावादी हुने कारणहरु समयसँगै परिवर्तन भएको देखिन्छ । सर्वेक्षणका चारवटै संस्करणमा बाटोघाटोको अवस्था सुधार हुनुलाई सबैभन्दा बढी आशावादी हुने कारणको रूपमा उल्लेख गरिएको छ । यद्यपि, उत्तरदाताहरूको यो हिस्सा सन् २०१७ मा रहेको २०.५% बाट बृद्धी भई सन् २०१८ मा ५८.३% पुगेको र त्यसपछि सन् २०२० मा उत्तरदाताहरूको उक्त हिस्सामा केहि गिरावट आई ३४.९% पुगेको मा सन् २०२२ मा भने १८.८% अंकले बृद्धी भई ५३.७% पुगेको छ । त्यसैगरी, अन्य चार प्रमुख कारणहरूमा शिक्षाको पहुँचमा वृद्धि हुनु (सन् २०१७ मा ८.६% बाट सन् २०२२ मा २४.३%), बिजुलीको आपूर्तिमा सुधार हुनु (सन् २०१७ मा ९.५% बाट सन् २०२२ मा २०.३%), स्वास्थ्य सेवाहरूको पहुँचमा वृद्धि हुनु (सन् २०१७ मा रहेको ३% बाट सन् २०१८ मा ४.६% र सन् २०२० मा रहेको ५.१% बाट सन् २०२२ मा १७.१%), खानेपानी सेवा/सुविधामा सुधार हुनु (सन् २०१७ मा रहेको ४% बाट सन् २०२२ मा १३%) रहेका छन् । यसको विपरीत, नयाँ संविधानले सकारात्मक परिवर्तन ल्याएको, मुलुकको आर्थिक स्थितिमा सुधार आएको, स्थानीय निर्वाचनले सकारात्मक परिवर्तन ल्याएको उल्लेख गर्नेहरूको हिस्सा सन् २०१७ को तुलनामा सन् २०२२ मा उल्लेख्य रूपमा घटेको छ ।

**आशावादी हुनुका कारणहरू, बर्ष अनुसार**




*चित्र २.२.१: Q-B2. [यदि Q-B1 मा "देश समग्रमा सही दिशातिर गइरहेको छ" भन्ने जवाफ आएमा] तपाईलाई देश समग्रमा सही दिशातिर गए जस्तो किन लाग्छ ? (संख्या = ४७२)[1]*

## २.३ समस्या र चुनौतीहरू


सर्वेक्षणको क्रममा देशले हाल भोगिरहेका समस्या तथा चुनौतीहरु के के हुन् सक्छन् भनी जान्न सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूलाई केही प्रश्नहरु सोधिएको थियो । सन् २०२२ मा सुदूरपश्चिम प्रदेशका करीब दशमध्ये चार (४०.१%) उत्तरदाताहरूले भ्रष्टाचार बढ्नुलाई देशले हाल भोगिरहेको प्रमुख समस्याको रूपमा उल्लेख गरेका छन् । उत्तरदाताहरूले

---

१ सन् २०१७ र सन् २०१८ मा उत्तरदाताहरूलाई आशावादी हुनुका प्रमुख दुई कारणहरु उल्लेख गर्न भनिएको थियो । तर, सन् २०२० र सन् २०२२ मा उत्तरदाताहरूलाई धेरै कारणहरु उल्लेख गर्न अनुमति दिइएको थियो । विभिन्न सर्वेक्षणहरूमा उत्तरदाताहरू आशावादी हुनुको कारण सही तरिकाले तुलना गर्न, सन् २०२० र सन् २०२२ मा पनि उत्तरदाताहरूको पहिलो दुई प्रतिक्रियाहरु लिएर विश्लेषण गरिएको थियो ।

सर्वेक्षण बर्ष सन् २०१७ र सन् २०१८ मा जीविकोपार्जन गर्न र रोजगारी पाउन कठिनाइलाई देशको प्रमुख समस्याका रूपमा उल्लेख गरेता पनि सन् २०२० र सन् २०२२ मा बढ्दो भ्रष्टाचार र जबरजस्ती चन्दा असूलीलाई प्रमुख समस्याको रूपमा उल्लेख गर्नेहरूको अनुपात तीव्र रूपमा बढेको देख्न सकिन्छ । देशमा भ्रष्टाचार बढेको उल्लेख गर्नेहरूको संख्या समयसँगै बढ्दै गएको देखिन्छ । सन् २०१७ मा ५.९%, सन् २०१८ मा १३.८% र सन् २०२० मा ३४.२% उत्तरदाताहरूले भ्रष्टाचारलाई प्रमुख समस्याको रूपमा उल्लेख गरेका थिए । त्यस्तै उत्तरदाताहरूको सबैभन्दा बढी हिस्सा (३८.२%) ले सन् २०१७ मा र ५२% ले सन् २०१८ मा जिविकोपार्जन गर्न र काम पाउन गाह्रोलाई देशले हाल भोगिरहेको प्रमुख समस्याको रूपमा उल्लेख गरेको भएता पनि उत्तरदाताहरूको यो हिस्सा सन् २०२० घटेर २१.५% र सन् २०२२ मा २३.५% पुगेको छ । त्यसैगरी देशको बिग्रँदै गएको आर्थिक अवस्था उल्लेख गर्ने उत्तरदाताहरूको प्रतिशतमा निरन्तर वृद्धि भएको छ (सन् २०१८ मा ८.३%, सन् २०२० मा १३.५% र सन् २०२२ मा १७.९%) । यसैगरी सन् २०२२ मा अन्य उद्धृत मुख्य समस्याहरूमा अत्यावश्यक वस्तुहरूको मूल्यवृद्धि (१७.३%), सडकको अवस्था खराब (१४.६%) र शिक्षाको पहुँचमा सीमित (१२.३%) रहेको छन् । अत्यावश्यक वस्तुको मूल्य बढेको उल्लेख गर्ने उत्तरदाताहरूको अंश सन् २०२० मा रहेको २९.८% को तुलनामा सन् २०२२ मा १२.५% अंकले घटेको छ ।

**समग्र नेपालले सामना गर्नुपरेको सबैभन्दा ठूलो समस्या, बर्ष अनुसार**





*चित्र २.३.१: Q-B3. तपाईलाई अहिले देशले भोगिरहेको प्रमुख समस्याहरु के के हुन् जस्तो लाग्छ ? (संख्या = १००८)*[२]

## २.४ स्थानीय क्षेत्रको अवस्था

सर्वेक्षणमा सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूलाई उनीहरूको स्थानीय क्षेत्र (जहाँ उनीहरु धेरैजसो बस्छन् र काम गर्छन) को अवस्था सुध्रिएको छ वा बिग्रँदै गईरहेको छ भनी प्रश्न सोधिएको थियो । सुदूरपश्चिम प्रदेशमा बसोबास गर्ने दशमध्ये करीब सात जना (७२.८%) ले सन् २०२२ मा आफ्नो स्थानीय क्षेत्रको समग्र अवस्थाप्रति आशावादी रहेको जनाएका छन् भने २६.६% उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रको समग्र अवस्था बिग्रँदै गईरहेको बताएका छन् ।

आफ्नो स्थानीय क्षेत्रको अवस्था सुधार हुँदै गएको उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सा सन् २०१७ देखि निरन्तर बढ्दै गएको (सन् २०१७ मा ६५.१%, सन् २०१८ मा ७२.१% र सन् २०२० मा ८३.२%) मा सन् २०२२ भने उत्तरदाताहरूको यो हिस्सामा १०.४% अंकले गिरावटआई ७२.८% मा झरेको छ । अर्कोतर्फ, आफ्नो स्थानीय ठाउँको अवस्था बिग्रँदै गएको उल्लेख गर्ने उत्तरदाताहरूको संख्या सन् २०२० मा रहेको १६.१% बाट बढेर सन् २०२२ मा २६.६% पुगेको छ ।

२ सन् २०१७ र सन् २०१८ मा उत्तरदाताहरूलाई देशले हाल भोगिरहेका प्रमुख दुई समस्या तथा चुनौती के-के हुन् उल्लेख गर्न भनिएको थियो तर सन् २०२० र सन् २०२२ मा उत्तरदाताहरूलाई देशले हाल भोगिरहेका समस्या तथा चुनौतीका धेरै कारणहरु उल्लेख गर्न अनुमति दिइएको थियो । विभिन्न सर्वेक्षणहरुमा देशले हाल भोगिरहेका समस्या तथा चुनौती के-के हुन् भने प्रमुख कारणहरु सही तरिकाले तुलना गर्नको लागि सन् २०२० र सन् २०२२ मा पनि उत्तरदाताहरूको पहिलो दुई प्रतिक्रियाहरु लिएर विश्लेषण गरिएको थियो ।




*चित्र २.४.१: Q-B4a. समग्रमा, यहाँको स्थानीय ठाउँको (गाउँपालिका/नगरपालिका) अवस्था कस्तो लाग्छ ?*
*[सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, भौतिक पूर्वाधारको आधारमा] (संख्या = १००८)*

सुदूरपश्चिम प्रदेशका १८–२४ बर्ष उमेर समूहका (७५.८%) उत्तरदाताहरु भन्दा ५५ र माथिका उमेर समूहका कम (७२.१%) उत्तरदाताहरु आफ्नो स्थानीय क्षेत्रको अवस्था प्रती आशावादी रहेका छन् । यसैबीच माध्यमिक तहको शिक्षा हासिल गरेका (६४.७%) उत्तरदाताहरु र एसईई वा समकक्ष तहको शिक्षा हासिल गरेका (६३.८%) उत्तरदाताहरु भन्दा उच्च शिक्षा (स्नातक र सोभन्दा माथि) हासिल गरेका बढी (७६.३%) उत्तरदाताहरु आफ्नो स्थानीय क्षेत्रको अवस्था प्रती आशावादी रहेका छन् ।


त्यसैगरी, गाउँपालिकाहरुमा बसोबास गर्ने (७३.५%) र शहरी नगरपालिकामा बसोबास गर्ने (७२.२%) उत्तरदाताहरु बीच आफ्नो स्थानीय क्षेत्रको अवस्था प्रतीको आशावादीतामा कुनै उल्लेखनीय भिन्नता देखिएन । पहाडी आदिवासी/जनजाति समुदायका (५२.६%) उत्तरदाताहरु भन्दा मधेसी (आदिवासी/जनजाति) समुदायका बढी (६२.३%) उत्तरदाताहरु आफ्नो स्थानीय क्षेत्रको अवस्थामा सुधार भइरहेको कुरामा आशावादी रहेका छन् । आफ्नो स्थानीय क्षेत्रको अवस्थाको सन्दर्भमा पहाडी जाति समुदायका र पहाडी दलित समुदायका (प्रत्येक ७५.४%) उत्तरदाताहरुको आशावादीताको स्तर प्रादेशिक औसत (७२.८%) अनुरुप रहेको छ ।

## २.५ स्थानीय अवस्थामा सुधारका कारणहरु

आफ्नो स्थानीय तहको समग्र अवस्था सुधारोन्मुख रहेको बताउने सुदूरपश्चिम प्रदेशका ७२.८% उत्तरदाताहरुलाई त्यसको कारण खुलाउन आग्रह गरिएको थियो । उत्तरदाताहरुका अनुसार, सडक अवस्थामा सुधार हुनु (६६.२%), खानेपानीको आपूर्तिमा सुधार आउनु (२७%), स्वास्थ्य सेवाको पहुँचमा बृद्धि हुनु (२१.४%), विद्युत् आपूर्तिमा सुधार आउनु (२१.१%) र शिक्षामा पहुँच बढ्नु (१७.७%), जस्ता धारणालाई स्थानीय तहको समग्र अवस्था सुधारोन्मुख हुनुको प्रमुख कारण भनेर उत्तरदाताहरुले उल्लेख गरेका छन् ।

स्थानीय तहको समग्र अवस्था सुधारोन्मुख हुनुको प्रमुख कारण र राष्ट्रिय स्तरमा आशावादी हुनका लागि उल्लेख गरिएका कारणहरु केही हदसम्म आपसमा मिल्दाजुल्दा रहेको देखिन्छ । उदाहरणका लागि, सुदूरपश्चिम प्रदेशका ५३.७% उत्तरदाताहरुले सडक अवस्थामा सुधार हुनुलाई देशको समग्र दिशामा आशावादी हुनुका मुख्य कारण रहेको बताएका छन् भने ६६.२% उत्तरदाताहरुले सडक अवस्थामा सुधार हुनुलाई आफ्नो स्थानीय तहको समग्र अवस्था सुधारोन्मुख रहेको मानेका छन् । अन्य उल्लेख गरिएका केहि कारणहरुमा उतारचढाव रहेता पनि स्वास्थ्य सेवामा पहुँच बढ्नु र शिक्षामा पहुँच बढ्नु उद्गत गर्ने उत्तरदाताहरुको हिस्सा निरन्तर बढ्दै गएको देखिन्छ ।

**स्थानीय अवस्थाहरुमा आशावादी हुने कारणहरु, बर्ष अनुसार**




*चित्र २.५.१: Q-B5. [यदि त(द्वब्बामा "सुध्रिरहेको छ" भन्ने जवाफ आएमा] समग्रमा गएको एक बर्ष र अहिलेको अवस्थालाई तुलना गर्दा तपाई बसेको स्थानीय (गाउँपालिका/नगरपालिका) ठाउँमा के के कुराहरुमा सुधार भएको जस्तो लाग्छ ? (संख्या = ७३४)*[३]


## २.६ स्थानीय क्षेत्रका समस्या तथा चुनौतीहरु

सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूलाई सर्वेक्षणमा आफ्नो स्थानीय तहमा रहेको समस्या र चुनौतीहरूको बारेमा बताउनुस् भनी आग्रह गरिएको थियो । सन् २०२२ को सर्वेक्षणमा उत्तरदाताहरूले व्यक्त गरेका स्थानीय तहका प्रमुख समस्या र चुनौतीहरुमाः  सडकको बिग्रँदो अवस्था, जीविकोपार्जन गर्न र रोजगारी पाउन गाह्रो, खानेपानी सुविधाको पर्याप्त सुधार नभएको, प्राकृतिक प्रकोप, बढ्दो गरिबी र आधारभूत वस्तुको मूल्यवृद्धि रहेका छन् । दशमध्ये करीब तीन (३३.४%) उत्तरदाताहरूले बाटोघाटोको अवस्था बिग्रिएकोलाई आफ्नो स्थानीय तहमा रहेको प्रमुख समस्याको रूपमा उल्लेख गरेका छन् । त्यस्तैगरी १९.१% उत्तरदाताहरूले जीविकोपार्जन गर्न र काम पाउन कठिन भएको र १८.८% ले खानेपानीमा पर्याप्त सुधार नभएको उल्लेख गरेका छन् । यसैगरी, उत्तरदाताहरूको समान हिस्साले बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोप (१७.८%) र बढ्दो गरिबी (१६.५%) लाई आफ्नो स्थानीय तहमा रहेको समस्या र चुनौतीहरूको ठानेका छन् ।

स्थानीय सडकको अवस्था बिग्रिनुलाई प्रमुख समस्याको रूपमा उल्लेख गर्ने उत्तरदाताहरूको प्रतिशतमा सर्वेक्षण बर्षहरूमा उतारचढाव आएको देख्न सकिन्छ । सन् २०१७ मा ४६.९% रहेको उत्तरदाताहरूको हिस्सामा गिरावटआई सन् २०१८ मा १७.६% पुगेको र सन् २०२० मा न्युनतम १०.४% मा पुगी सन् २०२२ मा उक्त हिस्सा ३३.४% कायम रहेको छ । काम गर्न र जागिर पाउन कठिनाईलाई प्रमुख समस्याको रूपमा उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सामा क्रमशः गिरावट आएको छ (सन् २०१८ मा ३३.३%, सन् २०२० मा २३.१% र सन् २०२२ मा १९.१%) । त्यसैगरी, खानेपानी आपूर्ति अपर्याप्त हुनु (सन् २०१७ मा २६.८%, सन् २०१८ मा २८.८% र सन् २०२० मा २५.१% बाट सन् २०२२ मा १८.८%) र आधारभूत सामानको मूल्यवृद्धिमा पनि सन् २०२२ मा केहि गिरावट आएको छ (सन् २०२० मा रहेको २७.२% बाट सन् २०२२ मा १५%) । प्राकृतिक प्रकोपलाई प्रमुख समस्याको रूपमा उल्लेख गर्ने उत्तरदाताहरूको अनुपात, सन् २०१७ मा रहेको ८.८% बाट बृद्धी भई सन् २०२२ मा १७.८% मा पुगेको छ । विगतका बर्षहरुभन्दा फरक, सन् २०२२ मा ४.९% उत्तरदाताहरूले नाली/ढल निकास र ४.४% ले ठोस फोहोरको कमजोर व्यवस्थापनलाई स्थानीय स्तरमा नयाँ चुनौतीका रूपमा उल्लेख गरेका छन् ।

---

३ सन् २०१७ र सन् २०१८ मा उत्तरदाताहरूलाई स्थानीय क्षेत्रमा सुधार हुनुका प्रमुख दुई कारणहरु उल्लेख गर्न भनिएको थियो तर सन् २०२० र सन् २०२२ मा उत्तरदाताहरूलाई स्थानीय क्षेत्रमा सुधार हुनुका धेरै कारणहरु उल्लेख गर्न अनुमति दिइएको थियो । विभिन्न सर्वेक्षणहरुमा स्थानीय क्षेत्रमा सुधार हुनुका प्रमुख कारणहरु सही तरिकाले तुलना गर्नको लागि सन् २०२० र सन् २०२२ मा पनि उत्तरदाताहरूको पहिलो दुई प्रतिक्रियाहरु लिएर विश्लेषण गरिएको थियो।




*चित्र २.६.१: Q-B6. तपाईको विचारमा यहाँका स्थानीय स्तरका प्रमुख समस्याहरु के के हुन् ? (संख्या = १००८)*[४]

भौगोलिक क्षेत्रको आधारमा पनि उत्तरदाताहरूको प्रतिक्रियाहरूमा केही भिन्नताहरु देखिएका छन् । हिमाली क्षेत्रका उत्तरदाताहरूले सडकको अवस्था बिग्रिएको (३६.२%), बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोप (३१.९%), जीविकोपार्जनका गर्न र काम पाउन कठिन (२०.२%) र अत्यावश्यक वस्तुको मूल्यवृद्धि (१५.५%) जस्तालाई स्थानिय क्षेत्रका प्रमुख समस्याको रूपमा चित्रण गरेका छन् भने पहाडी क्षेत्रमा सडकको अवस्था बिग्रिएको (३८.५%), खानेपानी आपूर्ति/असुविधामा (२६.५%), जीविकोपार्जनका गर्न र काम पाउन कठिन (२३.७%) र बाढी/पहिरो जस्ता प्राकृतिक प्रकोपको असर (१८.२%) जस्तालाई स्थानीय क्षेत्रका प्रमुख समस्याको रूपमा चित्रण गरेका छन् । त्यसैगरी, तराईका उत्तरदाताहरूको सबैभन्दा बढी हिस्साले सडकको अवस्था बिग्रिएको (२७.८%), बढ्दो गरिबी (२२.३%), आधारभूत तथा अत्यावश्यक वस्तुको मूल्यवृद्धि (१८.४%), खानेपानीमा पर्याप्त सुधार नभएको (१५.३%), भ्रष्टाचार तुलनात्मक बढेको (१४.९%) र जीविकोपार्जनका गर्न र काम पाउन कठिन (१४.७%) जस्ता समस्याहरूलाई स्थानीय स्तरको नयाँ चुनौतीका रूपमा उल्लेख गरेका छन् ।

## २.७ घरपरिवारको अवस्था

अघिल्ला तीन बर्ष जसरी नै सन् २०२२ को सर्वेक्षणमा पनि उत्तरदाताहरूलाई घरपरिवारको विकासका विभिन्न पक्षहरूको बारेमा प्रश्नहरु सोधिएको थियो । जस अन्तर्गत घरपरिवारको आर्थिक अवस्था, वासस्थानको भौतिक अवस्था, परिवारका सदस्यहरूको शारीरिक तथा स्वास्थ्य अवस्था, समुदायका अन्य मानिसहरूसंगको सम्बन्ध, सरकार र अधिकारीहरूसँगको सम्बन्ध, बिजुलीमा उनीहरूको पहुँच र खानेपानी आपूर्तिमा पहुँच लगायत नौ वटा शीर्षकमा प्रश्नहरु समावेश गरिएको थियो । उत्तरदाताहरूलाई नौ वटा शीर्षकमा आफ्नो राय दिदा एक देखि तीनको स्केलमा एक बर्षको अवधिलाई सम्झेर दिनुहोला भनी भनीएको थियो । । जसमा १ ले "सुध्रिएको", २ ले "उस्तै रहेको" र ३ ले "अघिल्लो बर्ष भन्दा बिग्रिएको" भन्ने जनाउँद थियो (तालिका २.७.१) ।

---

४ सन् २०१७ र सन् २०१८ मा उत्तरदाताहरूलाई स्थानीय क्षेत्रका प्रमुख दुई समस्याहरु उल्लेख गर्न भनिएको थियो तर सन् २०२० र सन् २०२२ मा उत्तरदाताहरूलाई स्थानीय क्षेत्रका धेरै समस्याहरु उल्लेख गर्न अनुमति दिइएको थियो । विभिन्न सर्वेक्षणहरूमा स्थानीय क्षेत्रका प्रमुख समस्याहरु सही तरिकाले तुलना गर्नको लागि, सन् २०२० र सन् २०२२ मा पनि उत्तरदाताहरूको पहिलो दुई प्रतिक्रियाहरु लिएर विश्लेषण गरिएको थियो ।

सन् २०२२ मा सुदूरपश्चिम प्रदेशका अधिकांश उत्तरदाताहरूले आफ्नो घरायसी अवस्था गत वर्षको जस्तै रहेको बताएका छन् । घरपरिवारको अवस्था सुध्रिएको बताउने उत्तरदाताहरूको अनुपात घरपरिवारको अवस्था बिग्रीएको छ भन्नेहरु भन्दा बढीनै रहेको छ । सन् २०२० को तुलनामा सन् २०२२ मा घरपरिवारको अवस्थामा सुधार आएको उल्लेख गर्नेहरूको संख्यामा गिरावट आएको छ । यद्यपि, सन् २०२२ मा आफ्नो घरायसी अवस्था बिग्रीएको छ भन्नेहरूको अनुपातमा भने खासै फरक देखिएको छैन । बिजुलीको पहुँच अघिल्लो बर्ष भन्दा बिग्रिएको छ भन्नेहरूको अनुपातमा वृद्धि भएको छ (सन् २०२० मा रहेको ३.४% मा ५.८% अंकले वृद्धि भई सन् २०२२ मा ९.२% रहेको छ) । त्यसैगरी, आफ्नो परिवारको सदस्यको स्वास्थ्य अवस्था खराब भएको छ भन्नेहरूको अनुपातमा वृद्धि भएको छ (सन् २०२० मा रहेको ९.७% मा ४% अंकले वृद्धि भई सन् २०२२ मा १३.७% रहेको छ) । गत वर्षको तुलनामा आफ्नो घरपरिवारको आर्थिक अवस्था राम्रो भएको उल्लेख गर्ने व्यक्तिहरूको हिस्सा सन् २०२० मा रहेको ३९.१% बाट उल्लेखनीय रूपमा घटेर सन् २०२२ मा २९.२% पुगेको छ ।

सर्वेक्षणमा पहिलो पटक उत्तरदाताहरूलाई बजार र सार्वजनिक यातायातमा उनीहरूको पहुँचबारे सोधिएको थियो। सुदूरपश्चिम प्रदेशका करीब पाँचमध्ये एक (२१.३%) उत्तरदाताले बजारमा राम्रो पहुँच भएको र २३.७% उत्तरदाताहरूले सार्वजनिक यातायातमा राम्रो पहुँच भएको उल्लेख गरेका छन् ।

**घरपरिवारको अवस्था, बर्ष अनुसार**

| | | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|---|
| घरको आर्थिक अवस्था | अफ राम्रो | ३४.८% | २९.५% | ३९.१% | २९.२% |
| | उस्तै | ५५.०% | ६५.८% | ५०.९% | ५९.८% |
| | नराम्रो | १०.१% | ४.८% | १०.०% | १०.९% |
| घर/बासस्थानको भौतिक अवस्था | अफ राम्रो | २५.०% | १५.४% | २८.६% | २७.८% |
| | उस्तै | ६९.६% | ८२.१% | ६६.५% | ६८.९% |
| | नराम्रो | ५.४% | २.५% | ४.९% | ३.२% |
| घर परिवारका सदस्यहरूको स्वास्थ्य अवस्था | अफ राम्रो | ३३.२% | १६.८% | ३५.६% | ३०.३% |
| | उस्तै | ५३.९% | ७२.०% | ५४.७% | ५६.०% |
| | नराम्रो | १२.९% | ११.२% | ९.७% | १३.७% |
| समुदायका अन्य व्यक्तिहरूसँगको सम्बन्ध | अफ राम्रो | ३८.२% | २७.०% | ४४.५% | ४२.२% |
| | उस्तै | ५९.५% | ७१.३% | ५४.९% | ५६.७% |
| | नराम्रो | २.१% | १.७% | ०.६% | १.०% |
| स्थानीय सरकार र अधिकारीहरु संग सम्बन्ध | अफ राम्रो | २४.८% | २४.६% | ३५.८% | ३३.३% |
| | उस्तै | ७०.४% | ६८.७% | ६२.३% | ६४.०% |
| | नराम्रो | १.९% | ६.७% | १.८% | २.७% |
| बिजुलीमा पहुँच | अफ राम्रो | ३५.८% | ३९.०% | ३८.९% | ३४.७% |
| | उस्तै | ४९.७% | ५८.२% | ५७.७% | ५६.१% |
| | नराम्रो | १४.२% | २.८% | ३.४% | ९.२% |
| खानेपानीमा पहुँच | अफ राम्रो | २१.०% | २९.६% | ३१.२% | २६.३% |
| | उस्तै | ५४.८% | ६५.५% | ५८.४% | ५८.७% |
| | नराम्रो | १८.६% | ५.०% | १०.४% | १४.९% |

*तालिका २.७.१: Q-B7. गएको एक बर्ष र अहिलेको अवस्थालाई तुलना गर्दा अहिले निम्नको सन्दर्भमा तपाईँको घरपरिवारको अवस्था कस्तो छ, सुध्रिएको छ, उस्तै छ वा बिग्रिएको छ ? (संख्या = १००८)*

## २.८ घरायसी अनुभवहरू

सर्वेक्षणमा गएको एक बर्षमा पैसा नभएको कारण उत्तरदाताहरूले खान नपाएको, औषधी उपचार गर्न नपाएको अथवा बालबालिकालाई विद्यालय पठाउन नपाएको अवस्था भोग्नुपर्यो भनी सोध्दा सुदूरपश्चिम प्रदेशका बहुसंख्यक उत्तरदाताहरूले यस्तो अवस्था भोग्नु नपरेको बताए । यद्यपि, विगतका बर्षहरूभन्दा यस बर्ष पैसाको अभावका कारणले कहिलेकाहीँ औषधी उपचार गर्न नपाएको (सन् २०२० मा २२.२% बाट सन् २०२२ मा २५.६%), बालबालिकालाई विद्यालय पठाउन नपाएको (सन् २०२० मा ११.८% बाट सन् २०२२ मा १६.४%) उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सामा वृद्धि भएको छ । पैसाको अभावका कारण खाना छोड्नु परेको उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सा सन् २०२० मा ९% र सन् २०२२ मा ९.२% पुगेको छ ।

**पैसाको अभावको कारण घरायसी अनुभव, बर्ष अनुसार**

| | वर्ष | सधै जसो | प्राय जसो | कहिले काहीं | कहिल्यै भएन |
|---|---|---|---|---|---|
| खाना छोड्नुपर्यो | सन् २०१८ | - | ०.४% | ४.८% | ९४.८% |
| | सन् २०२० | - | - | ९.२% | ९०.८% |
| | सन् २०२२ | - | - | ९.०% | ९१.०% |
| उपचार गर्न सकिएन | सन् २०१८ | ०.१% | १.१% | १७.८% | ८१.०% |
| | सन् २०२० | - | ०.४% | २२.२% | ७७.४% |
| | सन् २०२२ | ०.३% | २.१% | २५.६% | ७१.९% |
| बालबालिकालाई विद्यालय पठाउन सकिएन | सन् २०१८ | - | ०.४% | ६.९% | ९२.७% |
| | सन् २०२० | ०.१% | ०.२% | ११.८% | ८७.९% |
| | सन् २०२२ | ०.४% | ०.५% | १६.४% | ८२.७% |

*तालिका २८.१: Q-B8. गत १२ महिनामा तपाई वा तपाईको घरपरिवारले पैसा नभएको कारणले तल उल्लेखित समस्याहरु कत्तिको सामना गर्नु पर्यो ? (संख्या = १००८) ('भन्न चाहन्न' र 'लागू नहुने' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

# ३. व्यक्तिगत सुरक्षा र विवाद समाधान

## ३.१ हिंसा, अपराध र न्यायसम्बन्धी घरपरिवारको अनुभव

विभिन्न किसिमका हिंसा तथा अपराधिक गतिविधि प्रतिको अनुभवलाई बुझ्न सर्वेक्षणको पहिलो चरणदेखि नै यस बिषय बस्तुसंग सम्बन्धित केही प्रश्नहरु उत्तरदाताहरूलाई सोधिदै आईएको छ । विभिन्न १७ वटा हिंसा वा अपराधका शीर्षकहरु उत्तरदाताहरूलाई पढेर सुनाई उत्तरदाता आफै वा उनका परिवारका अन्य कुनै सदस्यहरूले विगत एक बर्षमा त्यस्ता कुनै अपराधिक घटनाको अनुभव गर्नु भयो कि भएन भनेर सोधिएको थियो ।

विगत एक बर्षमा सुदूरपश्चिम प्रदेशका थोरै मात्र उत्तरदाताहरूले हिंसा र अपराधको अनुभव गरेको सर्वेक्षणले देखाएको छ । सन् २०२२ मा सुदूरपश्चिम प्रदेशका अधिकांश (९६%) उत्तरदाताहरूले वा उनको परिवारका अन्य कुनै सदस्यहरूले विगत एक बर्षमा कुनै पनि किसिमका हिंसा वा अपराधका घटनाहरु सामना नगरेको बताएका छन् । यद्यपि, बढीमा (४.२%) उत्तरदाताहरु वा उनीहरूका परिवारका सदस्यहरूले विगत एक बर्षमा पढेर सुनाईएका हिंसा वा अपराधका घटनाहरु मध्ये कम्तिमा कुनै एक किसिमका हिंसा वा अपराधका घटना सामना गर्नुपरेको बताएका छन् । सन् २०२२ मा हिंसा र अपराधको अनुभव गर्ने उत्तरदाताहरु मध्ये सबैभन्दा बढी (४.२%) ले लैङ्गिक हिंसा जस्तैः घरेलु हिंसा, बोक्सी, छाउपडी जस्ता हानिकारक अभ्यासले पीडित भएको बताएका छन् । त्यसैगरी, ३.९% ले ऋण/उधारो वा लेनदेनमा ठगी र यसैगरी ३.३% ले चोरीको शिकार भएको अनुभव ब्यक्त गरेका छन् ।

विगतका चार सर्वेक्षण बर्षहरूको तथ्याङ्क तुलना गर्दा उत्तरदाताहरु वा उनीहरूका परिवारका सदस्यहरूले विगत एक बर्षमा भोगेको हिंसा वा अपराधका अनुभवको अनुपात घट्दै गएको सर्वेक्षणले देखाएको छ । उदाहरणका लागि, आफ्नो घरपरिवार परिवारका सदस्यहरु चोरीको शिकार भएको बताउने व्यक्तिहरु हिस्सा सन् २०१७ मा रहेको ४.५% बाट घटेर सन् २०२२ मा ३.३% पुगेको पाइयो । त्यसैगरी, सन् २०१८ मा सबैभन्दा बढी उल्लेख गरिएको अपराध मा जबरजस्ती असुली/फिरौती को शिकार (४.९%) रहेको थियो भने यो सन् २०२२ मा उत्तरदाताहरूको यो हिस्सा घटेर ०.७% पुगेको पाइयो । विगतका तीन सर्वेक्षण बर्षहरूको तुलना सन् २०२२ मा लिङ्गमा आधारित हिंसा बाहेक अन्य उल्लिखित हिंसा वा अपराध आफूले वा उनीहरूका परिवारका सदस्यहरूले विगत एक बर्षमा अनुभव गरेको ब्यक्त गर्ने उत्तरदाताहरूको अनुपात तुलनात्मक रूपमा कम रहेको देखिन्छ (तालिका ३.१.१) ।

### हिंसा र अपराधको अनुभव, बर्ष अनुसार

| घरपरिवारको अनुभव | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|
| चोरी | ४.५% | ३.७% | ४.७% | ३.३% |
| कुटपिट/शारिरिक दुर्व्यवहार | १.७% | १.१% | १.३% | ०.६% |
| हतियारबाट प्रहार | ०.४% | - | ०.६% | ०.४% |

| घरपरिवारको अनुभव | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|
| ऋण/उधारो वा लेनदेनमा ठगी | - | - | ४.८% | ३.९% |
| तोडफोड र प्रवेश/लुटपाट | ०.२% | ०.४% | ०.६% | ०.४% |
| जबरजस्ती असुली/फिरौती को शिकार | १.२% | ४.९% | १.८% | ०.७% |
| सवारी साधन वा पार्टपुर्जा वा सवारीबाट समानको चोरी | ०.४% | ०.८% | ०.५% | ०.४% |
| गाईवस्तु चोरी | १.४% | १.७% | १.३% | ०.६% |
| राजनैतिक सभा सम्मेलन, बन्द, हडतालमा कुनै किसिमको हिंसाको शिकार हुनुपरेको | ०.१% | ०.३% | ०.२% | ०.२% |
| अपहरण | - | ०.१% | ०.१% | ०.१% |
| हत्या/हत्याको प्रयास | ०.२% | - | ०.२% | ०.३% |
| यौनजन्य दुर्व्यवहार | - | ०.१% | ०.१% | ०.१% |
| मानव बेचबिखन | - | - | ०.१% | ०.१% |
| लिङ्गमा आधारित हिंसा (घरेलु हिंसा, बोक्सी, छाउपडी, दाइजो जस्ता हानिकारक अभ्यासहरु) | - | २.२% | ०.७% | ४.२% |
| वैदेशिक रोजगारीको क्रममा शारीरिक शोषणको सामना गर्नुपरेको | - | ०.८% | ०.४% | ०.१% |
| वैदेशिक रोजगारीको क्रममा यौन शोषणको सामना गर्नुपरेको | - | - | ०.१% | ०.२% |
| वैदेशिक रोजगारीको क्रममा आर्थिक शोषणको सामना गर्नुपरेको | - | २.३% | १.७% | ०.६% |
| वैदेशिक रोजगारीको क्रममा शारीरिक शोषणको सामना गर्नुपरेको | - | ०.८% | ०.४% | ०.१% |
| वैदेशिक रोजगारीको क्रममा यौन शोषणको सामना गर्नुपरेको | - | - | ०.१% | ०.२% |
| वैदेशिक रोजगारीको क्रममा आर्थिक शोषणको सामना गर्नुपरेको | - | २.३% | १.७% | ०.६% |

*तालिका ३.१.१: Q-C3A–R. गएको वर्ष भित्रमा तपाई वा तपाईका परिवारका कोही सदस्यहरु तलकामध्ये कुनै किसिमका चोरी, अपराध वा हिंसाबाट पिडित हुनुपरेको थियो ? (संख्या = १००८)*

## ३.२ न्याय र विवाद समाधानका संयन्त्रहरु

यस सर्वेक्षणमा सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूले बिभिन्न किसिमका विवादहरु जस्तैः जग्गासम्बन्धी, लेनदेन/ऋणसम्बन्धी, घरेलु हिंसा, हिंसा वा कुनै अपराधबाट पिडित हुँदा, मानहानी/झुटो आरोप अनुभव गर्दा वा अरू कुनै किसिमको हिंसा वा अपराधको अनुभव गर्दा त्यसको समाधानको लागि उनीहरूको सबैभन्दा बढी रोजाईमा पर्ने निकाय पत्ता लगाउने प्रयास यस खण्डमा गरिएको छ ।


सन् २०२२ मा, प्रत्येक दशमध्ये पाँच जना उत्तरदाताहरूले आफूले वा उनीहरूका परिवारका सदस्यहरूले विगत एक बर्षमा उल्लिखित कुनै पनि प्रकारको विवादको सामना नगरेकोले उनीहरूलाई यो प्रश्न लागु नभएको भनेर प्रतिक्रिया दिएका छन् । विगतका बर्षहरूको तथ्याङ्कलाई हेर्दा, आफूले वा आफ्नो परिवारका सदस्यहरूले विगत एक बर्षमा कुनै किसिमको विवादको सामना नगरेकोले आफूहरूलाई यो प्रश्न लागू नहुने प्रतिक्रिया दिने व्यक्तिको संख्यामा उल्लेख्य गिरावट आएको देखिन्छ । उदाहरणका लागि, सन् २०२० मा ६४.३% उत्तरदाताहरूले आफूले वा आफ्नो परिवारका सदस्यहरूले विगत एक बर्षमा जग्गा सम्बन्धि कुनै पनि प्रकारको विवादको सामना नगरेकोले उनीहरूलाई यो प्रश्न लागु नभएको भनेर प्रतिक्रिया दिएका थिए भने उत्तरदाताहरूको यो हिस्सा सन् २०२२ मा घटेर ४९.८% पुगेको छ ।

विगत एक बर्षमा जग्गा सम्बन्धी, ऋण/लेनदेन सम्बन्धी, घरेलु हिंसा, अन्य कुनै अपराध र मानहानी/झुटो आरोप जस्ता विवादहरूबाट पीडित हुँदा त्यसको समाधानको लागी कुनै निकाय वा पदाधिकारीकोमा जानुभयो भनी सोध्दा ०.१% देखि १.६% सम्मका उत्तरदाताहरूको सानो अनुपातले आफू र आफ्नो परिवारका सदस्यहरु विगत एक बर्षमा विवाद समाधानका लागि कुनै न कुनै संस्था, अधिकारी वा व्यक्ति कहाँ गएको जानकारी दिए । सन् २०२० र सन् २०२२ को तथ्याङ्क तुलना गर्दा, विभिन्न प्रकारका विवादहरूमा समाधानको लागि मद्दत खोज्ने उत्तरदाताहरूको प्रतिक्रियामा खासै उल्लेखनिय भिन्नता नभएको देखिन्छ । सन् २०२० को तुलनामा सन् २०२२ मा सहयोग खोज्ने सन्दर्भमा थोरै प्रतिशत बिन्दु बढेको भएपनि यो संख्या एकदमै नगण्य देखिन्छ ।

जग्गा सम्बन्धी विवादको बारेमा सोध्दा, अधिकांश (४९.८%) उत्तरदाताहरूले उनीहरूलाई यो प्रश्न लागु नभएको भनेर प्रतिक्रिया दिएका थिए भने १.६% उत्तरदाताहरूले विवाद समाधान गर्ने संस्था वा अधिकारी वा व्यक्तिहरूबाट सहयोग खोजेको उल्लेख गरेका छन् । यसैगरी ऋण/लेनदेन सम्बन्धी विवादहरु समाधान का लागि (१%), घरेलु हिंसा सम्बन्धी विवाद र अन्य प्रकारका हिंसा र अपराध सम्बन्धी विवादहरु समाधानका लागि (०.१%) ले मद्दत खोजेको बताएका छन्

दुई सर्वेक्षण बर्षहरूमा हेर्दा, आफू र आफ्नो परिवारका सदस्यहरु विगत एक बर्षमा कुनै किसिमको हिंसा वा अपराधको अनुभव गर्दा त्यसको समाधानको लागि कुनै पनि संस्था र अधिकारीहरूसंग सहयोग नलिने उत्तरदाताहरूको अंश बढेको देखिन्छ । सन् २०२२ मा ४९.९% उत्तरदाताहरूले ऋण/लेनदेन सम्बन्धी विवादहरु समाधानका लागि र घरेलु हिंसाको विवाद समाधान गर्न लागि कुनै पनि संस्थाबाट सहयोग नलिएको उल्लेख गरेका छन् । उत्तरदाताहरूको यो हिस्सा सन् २०२० मा क्रमशः ३५.३% र ३४.३% रहेको थियो ।

**पछिल्लो एक बर्षमा विवाद समाधानबारे वास्तविक अनुभव, बर्ष अनुसार**




*चित्र ३.२.१: Q-C8A-E. विगत एक वर्षमा तपाई वा तपाईको परिवारका सदस्यहरु निम्नलिखित विवाद वा झै-झगडा समाधानका लागि कुनै संस्था, अधिकारी वा व्यक्तिसँग विवाद समाधानका लागि मद्दत लिन जानुभएको छ ? (संख्या = १००८)*

**न्याय र विवाद समाधानका संयन्त्रहरू**

हिंसा वा विवाद अनुभव गरेपछि आफूले सहयोग खोजेको बताउने सुदूरपश्चिम प्रदेशका एकदम सानो हिस्सा (१.६%) उत्तरदाताहरूलाई उनीहरूले सम्पर्क गरेका संस्था, अधिकारी वा व्यक्तिहरूबारे थप सोधिएको थियो । विभिन्न किसिमका विवादहरु समाधानका लागि विभिन्न संघ-संस्थामा मद्दत लिन जानेहरूको अनुपात बढेता पनि प्रहरी र वडाध्यक्ष /सदस्यको सहयोग लिएको उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सा शीर्ष स्थानमा रहेको छ तर उत्तरदाताहरूको यो हिस्सामा अघिल्लो बर्षको तुलनामा सन् २०२२ मा केहि गिरावट आएको छ ।

जग्गाको विवादको सन्दर्भमा सुदूरपश्चिम प्रदेशमा वडाध्यक्ष/सदस्य, जिल्ला अदालत र प्रहरीको सहयोग लिएको उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सा शीर्ष स्थानमा रहेको छ । ऋण/लेनदेन/उधारो सम्बन्धी विवाद हुँदा उत्तरदाताहरूले प्रहरी, वडा अध्यक्ष/सदस्य र न्यायिक समितिको सहयोगलाई प्राथमिकता दिएका छन् । त्यसैगरी, घरेलु हिंसा सम्बन्धी विवाद समाधानका लागि उत्तरदाताहरूले न्यायिक समिति र जिल्ला अदालत जान रूचाएको देखिन्छ भने अन्य हिंसा र अपराध सम्बन्धी विवाद समाधानका लागि पनि अधिकांशले जिल्ला समन्वय समितिका सदस्यहरूसंग सहयोग लिन रूचाएको देखिन्छ । मानहानी/झूटो आरोपमा विवाद भएमा जिल्ला अदालत, मेयर/गाउँपालिका अध्यक्ष, वडाध्यक्ष/सदस्य र प्रहरीबाट सहयोग लिने बताएका छन् ।

गएको एक बर्षमा विवाद समाधानको लागि आफ्नो रोजाईमा परेको विभिन्न संस्था वा अधिकारीहरूसंग सहयोग माग्न गएको बताउने सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूलाई विवाद समाधान प्रक्रियाको नतिजाबारे थप सोधिएको थियो । विभिन्न संस्थाबाट सहयोग मागेको उल्लेख गरेका उत्तरदाताहरूले अन्ततः न्याय पाए कि भनेर सोध्दा, अधिकांश उत्तरदाताहरूले न्याय नपाएको बताएका छन् ।

# ४. पहिचान

## ४.१ मातृभाषा

सन् २०२२ को सर्वेक्षणमा सहभागी सबै उत्तरदाताहरूलाई उनीहरूको मातृभाषाको बारेमा सोध्दा, सुदूरपश्चिम प्रदेशका आधाभन्दा कम (४५%) उत्तरदाताहरूले नेपाली भाषा आफ्नो मातृभाषा भएको बताएका छन्[५] । जबकि, ५५% उत्तरदाताहरूले नेपाली बाहेक अरु भाषा आफ्नो मातृभाषा भएको बताएका छन् । सुदूरपश्चिम प्रदेशमा नेपाली भाषा पछि सबैभन्दा बढी (३३.४%) उत्तरदाताहरूले डोटेली, १६.६% ले थारू, २.४% ले बैतडेली र १% ले अछामी भाषा आफ्नो मातृभाषा भएको उल्लेख गरेका छन् ।

### भौगोलिक क्षेत्र अनुसार मातृभाषा

| | मातृभाषा | समग्र | भौगोलिक क्षेत्र | | |
|---|---|---|---|---|---|
| | | | हिमाल | पहाड | तराई |
| समग्र देश | नेपाली | ४९.३% | ६९.६% | ६६.९% | २९.४% |
| | नेपालीबाहेक अरू | ५१.७% | ३०.४% | ३३.१% | ७०.६% |
| सुदूरपश्चिम प्रदेश | नेपाली | ४५.०% | ८१.०% | ४१.५% | ३२.९% |
| | नेपालीबाहेक अरू | ५५.०% | १९.०% | ५८.५% | ६७.१% |

*तालिका ४.१.१: Q-D1. तपाईंको मातृभाषा के हो ? (संख्या = १००८)*

## ४.२ नेपालीबाहेक अन्य भाषा मातृभाषा हुनुका असुविधाहरू

नेपालीबाहेक अन्य भाषा आफ्नो मातृभाषा भएको बताउने (५५%) उत्तरदाताहरूलाई विभिन्न अवस्था वा निकायबाट सेवा लिंदा कुनै असुविधाको महसुस गर्नुभयो भनेर थप प्रश्न सोधिएको थियो । कार्यस्थलमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा, प्रहरीमा उजुरी गर्दा, सार्वजनिक सेवा लिन सरकारी कार्यालयमा जाँदा, स्वास्थ्य चौकी वा अस्पतालमा उपचार गर्न जाँदा, विद्यालय वा विश्वविद्यालयमा पढ्दा र सार्वजनिक कार्यक्रममा भाग लिंदा आफ्नो मातृभाषाको सट्टा नेपाली भाषा बोल्नु पर्दा कुनै असजिलो, असुविधा वा समस्या भोग्नुपरेको छ भनी सोधिएको थियो ।

सुदूरपश्चिम प्रदेशको अधिकांश उत्तरदाताहरूले उल्लिखित अवस्थाहरूमा आफ्नो मातृभाषाको सट्टा नेपाली भाषा बोल्नु पर्दा भाषाको कारणले आफुहरूलाई कुनै पनि प्रकारको असुविधा महसुस गर्नु नपरेको बताएका छन् भने ६% देखि १०% उत्तरदाताहरूले विभिन्न अवस्था वा निकायबाट सेवा लिंदा असुविधा महसुस गरेको बताएका छन् । जसमध्ये धेरै अनुपातमा

५ सन् २०११ को जनगणना अनुसार नेपाली कुल जनसंख्याको ४४.६ % ले मातृभाषाको रूपमा बोल्छन् । तर सन् २०२१ को जनगणनाको प्रारम्भिक नतिजामा मातृभाषाको सन्दर्भमा पछिल्लो जनगणनाको तथ्याङ्क उपलब्ध छैन ।

प्रहरी चौकीमा उजुरी गर्दा (९.७%), काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा (८.९%), सरकारी कार्यालयमा सार्वजनिक सेवा लिंदा (८.८%), विद्यालय वा विश्वविद्यालयमा अध्ययन गर्दाको स्थितिमा (५.५%) र सार्वजनिक कार्यक्रममा सहभागी हुँदा (७.७%) उत्तरदाताहरूले आफ्नो मातृभाषाको सट्टा नेपाली भाषा बोल्नु पर्दा भाषाको कारणले आफुहरूलाई असुविधा भएको अनुभव गरेका छन् । सर्वेक्षणका चार बर्षको तथ्यांकलाई हेर्दा, आफ्नो मातृभाषाको सट्टा नेपाली भाषा बोल्नु पर्दा असुविधा महसुस गर्नेहरूको अनुपात सन् २०१७ को तुलनामा सन् २०२२ मा उल्लेख्य रूपमा घटेको पाइएको छ । उदाहरणका लागि, २२.४% उत्तरदाताहरूले सन् २०१७ मा काममा सहकर्मी वा वा अरू मानिसहरूसंग अन्तरक्रिया गर्दा आफ्नो मातृभाषाको सट्टा नेपाली भाषा बोल्नु पर्दा भाषाको कारणले आफुहरूलाई असुविधा महसुस गर्नु परेको बताएका थिए भने उत्तरतादाहरूको यो अनुपात सन् २०२२ मा घटेर ८.९% रहेको छ । त्यसैगरी सन् २०१७ मा १६.६% उत्तरतादाहरूले भाषाको कारणले स्वास्थ्य चौकी, अस्पतालमा सेवा वा उपचार गर्दा असुविधा महसुस गरेकोमा सन् २०२२ मा उत्तरतादाहरूको उक्त अंशमा गिरावटआई ८.२% कायम रहेको छ ।

**नेपालीबाहेक अन्य भाषा आफ्नो मातृभाषा भएको कारण असुविधाको महसुस, बर्ष अनुसार**

| | असुबिधा महसुस | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|---|
| काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा | भएको छ | २२.४% | १३.५% | ११.९% | ८.९% |
| | भएको छैन | ७७.६% | ८६.५% | ८८.१% | ९१.१% |
| आफुलाई परेको समस्या प्रहरीमा उजुरी गर्दा | भएको छ | १७.१% | ४.०% | ११.८% | ९.७% |
| | भएको छैन | ८२.९% | ९६.०% | ८८.२% | ९०.३% |
| सरकारी कार्यालयमा नागरिकता जन्मदर्ता, विवाहदर्ता आदि सेवा प्राप्त गर्न | भएको छ | १८.८% | ११.१% | ९.४% | ८.८% |
| | भएको छैन | ८१.२% | ८८.९% | ९०.६% | ९१.२% |
| स्वास्थ्य चौकी, अस्पतालमा सेवा वा उपचार गर्न | भएको छ | १६.६% | ११.६% | ७.६% | ८.२% |
| | भएको छैन | ८३.४% | ८८.४% | ९२.४% | ९१.८% |
| विद्यालय वा विश्वविद्यालय अध्ययन गर्न | भएको छ | ११.२% | ९.१% | ५.९% | ५.५% |
| | भएको छैन | ८८.८% | ९०.९% | ९४.१% | ९४.५% |
| सार्वजनिक कार्यक्रममा सहभागी हुँदा | भएको छ | - | - | - | ७.७% |
| | भएको छैन | - | - | - | ९२.३% |

*तालिका ४.२.१: Q-D2a–e. [यदि Q-D1 मा मातृभाषा "नेपाली होइन" भन्ने आएमा] तलका बिभिन्न अवस्थामा तपाईको आफ्नो मातृभाषाको साट्टो नेपाली भाषा बोल्नुपर्दा असुविधा महसुस भएको छ ? (संख्या = ५५५) ('थाहा छैन', 'भन्न चाहन्न' र 'लागू नहुने' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

सर्वेक्षणमा उल्लेख गरिएका परिदृश्य अनुसार, डोटिली र थारू भाषा मातृभाषा भएका सुदूरपश्चिम प्रदेशका (क्रमशः ६.६% र १५.२%) उत्तरदाताहरूले विशेष गरी काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा, प्रहरी चौकीमा समस्या उजुरी गर्दा (क्रमशः ६.४% र १६.१%), सार्वजनिक सेवाहरु प्राप्त गर्दा (क्रमशः ५.४% र १५.३%) र स्वास्थ्य सेवाहरु पहुँच गर्दा (क्रमशः ४.४% र १५.२%) उत्तरदाताहरूले आफ्नो मातृभाषाको सट्टा नेपाली भाषा बोल्नु पर्दा भाषाको कारणले आफुहरूलाई असुविधा भएको महसुस हुने गरेको बताए । आफ्नो मातृभाषा थारू भनेर चिनाउने नेपालीहरु मध्ये १३.४% ले सार्वजनिक कार्यक्रममा जाँदा भाषाको कारणले आफुहरूलाई अप्ठ्यारो महसुस गरेको उल्लेख गरेका छन् ।

## ४.३ जात/जातीयताका कारण भएको असुविधाहरू

सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूलाई उनीहरूको आफ्नो जात/जातीयताको कारणले गर्दा काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा, प्रहरीमा उजुरी गर्दा, सरकारी कार्यालयमा नागरिकता जन्मदर्ता, विवाहदर्ता आदि बनाउन जाँदा, स्वास्थ्य चौकी/अस्पतालमा उपचार गर्न जाँदा र विद्यालय वा विश्वविद्यालयमा पढ्दा कुनै असुविधा महसुस गर्नुपरेको छ कि छैन भनेर सोधिएको थियो ।

सन् २०२२ को सर्वेक्षण अनुसार, उल्लिखित सबै पाँच अवस्थाहरू: काम गर्ने ठाउँमा सहकर्मी वा अरू व्यक्तिहरूसंग अन्तरक्रिया/कुराकानी गर्दा ९६.२% उत्तरदाताहरूले, प्रहरीमा उजुरी गर्दा ९७.१% उत्तरदाताहरूले, सरकारबाट सार्वजनिक सेवाहरु प्राप्त गर्दा ९८.३% उत्तरदाताहरूले, स्वास्थ्य चौकी/अस्पतालमा उपचार गर्दा (९८.५%) र विद्यालय वा विश्वविद्यालयमा अध्ययन गर्दा ९८.१% उत्तरदाताहरूले जात/जातिको कारणले अप्ठ्यारो महसुस नगरेको बताए । उत्तरदाताहरूको एकदमै सानो अनुपात १.५% देखि ३.८% सम्मले उनीहरूको आफ्नो जात/जातीयताको कारणले उल्लिखित अवस्थाहरूमा अप्ठ्यारो महसुस गर्नु परेका उल्लेख गरेका छन् । सन् २०१७ देखि सन् २०२२ सम्मको तथ्याङ्कलाई तुलना गर्दा, जात/जातिको कारणले अप्ठ्यारो महसुस गर्ने उत्तरदाताहरूको अनुपात समयसँगै घटेको छ । उदाहरणका लागि, सन् २०१७ मा ५.६%

उत्तरदाताहरूले काम गर्ने ठाउँमा सहकर्मी वा अरू व्यक्तिहरूसंग अन्तरक्रिया/कुराकानी गर्दा आफ्नो जात/जातीयताको कारणले अप्ठ्यारो महसुस गरेको उल्लेख गरेका थिए भने सन् २०२२ मा उत्तरदाताहरूको यो अनुपात ३.८% पुगेको छ । त्यसैगरी, सन् २०१७ मा ३.६% ले सार्वजनिक सेवा लिन सरकारी कार्यालयमा जाँदा जात/जातिको कारणले अप्ठ्यारो महसुस गरेका थिए । यद्यपि, यो अंश सन् २०२२ मा १.७% मा घटेको छ ।

**जात/जातीयताका कारणले भएको असुविधा, बर्ष अनुसार**

| | असुबिधा महसुस | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|---|
| काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा | भएको छ | ५.६% | ७.१% | ५.३% | ३.८% |
| | भएको छैन | ९४.४% | ९२.९% | ९४.७% | ९६.२% |
| आफुलाई परेको समस्या प्रहरीमा उजुरी गर्दा | भएको छ | २.८% | १.१% | ३.२% | २.९% |
| | भएको छैन | ९७.२% | ९८.९% | ९६.८% | ९७.१% |
| सरकारी कार्यालयमा नागरिकता जन्मदर्ता, विवाहदर्ता आदि सेवा प्राप्त गर्न | भएको छ | ३.५% | २.४% | २.९% | १.७% |
| | भएको छैन | ९६.५% | ९७.६% | ९७.१% | ९८.३% |
| स्वास्थ्य चौकी, अस्पतालमा सेवा वा उपचार गर्न | भएको छ | ३.६% | २.२% | २.४% | १.५% |
| | भएको छैन | ९६.४% | ९७.८% | ९७.६% | ९८.५% |
| विद्यालय वा विश्वविद्यालय अध्ययन गर्न | भएको छ | २.७% | ३.६% | २.०% | १.९% |
| | भएको छैन | ९७.३% | ९६.४% | ९८.०% | ९८.१% |

*तालिका ४.३.१: Q-D3a-e. उल्लेखित विभिन्न अवस्थामा तपाईंको आफ्नो जातजाति/समुदायको पहिचानले गर्दा तपाईंलाई असुविधा महसुस भएको छ ? (संख्या = १००८) ('थाहा छैन', 'भन्न चाहन्न' र 'लागू नहुने' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

सुदूरपश्चिम प्रदेशमा विभिन्न निकायबाट सेवा लिंदा आफ्नो जात/जातीयताको कारणले गर्दा असुविधाको महसुस गर्नेहरु संख्या सबैभन्दा बढी तराई भेगका नगरपालिकामा देखिन्छ । सर्वेक्षण अनुसार ११.१% मधेसी जाति (स्तर-२) समुदायका र १०.८% पहाडी दलित समुदायकाले आफ्नो जात/जातिको कारणले काम गर्ने ठाउँमा सहकर्मी वा अरू व्यक्तिहरूसंग अन्तरक्रिया/कुराकानी गर्दा अप्ठ्यारो महसुस गरेको उल्लेख गरेका छन् ।

## ४.४ लिङ्गका कारण भोग्नुपरेको असहजता

सर्वेक्षणमा महिला उत्तरदाताहरूको एक सानो संख्या (१.३%-३.६%) ले विभिन्न परिस्थितिमा महिला भएकै कारणले असुविधा वा असजता महसुस गरेको उल्लेख गरेका छन्[६] । सुदूरपश्चिम प्रदेशका ३.६% महिला उत्तरदाताहरूले विशेष गरी काम गर्ने ठाउँमा सहकर्मी वा ग्राहकसंग कुराकानी/अन्तरक्रिया गर्दा र २.४% उत्तरदाताहरूले आफूलाई परेको समस्या प्रहरीमा उजुरी गर्न जाँदा महिला भएकै कारणले असुविधा वा असजता महसुस गर्ने गरेको उल्लेख गरेका छन् । स्वास्थ्य चौकी, अस्पतालमा सेवा वा उपचार गर्न जाँदा, सार्वजनिक यातायातमा यात्रा गर्दा र सार्वजनिक स्थान वरिपरि घुम्दा/हिँड्दा (प्रत्येक १.४%) महिला उत्तरदाताहरूले असुविधा महसुस गरेको बताएका छन् । विगतका बर्षहरूको तुलनामा, महिला भएकै कारणले असुविधा भएको महसुस गर्नेको संख्या घटेता पनि सरकारी सेवा प्राप्त गर्दा (१.५%), र विद्यालय/विश्वविद्यालयमा अध्ययन गर्दा (१.३%) महिला उत्तरदाताहरूले महिला भएकै कारणले असुविधा भएको महसुस गरेको उल्लेख गरेका छन् ।

**महिला वा यौनिक तथा लैङ्गिक अल्पसंख्यक भएकै कारण असुविधा, बर्ष अनुसार**

| | असुबिधा महसुस | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|---|
| काम गर्ने ठाउँमा सहकर्मी वा ग्राहकसंग कुराकानी गर्दा | भएको छ | ७.९% | ६.३% | ३.९% | ३.६% |
| | भएको छैन | ९२.१% | ९३.७% | ९६.१% | ९६.४% |
| आफूलाई परेको समस्या प्रहरीमा गएर उजुरी गर्दा | भएको छ | ९.५% | - | १०.७% | २.४% |
| | भएको छैन | ९०.५% | - | ८९.३% | ९७.६% |
| सरकारी कार्यालयमा सरकारी सेवाहरु प्राप्त गर्दा | भएको छ | ७.१% | २.१% | ४.३% | १.५% |
| | भएको छैन | ९२.९% | ९७.९% | ९५.७% | ९८.५% |

६ यो प्रश्न महिला उत्तरदाताहरूलाई मात्र सोधिएको थियो ।

| | असुबिधा महसुस | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|---|
| स्वास्थ्य चौकी, अस्पतालमा सेवा वा उपचार गर्न जाँदा | भएको छ | ४.८% | १.१% | २.५% | १.४% |
| | भएको छैन | ९५.२% | ९८.९% | ९७.५% | ९८.६% |
| विद्यालय वा विश्वविद्यालयमा पढ्दा | भएको छ | ४.९% | १.६% | १.५% | १.३% |
| | भएको छैन | ९५.१% | ९८.४% | ९८.५% | ९८.७% |
| सार्वजनिक यातायातमा यात्रा गर्दा | भएको छ | - | ७.८% | १२.१% | १.४% |
| | भएको छैन | - | ९२.२% | ८७.९% | ९८.६% |
| सार्वजनिक स्थानहरूमा घुम्दा/हिँड्दा | भएको छ | - | - | ७.६% | १.४% |
| | भएको छैन | - | - | ९२.४% | ९८.६% |

*तालिका ४.४.१: Q-D4a–g. [महिला र यौनिक तथा लैङ्गिक अल्पसंख्यक महिलालाई मात्र सोधिएको] महिला वा यौनिक तथा लैङ्गिक अल्पसंख्यक भएकै कारणले उल्लेखित बिभिन्न अवस्थामा तपाईंलाई असुविधा महसुस भएको छ ? (संख्या = ५४९) ('थाहा छैन', 'भन्न चाहन्न' र 'लागू नहुने' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*


सुदूरपश्चिम प्रदेशमा न्यून आय भएका घरपरिवार, पहाडी दलित र मधेसी आदिवासी/जनजाति समुदायका महिलाहरूले विभिन्न परिस्थितिमा महिला भएकै कारणले असुविधा बढी हुने गरेको उल्लेख गरेका छन् । उदाहरणका लागि, ७.८% पहाडी दलित र ४.६% मधेसी आदिवासी/जनजाति महिलाहरूले आफू महिला भएकै कारण कार्यस्थलमा मानिसहरूसँग अन्तरक्रिया गर्दा असुविधा हुने गरेको बताएका छन् ।

## ४.५ सामाजिक मान्यताहरू

### अन्तर-जातीय विवाहप्रतिको धारणा

सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूमा अन्तरजातीय विवाहबारे उनीहरूको धारणा बुझ्ने कोसिस गरिएको थियो । सन् २०२२ को सर्वेक्षण नतिजाले सुदूरपश्चिम प्रदेशका करीब तीन चौथाइ (७३.६%) उत्तरदाताहरूले आफ्नो छोरा वा छोरीले फरक जात वा जातीय समूहको कसैसंग विवाह गरेमा अन्तरजातीय विवाह स्वीकार गर्ने बताएका छन् भने करीब एक चौथाइ (२६.१%) उत्तरदाताहरूले विभिन्न जात वा जातीय समूहबाट ज्वाइँ वा बुहारीलाई स्वीकार नगर्ने कुरा व्यक्त गरेका छन् ।

अन्तरजातीय विवाह स्वीकार्ने प्रवृत्ति विगतका तीन सर्वेक्षण बर्षहरूमा उस्तै रहेको देखिएता पनि सन् २०२२ मा उत्तरदाताहरूको अंशमा केहि गिरावट आएको छ । सन् २०१७ मा ७८.४%, सन् २०१८ मा ७६.६% र सन् २०२० मा ७८.९% सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूले अन्तरजातीय विवाह स्वीकार्ने बताएका थिए तर सन् २०२२ मा उत्तरदाताहरूको यो अंशमा केहि गिरावट आई ७३.६% मा घटेको छ । अर्कोतर्फ, अघिल्लो बर्षको तुलनामा सन् २०२२ मा अन्तरजातीय विवाह प्रति आपत्ति जनाउने उत्तरदाताहरूको अनुपातमा ५.१% अंकले बृद्धी भएको देखिन्छ ।




*चित्र ४.५.१: Q-D9. तपाईंको सन्तानले आफ्नो भन्दा फरक जातसंग बिहे गरेका खण्डमा स्वीकार गर्नुहुन्छ कि गर्नुहुन्न ? (संख्या = १००८) ('भन्न चाहन्न' र 'लागू नहुने' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

सुदूरपश्चिम प्रदेशमा हिमालमा बस्ने (७२.८%) उत्तरदाताहरु र पहाडमा बस्ने (६८.९%) उत्तरदाताहरु भन्दा तराईमा बस्ने बढी (७७.९%) उत्तरदाताहरूले अन्तरजातीय विवाह स्वीकार गर्ने बताएका छन् । पहाडी दलित समुदायका (८०%) र पहाडी जाति समुदायका (६६%) उत्तरदाताहरु भन्दा मधेसी (आदिवासी/जनजाति) समुदायका बढी (९३%) उत्तरदाताहरूले अन्तरजातीय स्वीकार गर्ने बताएका छन् । पहाडी आदिवासी/जनजाति समुदायका दशमध्ये करीब नौ जना (८९.५%) उत्तरदाताहरु अन्तरजातीय विवाहप्रति सकारात्मक रहेको बताएका छन् ।

## ४.६ नेपाली समाजमा महिलाको स्थान

सुदूरपश्चिम प्रदेशमा महिलाको स्थितिबारे धारण बुझ्न उत्तरदाताहरूलाई महिलाहरूको अवस्था, लैंगिक समानता, लैंगिक पहिचान र लैंगिक भूमिकासंग सम्बन्धित आठ वटा कथनहरु प्रस्तुत गरिएको थियो । जसमा उनीहरूले "पूर्ण सहमत", "केही सहमत", "केही असहमत" र "पूर्ण असहमत" भनी आफ्नो प्रतिक्रिया दिन सक्थे ।

सुदूरपश्चिम प्रदेशका दश मध्ये नौ (९०.९%) उत्तरदाताहरूले महिलाहरु राजनितीमा संलग्न हुनुपर्छ र (९१.३%) उत्तरदाताहरूले महिलालाई घरबाहिरको कामको लागि प्रोत्साहन गर्नुपर्छ भन्ने भनाई प्रति सहमति[७] जनाएका छन् । उत्तरदाताहरूको ठुलो हिस्सा निम्न भनाईहरु प्रति असहमत रहेका छन्ः छोराहरु छोरीहरूभन्दा महत्त्वपूर्ण छन् (८१.२%), सीमित जागिर भएका बेला पुरूषलाई काम गर्ने प्राथमिकता दिनुपर्छ (८६.७%) र श्रीमान बाहेक परिवारका अन्य पुरूष सदस्यहरूले (जस्तैः ससुरा, जेठाजु, देवर,..) भनेको नमानेको खण्डमा बुहारीलाई सजाय दिने अधिकार हुन्छ (७६.६%) ।

विगतका सर्वेक्षण बर्षहरूदेखि आफ्नो परिवारको आर्थिक आवश्यकताहरु पुरा गर्ने जिम्मेवारी पुरुषको मात्र हो भन्ने भनाईसंग असहमत हुने उत्तरदाताहरूको अनुपातमा लगातार वृद्धि भएको छ । सन् २०१८ मा उत्तरदाताहरूको यो हिस्सा ४३.४% रहेकोमा सन् २०२० मा उक्त हिस्सा ६५.७% पुगेको र सन् २०२२ मा उक्त हिस्सामा १२.५% अंकले बृद्धी भएर ७८.२% पुगेको देखिन्छ । सर्वेक्षणका बर्षहरूमा, महिलाहरूले आफ्नो आयआर्जन, आवातजावत र निर्णयहरु माथि नियन्त्रण राख्नुहुँदैन भन्ने भनाईसंग असहमत हुने उत्तरदाताहरूको अनुपातमा उतारचढाव आएको छ । सन् २०१८ मा उत्तरदाताहरूको यो हिस्सा ५०.२% थियो भने सन् २०२० मा बढेर ७९% र सन् २०२२ मा घटेर ६४.४% पुगेको देखिन्छ । श्रीमान बाहेक परिवारका अन्य पुरूष सदस्यहरु (ससुरा, जेठाजु, देवर) ले भनेको नमानेको खण्डमा तिनमा बुहारीलाई सजाय दिने अधिकार हुन्छ भन्ने भनाईमा सहमत हुनेहरूको अंश सन् २०२० मा रहेको ६.८% बाट उल्लेखनीय रूपमा बढेर सन् २०२२ मा २३.४% पुगेको छ ।

### लैङ्गिक भूमिका र लैङ्गिक समानता सम्बन्धी धारणाः बर्ष अनुसार

| | बर्ष | पूर्ण सहमत | केही सहमत | केही असहमत | पूर्ण असहमत | थाहा छैन |
|---|---|---|---|---|---|---|
| परिवारमा छोरीभन्दा छोराको महत्व बढी हुन्छ | सन् २०१७ | ६.२% | १६.८% | २३.४% | ५३.५% | ०.१% |
| | सन् २०१८ | ३.४% | ६.६% | ३३.२% | ५६.८% | ०.०% |
| | सन् २०२० | १.७% | ४.४% | १३.२% | ८०.७% | ०.०% |
| | सन् २०२२ | ७.२% | ११.६% | ८.६% | ७२.६% | ०.०% |
| महिलालाई घरबाहिरको कामको लागि प्रोत्साहन गर्नुहुँदैन | सन् २०१७ | ०.६% | ६.७% | २५.५% | ६७.२% | ०.१% |
| | सन् २०१८ | २.२% | ३.४% | ३२.३% | ६२.१% | ०.०% |
| | सन् २०२० | ०.६% | २.२% | १४.४% | ८२.७% | ०.०% |
| | सन् २०२२ | ३.६% | ५.०% | १७.८% | ७३.५% | ०.०% |
| महिलाहरूले राजनितीमा संलग्न हुन सुहाउँदैन | सन् २०१७ | ६.२% | ९.०% | २५.९% | ५८.८% | ०.२% |
| | सन् २०१८ | २.३% | ८.२% | ३२.०% | ५७.४% | ०.०% |
| | सन् २०२० | ०.३% | २.९% | १४.७% | ८२.०% | ०.१% |
| | सन् २०२२ | २.५% | ६.६% | १८.१% | ७२.८% | ०.०% |
| आयआर्जन गर्ने,घुमफिर गर्ने तथा अन्य निर्णय प्रक्रियामा महिलाहरूको नियन्त्रण हुनुहुँदैन | सन् २०१८ | २७.८% | २२.०% | २६.२% | २४.०% | ०.०% |
| | सन् २०२० | १४.५% | ६.४% | १४.०% | ६५.०% | ०.१% |
| | सन् २०२२ | १३.०% | २२.५% | १५.७% | ४८.७% | ०.०% |

७ पूर्ण सहमत र केही सहमतको संयुक्त आंकडा ।

| | बर्ष | पूर्ण सहमत | केही सहमत | केही असहमत | पूर्ण असहमत | थाहा छैन |
|---|---|---|---|---|---|---|
| श्रीमानले भनेको नमानेमा,श्रीमानले श्रीमतीलाई सजाय दिने अधिकार हुन्छ | सन् २०१८ | ११.३% | २४.७% | ३१.२% | ३२.८% | ०.०% |
| | सन् २०२० | ७.७% | १३.७% | १५.२% | ६३.५% | ०.०% |
| | सन् २०२२ | ४.२% | २३.७% | १८.९% | ५३.२% | ०.०% |
| जब जागिर सिमित हुन्छ तब जागिर प्राप्त गर्न पुरूषहरूको लागि बढी अवसर हुनुपर्छ | सन् २०१८ | ७.२% | ११.०% | ३३.८% | ४८.१% | ०.०% |
| | सन् २०२० | ५.७% | ८.८% | १४.६% | ७०.९% | ०.१% |
| | सन् २०२२ | २.०% | ११.३% | २१.७% | ६५.०% | ०.०% |
| आफ्नो परिवारको आर्थिक आवश्यकता पुरा गर्ने जिम्मेवारी पुरूषको हो | सन् २०१८ | २८.२% | २८.४% | २२.७% | २०.७% | ०.०% |
| | सन् २०२० | १४.४% | १९.८% | १०.७% | ५५.०% | ०.०% |
| | सन् २०२२ | ४.६% | १७.२% | २३.०% | ५५.२% | ०.०% |
| श्रीमानबाहेक परिवारका अन्य पुरूष सदस्यहरूले भनेको नमानेको खण्डमा तिनमा बुहारीलाई सजाय दिने अधिकार हुन्छ | सन् २०२० | ०.३% | ६.५% | १४.०% | ७९.२% | ०.०% |
| | सन् २०२२ | ५.२% | १८.२% | २१.९% | ५४.७% | ०.०% |

*तालिका ४.६.१: Q-D10a–m. नेपाली समाजमा रहेका महिला र पुरूषहरूको स्थानका बारेमा केही भनाइहरु पढेर सुनाईन्छ, ती भनाईप्रति तपाईं सहमत हुनुहुन्छ कि असहमत ? (संख्या = १००८) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

## ४.७ नेतृत्वदायी भूमिकामा लैंगिक प्राथमिकता

राष्ट्रिय देखि स्थानीय स्तरसम्मका विभिन्न सरकारी र गैरसरकारी संस्थाहरूका दश वटा फरक-फरक तहको नेतृत्वदायी पदमा सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूले कसको नेतृत्वलाई स्वीकार्छन भनेर बुझ्न केही प्रश्नहरु सोधिएको थियो । जसमा उत्तरदाताहरूलाई "पुरुष", "महिला" वा "मुख्य कुरा व्यक्तिको सक्षमता हो, महिला पुरूष जो भएपनि हुन्छ" भन्ने कुरा रोज्न लगाईएको थियो ।

सन् २०२२ मा सुदूरपश्चिम प्रदेशका धेरैजसो उत्तरदाताहरूले विभिन्न संस्थाहरूमा कुनै पनि नेतृत्वदायी पदका लागि व्यक्तिको लिंग महत्त्वपूर्ण मापदण्ड नभई मुख्य कुरा व्यक्तिको सक्षमता हो भन्ने विचार राखेका छन् । यद्यपि, नेतृत्व स्थितिको लागि लिंग महत्त्वपूर्ण मापदण्ड हो भन्ने सोच्नेहरूमा केही भिन्नताहरु देखिन्छ । सुदूरपश्चिम प्रदेशमा नेतृत्वदायी पदका लागि पुरूषलाई भन्दा महिलालाई प्राथमिकता दिने उत्तरदाताहरूको अंश तुलनात्मक रूपमा बढी छ । उदाहरणका लागि, वडाध्यक्ष पदका लागि ७.४% उत्तरदाताहरूको प्राथमिकतामा पुरूष परेका छन् भने १९% उत्तरदाताहरूको रोजाईमा महिला परेका छन् । त्यस्तै, उपभोक्ता समूहहरूको अध्यक्ष पदका लागि ७% उत्तरदाताहरूको प्राथमिकतामा पुरूष परेका छन् भने १७.७% उत्तरदाताहरूको रोजाईमा महिला परेका छन् । बचत तथा ऋण सहकारी संस्थाको अध्यक्षमा पुरूष नेतृत्वलाई ५.७% उत्तरदाताहरूले र महिला नेतृत्वलाई १९.४% उत्तरदाताहरूले प्राथमिकता दिएका छन् । यस्तै ढाँचा अन्य सबै नेतृत्व पदहरूमा देख्न सकिन्छ । सन् २०१८ र सन् २०२२ को बीचमा, केही अपवादहरु बाहेक, विभिन्न संस्थाहरूमा नेतृत्वदायी पदका लागि व्यक्तिको लिंग महत्त्वपूर्ण मापदण्ड नभई मुख्य कुरा व्यक्तिको सक्षमता हो भनेर सोच्ने उत्तरदाताहरूको हिस्सामा उल्लेख्य रूपमा बृद्धी भएको र सन् २०२२ मा भने अघिल्लो बर्षमा जस्तै स्थिर रहेको देखाउँछ ।

### विभिन्न संस्था/संस्थाहरुमा स्वीकार्य नेतृत्वदायी पदबारे धारणा, बर्ष अनुसार

| | बर्ष | महिला | पुरुष | सक्षम व्यक्ति | थाहा छैन |
|---|---|---|---|---|---|
| संघीय सरकारको कार्यकारी प्रमुखको पदमा | सन् २०१८ | १४.५% | १४.६% | ६८.२% | २.८% |
| | सन् २०२० | २०.१% | ९.२% | ७०.२% | ०.४% |
| | सन् २०२२ | १८.३% | ८.०% | ७३.६% | ०.२% |
| प्रदेश सरकारको कार्यकारी प्रमुखको पदमा | सन् २०१८ | १३.१% | १४.१% | ६९.०% | ३.८% |
| | सन् २०२० | १७.५% | ८.६% | ७३.५% | ०.४% |
| | सन् २०२२ | १५.९% | ८.३% | ७५.१% | ०.७% |
| स्थानीय सरकारको कार्यकारी प्रमुखको पदमा | सन् २०१८ | १३.८% | १३.१% | ६९.७% | ३.३% |
| | सन् २०२० | १७.२% | ८.९% | ७३.८% | ०.१% |
| | सन् २०२२ | १७.८% | ६.९% | ७५.२% | ०.१% |

| | बर्ष | महिला | पुरूष | सक्षम व्यक्ति | थाहा छैन |
|---|---|---|---|---|---|
| वडाध्यक्ष पदमा | सन् २०१८ | १८.६% | १२.९% | ६८.४% | ०.१% |
| | सन् २०२० | २०.१% | ८.१% | ७१.८% | ०.०% |
| | सन् २०२२ | १९.०% | ७.४% | ७३.६% | ०.०% |
| राजनीतिक दलको अध्यक्ष पदमा | सन् २०१८ | १४.६% | १४.२% | ७०.९% | ०.२% |
| | सन् २०२० | १४.२% | ७.९% | ७७.९% | ०.१% |
| | सन् २०२२ | १६.४% | ७.१% | ७६.५% | ०.०% |
| उपभोक्ता समूहहरूको अध्यक्ष पदमा | सन् २०१८ | २५.८% | ९.२% | ६४.९% | ०.१% |
| | सन् २०२० | १८.०% | ६.३% | ७५.५% | ०.१% |
| | सन् २०२२ | १७.७% | ७.०% | ७५.३% | ०.०% |
| बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष पदमा | सन् २०१८ | ३०.८% | ७.८% | ६१.४% | ०.१% |
| | सन् २०२० | १९.१% | ५.३% | ७५.५% | ०.१% |
| | सन् २०२२ | १९.४% | ५.७% | ७५.०% | ०.०% |
| विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा | सन् २०१८ | १६.३% | १४.८% | ६८.९% | ०.१% |
| | सन् २०२० | १७.४% | ६.४% | ७६.१% | ०.१% |
| | सन् २०२२ | १५.९% | ८.७% | ७५.३% | ०.०% |
| निजी कम्पनी/ संस्थाको कार्यकारी प्रमुख पदमा | सन् २०१८ | १३.९% | १६.९% | ६९.१% | ०.१% |
| | सन् २०२० | १४.८% | ७.०% | ७८.१% | ०.१% |
| | सन् २०२२ | १४.३% | ९.२% | ७६.५% | ०.०% |

*तालिका ४.७.१: Q-D11a-l. विभिन्न संघ संस्थामा नेतृत्वको बारेमा सोच्दा, उल्लेखित विभिन्न संघ संस्थाहरूमा तपाईंलाई महिला वा पुरुष कसको नेतृत्व बढी स्वीकार्य हुन्छ जस्तो लाग्छ ? (संख्या = १००८) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*


# ५. सुशासन र राजनीतिक सहभागीता

## ५.१ स्थानीय निकायको पुनर्संरचना

नेपालमा संघीयता कार्यान्वयनको पाँच वर्ष पुरा भएको सन्दर्भमा सर्वेक्षणमा सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूलाई स्थानीय निकायमा गरिएको पुनर्संरचनाले स्थानीय सरकारको सेवा प्रवाहको प्रभावकारितामा के कस्तो परिवर्तन आएको छ भनेर प्रश्न गरिएको थियो । सुदूरपश्चिम प्रदेशका दुई तिहाई भन्दा अलि बढी (६९.३%) उत्तरदाताहरूले पुनर्संरचनाले स्थानीय सरकारको सेवा प्रवाह क्षमतामा सुधार ल्याएको महसुस गरेका छन् भने ५.५% ले सेवा प्रवाह क्षमतामा ह्रास आएको धारणा राखेका छन् । त्यस्तै एक चौथाई (२५%) उत्तरदाताहरु स्थानीय निकायको पुनर्संरचनाले स्थानीय सरकारको सेवा प्रवाहमा न त सुधार भएको छ न त बिग्रिएको छ भन्ने धारणा राख्छन् ।

पुनर्संरचनाले स्थानीय सरकारको सेवा प्रवाहको क्षमता वृद्धि गर्न मद्दत गरेको ठान्ने उत्तरदाताहरूको हिस्सा सन् २०१७ मा रहेको ३६.६% बाट बृद्धी भई सन् २०१८ मा ५६.६% र सन् २०२० मा थप बढेर ७७% पुगेको थियो तर सन् २०२२ मा उत्तरदाताहरूको उक्त हिस्सा घटेर ६९.३% झरेको छ । अर्कोतर्फ, अहिलेनै केही भन्न नसकिने भन्ने उत्तरदाताहरूको हिस्सामा सर्वेक्षण बर्षहरूमा क्रमशः गिरावट आएको छ । उत्तरदाताहरूको यो हिस्सा सन् २०१७ मा २१.७% थियो भने सन् २०२२ मा सबैभन्दा न्युन ०.१% रहेको छ ।

**स्थानीय निकायको पुनर्संरचनाप्रतिको दृष्टिकोण, बर्ष अनुसार**




*चित्र ५.१.१: Q-E4. तपाइको विचारमा पुनर्संरचनापछि जनतालाई सेवा प्रदान गर्ने स्थानीय सरकारको क्षमतामा कस्तो परिवर्तन भएको छ जस्तो लाग्छ ? (संख्या = १००८)*

हिमाली क्षेत्रका गाउँपालिकामा बसोबास गर्ने (८५.९%) उत्तरदाताहरूले र तराई क्षेत्रका गाउँपालिकामा बसोबास गर्ने (८५%) उत्तरदाताहरूले स्थानीय निकायको पुनर्संरचनापछि स्थानीय सरकारको क्षमतामा सुधार भएको उल्लेख गरेका छन् । पहाडी दलित समुदायका (६३%) उत्तरदाताहरूको तुलनामा मधेसी आदिवासी/जनजाति समुदायका र पहाडी आदिवासी/जनजाति समुदायका बढि (क्रमश : ७३.७%, ७२.२%) उत्तरदाताहरूले स्थानीय निकायको पुनर्संरचनाले आफ्नो स्थानीय सरकारको सेवा प्रवाहको क्षमता बढाउन मद्दत गरेको उल्लेख गरेका छन् ।

## ५.२ सामाजिक सुरक्षा

### सामाजिक सुरक्षामा जनचेतना

सर्वेक्षणमा सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूलाई सरकारले शुरू गरेका विभिन्न प्रकारका सामाजिक सुरक्षा कार्यक्रमहरु बारे उनीहरू जानकार छन् कि छैनन् र त्यसको लाभ उनीहरु वा उनीहरूका परिवारले प्राप्त गरेका छन् कि छैनन् भनेर बुझ्न खोजिएको थियो । सरकारले लागु गरेका विभिन्न प्रकारका सामाजिक सुरक्षा कार्यक्रमहरु (जुन तालिका ५.२.१ मा सूचीवद्ध गरिएको छ) मध्ये सुदूरपश्चिम प्रदेशको उत्तरदाताहरूको ठूलो हिस्साले ज्येष्ठ नागरिक भत्ता (९८.४%), एकल महिला भत्ता (९७%), स्वास्थ्य बीमा (९१.२%) र अपाङ्गता भत्ता (९०.३%) बारेमा सुनेको बताएका छन् । त्यस्तै, उत्तरदाताहरूको लगभग तीन चौथाईले बाल संरक्षण अनुदान (७२.१%), बाल पोषण अनुदान (७४.७%) र बेरोजगारी भत्ता (६५.२%) बारेमा जानकारी भएको उल्लेख गरेका छन् । त्यसैगरी, एक चौथाई (२५.४%) उत्तरदाताहरूले लोपोन्मुख आदिवासीहरूको लागि अनुदान र रोजगारीबाट योगदानमा लाभको (२२.१%) बारेमा पनि सुनेको बताएका छन् ।

सुदूरपश्चिम प्रदेशमा सन् २०२० को तुलनामा, सन् २०२२ मा विभिन्न सामाजिक सुरक्षा सुविधाहरूको बारेमा सुनेका उत्तरदाताहरूको अनुपातमा सामान्य वृद्धि भएको छ । सन् २०२० को तुलनामा सन् २०२२ मा बेरोजगारी भत्ता, स्वास्थ्य बीमा लाभहरु, बाल संरक्षण अनुदान, बाल पोषण अनुदान र लोपोन्मुख आदिवासीका लागि अनुदानको बारेमा आफूहरु जानकार रहेको उल्लेख गर्ने उत्तरदाताहरूको अंशमा केहि वृद्धि भएको छ भने ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, अशक्तता भत्ता बारेमा आफूहरु जानकार रहेको उल्लेख गर्ने उत्तरदाताहरूको अंशमा सामान्य वृद्धि भएको छ । स्वास्थ्य बीमा लाभबारे सचेत व्यक्तिको अंश सन् २०२० मा रहेको ६३.३% को तुलनामा सन् २०२२ मा केहि वृद्धि (८१.२%) भएको छ ।

**सामाजिक सुरक्षा कार्यक्रमबारे जानकारी भएका र त्यसको लाभ प्राप्त गर्ने संख्या, बर्ष अनुसार**

| | हो, मैले सुनेको छु | | हो, हामीले प्राप्त गरेका छौं | |
|---|---|---|---|---|
| | सन् २०२० | सन् २०२२ | सन् २०२० | सन् २०२२ |
| **ज्येष्ठ नागरिक भत्ता** | ९७.८% | ९८.४% | २९.७% | १८.५% |
| **एकल महिला भत्ता** | ९६.७% | ९७.०% | १९.६% | ९.६% |
| **अशक्तता भत्ता** | ८९.१% | ९०.३% | ३.०% | ३.६% |
| **बेरोजगारी भत्ता** | ६०.०% | ६५.२% | ०.४% | ४.०% |
| **स्वास्थ्य बीमा लाभहरू** | ६३.३% | ९१.२% | १०.५% | १७.२% |
| **बाल संरक्षण अनुदान** | ६९.०% | ७२.१% | २९.७% | ११.५% |
| **रोजगारीबाट योगदानमा लाभ** | ३३.२% | २२.१% | ३.८% | १५.२% |
| **बाल पोषण अनुदान** | ६८.५% | ७४.७% | २९.८% | २५.५% |
| **लोपोन्मुख आदिवासीका लागि अनुदान** | २०.०% | २५.४% | ०.०% | ०.६% |

*तालिका ५.२.१: Q-E8a.1- E8a.10. तपाईंले बिभिन्न प्रकारका सामाजिक सुरक्षा कार्यक्रमहरूको बारेमा सुन्नुभएको छ ? (संख्या = १००८) ।*
*E8-b.1- E8b.10. तपाईंले वा परिवारका सदस्यहरूले उक्त सामाजिक सुरक्षा कार्यक्रमहरूको लाभ लिनुभएको छ ?*

सरकारले ल्याएको सामाजिक सुरक्षा कार्यक्रमबारे सचेत रहेका उत्तरदाताहरूलाई आफू वा आफ्नो परिवारका अन्य सदस्यहरूले यी मध्ये कुनै सामाजिक सुरक्षा सुविधा पाएका छन् वा छैनन् भनी थप सोधिएको थियो । सुदूरपश्चिम प्रदेशका एक चौथाई (२५.५%) उत्तरदाताहरूले उनीहरूको परिवारका सदस्यहरूले बालबालिका पोषण अनुदान प्राप्त गरेको र १८.५% ले ज्येष्ठ नागरिक भत्ता पाएको बताए । त्यसैगरी, स्वास्थ्य बीमा लाभ (१७.२%), रोजगारीबाट योगदान (१५.२%), बाल संरक्षण अनुदान (११.५%) र एकल महिला भत्ता (९.६%) जस्ता सामाजिक सुरक्षा लाभहरु प्राप्त गरेको गरेको उल्लेख गरेका छन् । अघिल्लो बर्षको तुलनामा बेरोजगारी भत्ता र स्वास्थ्य बीमा सुविधा पाउनेको प्रतिशतमा बृद्धि भएको र ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, बाल संरक्षण अनुदान र बाल पोषण प्राप्त गर्नेको प्रतिशतमा कमी आएको देख्न सकिन्छ (तालिका ५.२.१) ।

**सामाजिक सुरक्षाप्रतिको सन्तुष्टि**

सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरु, जसले आफू वा आफ्नो परिवारका कोही व्यक्तिले सामाजिक सुरक्षा सुविधा पाएको बताएका थिए, उनीहरूलाई शून्यदेखि दशको स्केलमा सामाजिक सुरक्षा लाभहरूप्रति उनीहरूको सन्तुष्टिको स्तरबारे सोधिएको थियो । उत्तरदाताहरूलाई शून्यले अत्यधिक असन्तुष्ट र दशले अत्यन्तै सन्तुष्ट जनाउँछ भनी बताइएको थियो । सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूमा सन्तुष्टिको औसत स्तर (७.७६ अंक) रहेको देखिन्छ । यस औसतले सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरु सरकारको सामाजिक सुरक्षा भत्ता प्रति अत्यन्तै सन्तुष्ट रहेको देखाउँछ । अघिल्लो बर्ष सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूमा सन्तुष्टिको औसत स्तर ७.६ अंक रहेको थियो ।

## ५.३ संस्थाप्रतिको विश्वास

सर्वेक्षणका सबै बर्षहरूमा सुदुरपश्चिम प्रदेशका उत्तरदाताहरूलाई विभिन्न व्यक्ति, संघ, संस्था र निकायहरूप्रति उनीहरूको कति को आस्था वा विश्वास छ भनेर सोधिएको थियो । सन् २०२२ को सर्वेक्षणमा सरकारी र स्वतन्त्र गरी विभिन्न १९ प्रकारका संस्थाहरूप्रति उत्तरदाताहरूको विश्वास कति को छ भनी मापन गरिएको थियो । सन् २०२२ मा सुदुरपश्चिम प्रदेशका सबैभन्दा बढी (९६.१%) उत्तरदाताहरूले लोक सेवा आयोग प्रति विश्वास गरेको देखिन्छ भने सञ्चार माध्यम (टेलिभिजन, रेडियो, पत्रपत्रिका) प्रति (९४.४%), समुदायमा आधारित सामजिक समूहहरु (महिला समूह, बचत तथा ऋण समूह) प्रति ९३.०%, धार्मिक/जातिमा आधारित संस्थाप्रति (९२.२%), सरकारी कर्मचारी प्रति (९१.७%) र नेपाली सेना प्रति (९१.०%) उत्तरदाताहरूले विश्वास गर्ने गरेको बताएका छन् । त्यसैगरी, उत्तरदाताहरूको ठूलो हिस्साले सशस्त्र प्रहरी बल (८८.५%), गैरसरकारी संस्था/मानवअधिकार संस्था (८७.१%), नगरपालिका वडा (८६.७%), अदालत (८५.४%), न्यायिक समिति (८४.९%), स्थानीय सरकार (८४.०%) र प्रहरी (८३.३%) लाई विश्वास गर्ने गरेको बताएका छन् । आधा भन्दा बढी उत्तरदाताहरूले संघीय सरकार (६३.९%) र प्रादेशिक सरकार (६२.२%) प्रति विश्वास गरेको कुरा उल्लेख गरेका छन् । सर्वेक्षण नतिजाले सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूमा राजनीतिक दलहरूप्रति सबैभन्दा कम (४४.१%) विश्वास रहेको देखिएको छ ।

विभिन्न व्यक्ति र संस्थाहरूप्रति आफ्नो विश्वास दर्शाउने उत्तरदाताहरूको हिस्सा सर्वेक्षणका बर्षहरूमा प्राय समान रहेको छ, उत्तरदाताहरूको यो हिस्सामा उल्लेखनिय फरक देखिएको छैन । सर्वेक्षणको नतिजाले सङ्घीय र प्रदेश सरकारको तुलनामा समुदायमा आधारित संस्था (सीबीओ), सञ्चारमाध्यम, सेना र सशस्त्र प्रहरी बल र लोकसेवा आयोगले समयावधिमा बहुसंख्यक जनताको विश्वास प्राप्त गरेको देखिएको छ । यो ढाँचा बिगतका बर्षहरूमा जस्तै निरन्तर रहेको छ । समग्रमा भने सन् २०२२ मा उल्लिखित सबै संस्थाहरु प्रती उत्तरदाताहरूको विश्वासको स्तर घटेको देखिएको छ (तालिका ५.३.१) ।

**संस्थाहरूप्रति विश्वास[८], बर्ष अनुसार**


| | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|
| संघीय सरकार | ८१.३% | ७१.६% | ८२.५% | ६३.९% |
| प्रदेश सरकार | लागु नहुने | ६६.७% | ८०.१% | ६२.२% |
| जिल्ला समन्वय समिति | लागु नहुने | ७०.१% | ८३.८% | ६७.५% |
| नगरपालिका/गाउँपालिका/स्थानीय सरकार | लागु नहुने | लागु नहुने | ८८.२% | ८४.०% |
| गाउँपलिका/नगरपालिका वडा | लागु नहुने | लागु नहुने | लागु नहुने | ८६.७% |
| स्थानीय समुदायका नेताहरु | लागु नहुने | लागु नहुने | ९०.०% | ७५.८% |
| राजनीतिक दलहरु | ७५.१% | ५५.२% | ७१.६% | ४९.०% |
| अदालतहरु | ९४.०% | ८८.४% | ९४.७% | ८५.४% |
| न्यायिक समितिहरु | लागु नहुने | ८४.४% | ९३.८% | ८४.९% |
| प्रहरी | ९०.९% | ७६.३% | ९३.८% | ८३.३% |
| सशस्त्र प्रहरी बल | ८८.५% | ८१.४% | ९५.१% | ८८.५% |
| नेपाली सेना | ८९.२% | ८७.७% | ९५.८% | ९१.०% |
| मिडिया (टेलीभिजन, रेडियो, समाचार पत्र) | ९७.८% | ९६.६% | ९७.९% | ९४.४% |
| गैरसरकारी संस्थाहरु/मानव अधिकारवादी | ९१.२% | ८८.८% | ८८.४% | ८७.१% |
| धार्मिक/जातिमा आधारित संगठनहरु | ८८.३% | ८६.१% | ८९.१% | ९२.२% |
| समुदायमा आधारित सामजिक समूहहरु | ९५.८% | ९४.४% | ९१.९% | ९३.०% |
| लोक सेवा आयोग | लागु नहुने | ९४.२% | ९४.७% | ९६.१% |
| सामाजिक सञ्जाल (फेसबुक/ट्विटर आदि) | लागु नहुने | लागु नहुने | ७९.४% | ६८.६% |
| सरकारी कर्मचारी | लागु नहुने | लागु नहुने | ९१.७% | ९१.७% |

*तालिका ५.३.१: Q-E9 a-v. अब तपाईंलाई नेपालका विभिन्न संघ/संगठन, संस्थाहरूको बारेमा सोधिन्छ । तपाई यी संघ/संगठन, संस्थाहरूलाई कतिको विश्वास गर्नुहुन्छ ? (धेरै विश्वास, केही विश्वास, त्यति विश्वास गर्दिन, पटक्कै विश्वास गर्दिन) (संख्या = १००८) ("भन्न चाहान्न" र "थाहा छैन" भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

८ धरै विश्वास र केही विश्वासको संयुक्त आंकडा

## ५.४ सार्वजनिक सेवाहरूप्रतिको जानकारी

सुदूरपश्चिम प्रदेशका सबै उत्तरदाताहरु तीन तहका सरकारहरु (स्थानीय, प्रदेश र संघीय) बाट उपलब्ध गराइने विभिन्न सेवाबारे सचेत छन् कि छैनन् भन्ने जान्न प्रश्न सोधिएको थियो । सन् २०२२ मा उत्तरदाताहरूको पाँचमध्ये करीब तीन भाग (६२.९%) ले उनीहरूको स्थानीय सरकारले प्रदान गर्ने सार्वजनिक सेवाहरु बारे सचेत रहेको बताए । त्यसैगरी, ३०.२% उत्तरदाताहरूले प्रदेश सरकारबाट उपलब्ध गराइने सेवाहरु बारे जानकार रहेको र ३२.६% उत्तरदाताहरूले सङ्घीय सरकारले दिने सेवाहरूबारे जानकार रहेको बताएका छन् । तथ्याङ्कले स्थानीय सरकारले प्रदान गर्ने सेवाहरूको बारेमा आफू सचेत रहेको उल्लेख गर्ने उत्तरदाताहरूको प्रतिशत समय सँगै बृद्धी भएको देखाउँछ (सन् २०१८ मा रहेको ५१.९% बाट बढेर सन् २०२० मा ५४.८% र सन् २०२२ मा ६२.९%) । सन् २०२० को तुलनामा, सन् २०२२ मा प्रादेशिक र सङ्घीय सरकारले उपलब्ध गराउने सेवाबारे सचेत रहेको बताउने उत्तरदाताहरूको संख्या केही वृद्धि भएको छ ।




*चित्र ५.४.१: Q-E10AM-AO1. तपाईंको स्थानीय, प्रदेश र संघीय सरकारले प्रदान गर्ने सार्वजनिक सेवाहरूको बारेमा जानकार हुनुहुन्छ ? (संख्या = १००८) ("भन्न चाहान्न" भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

सुदूरपश्चिम प्रदेशका पुरूष (७२.५%) उत्तरदाताहरु भन्दा धेरै कम (५५%) महिला उत्तरदाताहरु, स्थानीय सरकारहरूले प्रदान गर्ने सेवाहरूको बारेमा सचेत रहेका छन् । यो प्रदेशको तराई क्षेत्रमा बसोबास गर्ने (६६.१%) उत्तरदाताहरूको तुलनामा हिमाल (६३.४%) र पहाडमा बसोबास गर्ने कम (५८.८%) उत्तरदाताहरु स्थानीय सरकारले प्रदान गर्ने सेवाबारे सचेत रहेका छन् । त्यसैगरी, गाउँपालिकाका (६४.८%) र शहरी क्षेत्रका (६१.८%) उत्तरदाताहरूमा स्थानीय सरकारले प्रदान गर्ने सेवाहरूको जानकारीको बारेमा कुनै उल्लेखनीय भिन्नता देखिएको छैन । त्यस्तै स्थानीय सरकारले प्रदान गर्ने सेवाको हकमा पहाडी जाति समुदायका (६८.३%) र मधेसी आदिवासी/जनजाति समुदायका (६०.५%) उत्तरदाताहरु भन्दा पहाडी दलित समुदायका कम (४६.४%) उत्तरदाताहरु सचेत रहेका छन् ।

### सरकारले प्रदान गरेका विभिन्न सेवाहरू

सर्वेक्षणमा प्रत्येक तहका सरकारले प्रदान गरेका सेवाहरूबारे जानकार छु भन्ने उत्तरदाताहरूलाई प्रत्येक सरकारले प्रदान गर्ने सेवाहरूको नाम उल्लेख गर्न भनिएको थियो । स्थानीय सरकारले प्रदान गरेका सेवाहरूको सन्दर्भमा सुदूरपश्चिम प्रदेशका ८४.८% उत्तरदाताहरूले सडक/भौतिक पूर्वाधारको नाम लिएका छन् भने, त्यसपछि शिक्षा सम्बन्धी सेवा (५९.४%), खानेपानी सम्बन्धी सेवा (५५.२%), स्वास्थ्य सम्बन्धी सेवा (५०.३%) र रोजगारी सम्बन्धी सेवा (३०.५%) को नाम उल्लेख गरेका छन् । करीब एक चौथाई (२६%) उत्तरदाताहरूले आफूहरु विद्युत सम्बन्धी सेवाबारे सचेत रहेको बताएका छन् । ।


प्रदेश सरकारले प्रदान गरेका सेवाहरूमा पनि अधिकांश (८१.५%) उत्तरदाताहरूले सडक/भौतिक पूर्वाधारको नाम लिएका छन् भने, त्यसपछि शिक्षा सम्बन्धी सेवा (६६.८%), खानेपानी सम्बन्धी सेवा (५४.२%) र रोजगारी सम्बन्धी सेवा (४९.८%) को नाम उल्लेख गरेका छन् भने एक चौथाई (२६.२%) ले विद्युत सम्बन्धी सेवाको नाम उल्लेख गरेका छन् ।

संघीय सरकारले प्रदान गरेका सेवाहरूको सन्दर्भमा, अधिकांश (८२.६%) उत्तरदाताहरूले उच्च शिक्षासम्बन्धी सेवाको नाम लिएका छन् भने,, त्यसपछि राष्ट्रिय राजमार्ग/भौतिक पूर्वाधार (८१.४%), रोजगारी (६१.९%) र ठुला जलविद्युत योजनाहरु (५१.८%) को नाम उल्लेख गरेका छन् । साथै, उनीहरूले स्वास्थ्य सम्बन्धी नीति तथा सेवाहरु (४९.७%), ठूलो सिँचाइ योजनाहरु (४५.४%) र सामाजिक सुरक्षा (३५.७%) जस्ता सेवाहरूको नाम पनि उल्लेख गरेका छन् ।

स्थानीय सरकारले प्रदान गरेका सेवाहरूको बारेमा जानकारी नभएको बताउने उत्तरदाताहरूलाई ती सूचना जनतासम्म पुर्याउने प्रभावकारी माध्यम के हुन्छ होला भनी सुझाव दिन अनुरोध गरिएको थियो । त्यस सन्दर्भमा, अधिकांश (७०%) उत्तरदाताहरूले साथी, परिवार र छिमेकी जस्ता अनौपचारिक स्रोतहरु, त्यसपछि क्रमशः २९.१% ले स्थानीय समुदायका नेताहरु र २७.९% ले रेडियो नेपाललाई स्थानीय सरकारले प्रदान गरेका सेवाहरूको बारेमा जानकारी पुर्याउने प्रभावकारी माध्यम हुन् सक्दछन् भनी उल्लेख गरेका छन् । उनीहरूले पर्चा/पोस्टरहरु (२१.४%) र टेलिभिजन (१८.६%) लाई पनि स्थानीय सरकारी सेवाहरूबारे सूचना प्रवाहको प्रभावकारी माध्यमको रूपमा उल्लेख गरेका छन् ।

अघिल्लो बर्षको तुलनामा परिवार, साथीभाई र छिमेकीहरु उल्लेख गर्ने उत्तरदाताहरूको अंशमा वृद्धि भएको छ (सन् २०२० मा रहेको ६३.५% बाट सन् २०२२ मा ७०%) । सन् २०२० मा रहेको ९.६% को तुलनामा, पर्चा/पोस्टर मार्फत् सार्वजनिक सेवाको जानकारी फैलाउन सकिने उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सामा सन् २०२२ मा ११.८% अंकले वृद्धि भई २१.४% पुगेको छ भने स्थानीय सामुदायिक रेडियो, रेडियो नेपाल, टेलिभिजन, स्थानीय समुदायका नेता र समुदायमा आधारित समूह (महिला समूह, बचत तथा ऋण आदि) मार्फत् सञ्चारको माध्यमको रूपमा उल्लेख गर्नेहरूको हिस्सा सन् २०२० को तुलनामा सन् २०२२ मा उल्लेख्य रूपमा घटेको छ । त्यसैगरी, इन्टरनेट (स्थानीय सरकारको वेबपेजद्वारा) र सामाजिक सञ्जाल उल्लेख गर्ने उत्तरदाताको अंशमा थोरै वृद्धि देखिएको छ ।

**स्थानीय सरकारले प्रदान गरेका सेवाहरूबारेमा जानकारी प्रवाह गर्ने प्रभावकारी माध्महरू**




*चित्र ५.४.२: Q-E10AM.3_1. [यदि Q-E10AM.1 मा "थाहा छैन" भन्ने जवाफ आएमा] तपाईंको क्षेत्रमा स्थानीय सरकारले प्रदान गर्ने सेवाहरु बारे तपाईलाई सजिलैसँग सचेत गराउन के गर्नुपर्छ ? (संख्या = ३७४)*

## ५.५ सार्वजनिक सेवाहरू लिंदाको अनुभव

सर्वेक्षणमा उत्तरदाताहरूलाई स्थानीय सरकारबाट प्राप्त हुने विभिन्न १५ वटा सेवाहरूको नाम उल्लेख गर्दै विगत एक बर्षमा उनीहरूले उक्त कुनै सेवा लिए कि लिएनन् भनेर सोधिएको थियो । सेवाहरु जस्तैः नागरिकताको लागि सिफारिस, सामाजिक सुरक्षा सेवाहरु (अपाङ्गता, ज्येष्ठ नागरिक, आदि) को लागि सिफारिस, एकल महिला, ज्येष्ठ नागरिक र अपाङ्गका लागि सामाजिक सुरक्षा भत्ता, जन्म प्रमाणपत्र, मृत्यु प्रमाणपत्र, विवाह प्रमाणपत्र, सम्बन्ध-विच्छेद प्रमाणपत्र, अपाङ्गता परिचय पत्र, सरकारी विद्यालयमा भर्ना, सरकारी स्वास्थ्य चौकी/अस्पताल आदिमा स्वास्थ्य जाँच गराउन लगायत सेवाहरु प्रश्नावलीमा समावेश गरीएका थिए । उत्तरदाताहरूलाई यी सेवाहरु प्राप्त गर्न कतिको सजिलो छ भनेर पनि सोधिएको थियो ।

सन् २०२२ मा, सुदूरपश्चिम प्रदेशका ठूलो हिस्साले उत्तरदाताहरूले स्थानीय सरकारले उपलब्ध गराएको उल्लिखित कुनै पनि सेवा आफूहरूले नलिएको उल्लेख गरेका छन् । विगत एक बर्षमा आफ्नो गाउँ/नगरपालिकाबाट उपलब्ध गराइएका सार्वजनिक सेवाहरु लिएको जवाफ दिनेहरूको ठुलो हिस्साले गाउँ/नगरपालिकाबाट उपलब्ध गराइएका सार्वजनिक सेवाहरु लिंदा सजिलो महसुस भएको जनाएका छन् । उदाहरणका लागि, दशमध्ये करीब छ जना (६१.८%) उत्तरदाताहरूले नागरिकताको सिफारिस सम्बन्धि कुनै पनि सेवा नलिएको जनाएका छन् भने उक्त सेवा लिने उत्तरदाताहरु मध्ये ८९.१% उत्तरदाताहरूले सेवा प्राप्त गर्न सहज भएको जवाफ दिएका छन् र १०.९% उत्तरदाताहरु ले भने सेवा लिन गाह्रो भएको बताएका छन् । समग्रमा स्थानीय नगरपालिकाले दिएको सेवा प्राप्त गरेका दुई तिहाई भन्दा बढी उत्तरदाताहरूले सेवा लिन सहज भएको बताए (सामाजिक सुरक्षा भत्ता लिएका ८८.५% देखि बसाइँ-सराइँ प्रमाणपत्र लिएका १००%) । तथ्यांक अनुसार, सन् २०२२ मा रोजगारी सम्बन्धी, व्यवसायको इजाजतपत्र लिन, न्यायिक समितिले दिने सेवा र अन्य सरकारी कामका लागि सिफारिस लिने लगायत विभिन्न सार्वजनिक सेवामा सहज पहुँच बढेको छ । जबकि, नागरिकताको लागि सिफारिस, सामाजिक सुरक्षा भत्ता (एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्ग) र जन्मदर्ता, मृत्युको प्रमाणपत्र, विवाहको प्रमाणपत्र, बसाइँ-सराइ प्रमाणपत्रको लागि सिफारिस लिन सहज भएको भन्ने उत्तरदाताहरूको हिस्सा घटेको देखिन्छ (तालिका ५.५.१) ।

**स्थानीय सरकारबाट प्राप्त सेवाहरू र सो सेवाहरू लिंदाको अनुभव, बर्ष अनुसार**

| सेवाको प्रकार | विगत एक बर्षमा स्थानीय सरकारबाट प्राप्त सेवाहरू | | यदि हो भने, शहरी नगरपालिका/गाउँपालिकामा सेवाहरू प्राप्त गर्न सजिलो[९] | | |
|---|---|---|---|---|---|
| | सन् २०२० | सन् २०२२ | संख्या | सन् २०२० | सन् २०२२ |
| नागरिकताको लागि सिफारिस | २३.१% | ३८.२% | ३८५ | ९५.५% | ८९.१% |
| सामाजिक सुरक्षा भत्ता (एकल महिला, ज्येष्ठ नागरिक, शारीरिक रूपमा अशक्त) | ३१.९% | ३०.२% | ३०४ | ९६.२% | ८८.५% |
| जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, बसाईसराई प्रमाणपत्र | २४.४% | ४१.५% | ४१८ | ९८.५% | ९७.४% |
| पारपाचुके प्रमाणपत्र | लागु नहुने | ९.८% | ९९ | - | १००.०% |
| रोजगारी सम्बन्धी सेवाहरु | ३.५% | १९.९% | २०० | ७१.४% | ९३.९% |
| न्यायिक समिति द्वारा प्रदान सेवाहरु | २.२% | २०.४% | ८०३ | ८५.८% | ९६.६% |
| भूमि कर/राजस्व सम्बन्धी सेवाहरु | ५२.९% | ६४.८% | ६५३ | ९५.४% | ९७.९% |
| सरकारी विद्यालयमा भर्नाको लागि | ५९.४% | ६३.९% | ६४४ | ९८.२% | ९९.७% |
| सरकारी स्वास्थ्य चौकी/अस्पतालमा स्वास्थ्य जाँचको लागि | ८१.५% | ९१.७% | ९२४ | ९६.४% | ९७.३% |
| प्रहरीबाट सेवा लिंदा | ५.९% | १५.८% | १५९ | ८७.०% | ९४.९% |
| ब्यापार अनुमति पत्र | ३.२% | १३.६% | १३७ | ७४.२% | ९४.७% |
| कर सम्बन्धि कामहरु | २६.१% | ५०.३% | ५०७ | ९३.९% | ९८.२% |
| अन्य सरकारी कामको लागि सिफारिस | ५.३% | २५.७% | २५९ | ८७.४% | ९८.३% |
| अपाङ्गता विशेष सेवाहरु (जस्तैः सहायक, औषधी, पुनर्वास, छात्रवृत्ति, आदि) | लागु नहुने | १५.४% | १५५ | ०.०% | ९९.०% |

*तालिका ५.५.१: Q-E10A-P गत १ वर्षमा तपाईले आफ्नो गाउँपालिका/नगरपालिकामा प्राप्त हुने बिभिन्न सेवा सुबिधा लिनुभएको छ ?*
*तपाईको विगत एक बर्षको अनुभवका आधारमा स्थानीय तहमा निम्न सार्वजनिक सेवाहरु प्राप्त गर्न कतिको सहज वा कठिन छ ?*

स्थानीय सरकारबाट कुनै पनि सेवा प्राप्त गर्न प्रयास गर्दा "गाह्रो" भएको उल्लेख गर्ने उत्तरदाताहरूले निम्न कारणहरु उल्लेख गरेका छन्: "सेवा प्राप्त गर्न जटिल/झन्झटिलो प्रक्रिया", "सेवामा ढिलाइ" र "अधिकारीहरूको गैरजिम्मेवार मनोवृत्ति" । यी बाहेक अन्य कारणमा प्रहरीसंग सेवाहरु लिंदा भेदभाव पूर्ण व्यवहार भोग्नुपरेको, रोजगारी सम्बन्धी सेवाहरूमा राजनीतिक प्रभाव देखिएको र सरकारी स्वास्थ्य चौकी/अस्पतालहरूमा स्वास्थ्य सेवा लिन जाँदा भौतिक पूर्वाधार नभएको कारणले गाह्रो भएको उल्लेख गरेका छन् ।

## ५.६ शिक्षाप्रतिको धारणा

### विद्यालयको प्रकार र शिक्षाको गुणस्तर

सुदूरपश्चिम प्रदेशका ६९.३% उत्तरदाताहरूले आफ्नो बालबालिका सरकारी विद्यालयमा भर्ना गरेको र २०.८% उत्तरदाताहरूले निजी विद्यालयमा भर्ना गरेको उल्लेख गरेका छन् । शहरी नगरपालिकाका (५९.१%) उत्तरदाताहरूको तुलनामा ग्रामीण नगरपालिकाका धेरै (८६.९%) उत्तरदाताहरूले सरकारी विद्यालयमा आफ्नो बालबालिका भर्ना गरेको उल्लेख गरेका छन् । त्यसैगरी, पहाडी क्षेत्रका (८८.२%) र तराईका (४४.२%) उत्तरदाताहरु भन्दा हिमाली क्षेत्रका बढी (९३.८%) उत्तरदाताहरूले

९ "धेरै सजिलो" र "सजिलो" को संयुक्त आंकडा

आफ्ना छोराछोरीलाई सरकारी विद्यालयमा भर्ना गरेको उल्लेख गरेका छन् । पहाडी दलित समुदायका (८२.२%) उत्तरदाताहरूले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा भर्ना गराएका छन् भने पहाडी जाति समुदायका ६९.५% उत्तरदाताहरूले आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा भर्ना गरेका छन् ।

### सरकारी वा निजी विद्यालयमा बालबालिका भर्ना, बर्ष अनुसार

| बर्ष | सरकारी विद्यालय | | | निजी विद्यालय | | | दुवै (सरकारी र निजी) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सन् २०१८ | सन् २०२० | सन् २०२२ | सन् २०१८ | सन् २०२० | सन् २०२२ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
| समग्र देश | ५६.६% | ५५.३% | ५७.२% | ३५.७% | ३६.८% | ३५.६% | ७.७% | ७.९% | ७.२% |
| सुदूरपश्चिम प्रदेश | ७१.३% | ६८.०% | ६९.३% | २२.०% | २१.५% | २०.८% | ६.६% | १०.५% | ९.९% |


*तालिका ५६.१ः Q-E11. तपाईको परिवारमा सरकारी विद्यालयमा पढिरहेका बालबालिका छन् ? Q-E11A. तपाईँको परिवारमा निजी विद्यालय मा पढिरहेका बच्चाहरु छन् ?(संख्या = ७६२) ("लागू नहुने" भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

### विद्यालय पुग्न लाग्ने समय र शिक्षाको गुणस्तरप्रतिको धारणा

आफ्नो बालबालिका सरकारी विद्यालयमा पढ्ने गरेको उल्लेख गरेका ९४.१% उत्तरदाताहरु र निजी विद्यालयमा पढ्ने उल्लेख गरेका ९८.६% उत्तरदाताहरूले आफ्नो बालबालिकाहरूलाई घरबाट विद्यालय पुग्न एक घण्टा भन्दा कम समय लाग्ने बताएका छन् । उत्तरदाताहरूको थोरै अनुपातले मात्र आफ्ना छोराछोरीहरूलाई घरबाट विद्यालय पुग्न एक घण्टा बढी वा सो भन्दा बढी समय लाग्ने उल्लेख गरेका छन् ।

सुदूरपश्चिम प्रदेशका धेरैजसो अभिभावकहरूले सरकारी र निजी दुवै विद्यालयमा शिक्षाको गुणस्तरलाई "धेरै राम्रा" वा "राम्रो" भनेर मूल्याङ्कन गरेका छन् । सरकारी विद्यालयहरूमा शिक्षाको गुणस्तरलाई "धेरै राम्रो" वा "राम्रो" भनेर मूल्याङ्कन गर्ने उत्तरदाताहरूको हिस्सामा क्रमशः गिरावट आएको छ भने निजी विद्यालयहरूमा शिक्षाको गुणस्तरलाई "धेरै राम्रो" वा "राम्रो" भनेर मूल्याङ्कन गर्ने उत्तरदाताहरूको हिस्सामा बिस्तारै बृद्धी भएको देखिएको छ । सरकारी विद्यालयहरूमा शिक्षाको गुणस्तरलाई "धेरै राम्रो" भनेर मूल्याङ्कन गर्ने उत्तरदाताहरूको अनुपात क्रमशः घट्दै गएको देखिन्छ । उत्तरदाताहरूको उक्त अनुपात सन् २०१८ मा रहेको ५.१% बाट घटेर सन् २०२० मा ४.१% पुगेकोमा सन् २०२२ मा यो अनुपात १.६% पुगेको छ र निजी विद्यालयहरूमा शिक्षाको गुणस्तरलाई "धेरै राम्रो" भनेर मूल्याङ्कन गर्ने उत्तरदाताहरूको अनुपात सन् २०१८ मा १३.१% रहेको मा सन् २०२२ मा घटेर ५.६% पुगेको छ ।

### शिक्षाको गुणस्तर प्रतिको धारणा, बर्ष अनुसार




*चित्र ५६.१ः Q-E11b र Q-E11Aii. त्यस विद्यालयको शिक्षाको गुणस्तरलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ[१०] ? (संख्या = ६०४ सरकारी विद्यालयमा जाने बालबालिका र संख्या = २३३ निजी विद्यालयमा जाने बालबालिकाका अभिभावकहरु सँग सोधिएको)*

---

१० पूर्ण सहमत र केही सहमतको संयुक्त आंकडा ।

### विद्यालयमा प्रदान गरिने शिक्षाको गुणस्तरको लागि जिम्मेवार निकायहरू

धेरैजसो अभिभावकहरूले सरकारी र निजी (क्रमशः ९१.८% र ९२.९%) विद्यालयहरूमा शिक्षाको गुणस्तर कायम राख्न प्रमुख जिम्मेवार स्थानीय सरकार हो भन्ने राय ब्यक्त गरेका छन् । सर्वेक्षण बर्षहरूमा, उत्तरदाताहरूको बढ्दो संख्याले आफ्नो क्षेत्रमा शिक्षाको गुणस्तर कायम राख्न स्थानीय सरकारको मुख्य भुमिका रहेको उल्लेख गरेका छन् । उत्तरदाताहरूको थोरै हिस्साले सरकारी र निजी विद्यालयहरूमा शिक्षाको गुणस्तर कायम राख्न विद्यालय व्यवस्थापन समिति, शिक्षक वा अभिभावकलाई जिम्मेवार निकायको रूपमा मानेका छन् ।

### शिक्षाको गुणस्तर कायम गर्ने जिम्मेवार निकाय, बर्ष अनुसार

| जिम्मेवार निकाय | सरकारी विद्यालय | | | | निजी विद्यालय[११] | | |
|---|---|---|---|---|---|---|---|
| | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
| स्थानीय सरकार | ७७.१% | ७८.२% | ७८.६% | ९१.८% | ६५.५% | ९२.५% | ९२.९% |
| प्रदेश सरकार | - | २.७% | २.०% | १.५% | १.५% | २.५% | ३.९% |
| संघीय सरकार | ५.६% | ८.८% | ६.५% | ३.४% | ८.४% | - | ३.३% |
| अन्य | १.६% | ३.७% | ५.३% | - | २२.१% | १.६% | - |
| थाहा छैन | १५.८% | ६.७% | ७.७% | ३.३% | २.५% | ३.४% | - |

*तालिका ५.६.२: Q-E11c र Q-E11Aiii. तपाईको छोरा/छोरी अध्ययन गरिरहेको विद्यालयमा शिक्षाको गुणस्तर राम्रो बनाउने प्रमुख जिम्मेवारी कस्को हो ? (संख्या = ६०४ सरकारी विद्यालयमा जाने बालबालिका र संख्या = २३३ निजी विद्यालयमा जाने बालबालिकाका अभिभावकहरूसँग सोधिएको)*

### विद्यालयको शैक्षिक गुणस्तर सुधार्न सुझाव

सर्वेक्षणमा सबै उत्तरदाताहरूलाई विद्यालयहरूमा शिक्षाको गुणस्तर सुधार्न के गर्नुपर्ला भनेर राय मागिएको थियो । धेरैजसो (६२%) उत्तरदाताहरूले विद्यालय व्यवस्थापनको गुणस्तर राम्रो हुनुपर्ने, कर्मचारीहरूको उचित व्यवस्थापन गरिनु पर्ने (५७.८%) र राम्रो शिक्षण विधिहरु अपनाउनु पर्ने (५४.३%) जस्ता सुझाव ब्यक्त गरेका छन् । विद्यालयहरूमा शिक्षाको गुणस्तर सुधार्न शिक्षण विधिहरु राम्रो/सुधारिएको हुनुपर्छ भन्ने महसुस गर्ने उत्तरदाताहरूको अनुपात सन् २०२० मा रहेको ५०% बाट ४.३% अंकले बृद्धिभई ५४.३% पुगेको छ ।

### विद्यालयको शैक्षिक गुणस्तर सुधार्न सुझाव, बर्ष अनुसार


| सुझावहरू | सन् २०२० | सन् २०२२ |
|---|---|---|
| शिक्षण विधिहरु राम्रो/सुधारिएको हुनुपर्छ | ५०.०% | ५४.३% |
| विद्यालय व्यवस्थापनको गुणस्तर राम्रो हुनुपर्छ | ६२.२% | ६२.०% |
| विद्यालयमा कर्मचारी व्यवस्थापन राम्रो हुनुपर्छ | ६४.२% | ५७.८% |
| पाठ्यक्रम/पाठ्यक्रमको गुणस्तर सुधार गर्नुपर्छ | ३६.२% | ३९.०% |
| जेहेन्दार विद्यार्थीले छात्रवृत्ति पाउनुपर्छ | ४३.९% | ३०.२% |
| कापी, किताब, विद्यालय पोशाकको मूल्य कम हुनुपर्छ | ३४.५% | १९.४% |
| विद्यालय भवनको गुणस्तर राम्रो हुनुपर्छ | ४९.१% | ५०.४% |
| पढाउने भाषामा परिवर्तन हुनुपर्छ । बालबालिकाहरूले अंग्रेजीमा सिक्न सक्षम हुनुपर्छ | २३.५% | ८.८% |
| बच्चाहरु जाने विद्यालयहरु नजिकै हुनुपर्छ | १४.९% | १२.४% |
| शिक्षकहरूलाई समावेशी शिक्षामा तालिम दिनुपर्छ र विभिन्न अपाङ्गता भएका बालबालिकाहरूलाई पढाउन सक्षम हुनुपर्छ | - | १४.१% |
| विभिन्न अपाङ्गता भएका बालबालिकाहरूको पनि विविध आवश्यकतालाई सम्बोधन गर्न पर्याप्त लचिलो हुनुपर्छ। | - | २.९% |
| अशक्तता र विभिन्न आवश्यकता भएका बालबालिकाहरूको आवश्यकता सम्बोधन गर्न सिक्ने/सिकाउने विधिहरु सजिलो र सबैको पहुँच हुने प्रकारको बनाउनुपर्छ | - | ३.०% |
| अपाङ्गता भएका बालबालिकाको विभिन्न किसिमका आवश्यकतालाई सम्बोधन गर्न शिक्षण विधिहरूमा उनीहरूको पहुँच पुराउन लचिलो हुनुपर्छ | - | २.९% |
| थाहा छैन | - | ५.३% |

*तालिका ५.६.३: Q-E11g. तपाईको क्षेत्रका सामुदायिक/निजी विद्यालयहरूको गुणस्तर सुधार गर्न के के गर्नुपर्छ ? (संख्या = १००८)*

११ उत्तरदाताहरूलाई सन् २०१७ मा निजी विद्यालय शिक्षाको गुणस्तर कायम राख्न जिम्मेवार निकाय को हो भन्ने कुरा उल्लेख गर्न सोधिएन ।

## ५.७ कोरोना महामारीमा शैक्षिक अवस्था

सर्वेक्षणमा विद्यालय जाने बालबालिकाहरु भएका घरका उत्तरदाताहरूलाई कोरोना महामारीको बेलामा सुदूरपश्चिम प्रदेशका सरकारी र निजी विद्यालयहरूले वैकल्पिक कक्षाको व्यवस्था गरे नगरेकोबारे सोधिएको थियो । कोरोना महामारीको समयमा सुदूरपश्चिम प्रदेशका ४६.१% निजी विद्यालयहरु र १८.२% सरकारी विद्यालयहरूले वैकल्पिक कक्षाहरु सञ्चालन गरेको पाइयो । समग्र राष्ट्रको सरकारी र निजी (क्रमशः २३% र ५३.८%) विद्यालयहरूको तुलनामा सुदूरपश्चिम प्रदेशका कम सरकारी र निजी विद्यालयहरूले विद्यालयहरूले कक्षाहरु सञ्चालन गरेको देखिन्छ ।




*चित्र ५.७.१: Q-E11f_1_A र Q-E11g.1. तपाईंको बच्चा पढ्ने स्कुलले कोरोना महामारीको समयमा कुनै अरु विधिबाट पठनपाठन गराएको थियो ? (जस्तै- अनलाइन कक्षा, शिक्षक घरमै आएर वा समुदायमा आधारित) (संख्या = ६०४ सरकारी विद्यालयमा जाने बालबालिका र संख्या = २३३ निजी विद्यालयमा जाने बालबालिकाका अभिभावकहरूसँग सोधिएको)*

सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूले महामारीको बेला शहरी नगरपालिकाका विद्यालयहरूले तुलनात्मकरूपमा गाउँपालिकाको विद्यालयहरूले भन्दा बढी वैकल्पिक कक्षाहरु उपलब्ध गराएको उल्लेख गरेका छन् । त्यसैगरी, महामारीको बेलामा हिमाली र पहाडी क्षेत्रका विद्यालयहरूको तुलनामा तराईका बढी विद्यालयहरूले वैकल्पिक कक्षाहरु उपलब्ध गराएको पाइयो ।

कोरोना महामारीको समयमा आफ्ना छोराछोरीहरूले विद्यालयबाट वैकल्पिक शिक्षा पाएको उल्लेख गर्ने धेरैजसो उत्तरदाताहरूले सरकारी र निजी दुबै किसिमका विद्यालयहरूले अनलाइन कक्षाहरु सञ्चालन गरी पढाई सुचारू गराएको जनाएका छन् । केही सरकारी विद्यालयहरूले भने शिक्षकहरूलाई घरमा पठाएर र समुदायमा आधारित शिक्षाको माध्यमबाट पनि वैकल्पिक शिक्षा उपलब्ध गराएको पाइयो । आफ्नो स्थानीय सरकारी/निजी विद्यालयले वैकल्पिक शिक्षा उपलब्ध गराएको उल्लेख गरेका कूल उत्तरदाताहरूमध्ये अधिकांशले आफ्ना बालबालिकाले वैकल्पिक कक्षा लिएको उल्लेख गरेका छन् । अनलाइन कक्षाको समय र प्रबिधिमा पहुँच नहुनु बालबालिकाका लागि महामारीको अवधिमा अनलाइन कक्षाहरु नलिनुको लागि प्रमुख बाधा रहेको पाइयो ।


कोभिड-१९ को समयमा आफ्ना बालबालिकालाई सरकारी विद्यालय र निजी विद्यालय पठाउने उत्तरदाताहरूमा विद्यालयले उपलब्ध गराएको वैकल्पिक कक्षा प्रतीको सकारात्मक मूल्याङ्कनमा (सरकारी विद्यालय ९३.२%, निजी विद्यालय ९१.३%) कुनै उल्लेखनीय भिन्नता देखिएको छैन ।

## ५.८ सार्वजनिक स्वास्थ्य सेवा प्रतिको धारणा

**नजिकको सार्वजनिक स्वास्थ्य चौकी/अस्पताल सम्मको दुरी**

सुदूरपश्चिम प्रदेशको बार्षिक तथ्याङ्कलाई हेर्दा, घरपायक सार्वजनिक स्वास्थ्य चौकी/अस्पताल रहेको उल्लेख गर्ने उत्तरदाताहरूको संख्या बढ्दै गएको देखिन्छ । सार्वजनिक स्वास्थ्य चौकी/अस्पताल बाट एक घण्टा भित्र को दुरीमा बसोबास गर्ने उत्तरदाताहरूको संख्या सन् २०१७ मा रहेको ७६.९% बाट बढेर सन् २०२२ मा ९०.४% पुगेको छ । त्यस्तै, नजिकैको स्वास्थ्य संस्थामा पुग्न लाग्ने समयमा पनि निकै कमी आएको छ ।

**नजिकको सार्वजनिक स्वास्थ्य चौकी/अस्पताल सम्मको दुरी, बर्ष अनुसार**





*चित्र ५.८.१ः Q-E12a. सबैभन्दा सहज माध्यमको प्रयोग गरी (हिडेर वा गाडी चढेर वा दुबैको प्रयोग गरी), तपाईलाई आफ्नो घरबाट नजिकको स्वास्थ्य सेवा केन्द्र (स्वस्थ्य चौकी, अस्पताल) पुग्न कति समय लाग्छ ? (संख्या = १००८)*

**स्वास्थ्य सेवाको गुणस्तरप्रतिको धारणा**

सुदूरपश्चिम प्रदेशमा ८८.४% उत्तरदाताहरूले आफ्नो वरपरको स्वास्थ्य सेवा केन्द्रको स्वास्थ्य सेवाको गुणस्तरलाई "राम्रो" भनेका छन् भने ०.९% ले "धेरै राम्रो" भन्ने उत्तर दिएका छन् । यसको विपरीतमा ९.४% ले यसलाई "नराम्रो" र ०.५% ले "धेरै नराम्रो" भन्ने जवाफ दिएका छन् । विगतका बर्षहरूमा, स्वास्थ्य सेवाको गुणस्तरबारे आशावादी (राम्रो र धेरै राम्रो) बताउने उत्तरदाताहरूको अंश सन् २०१७ मा रहेको ७६.७% बाट बढेर सन् २०२२ मा ८९.३% मा पुगेको छ । उत्तरदाताहरूको यो हिस्सा सन् २०१८ मा अत्यधिक बढेर ९५.४% पुगेको थियो (चित्र ५.८.२) ।

सर्वेक्षण बर्ष अनुसार हेर्दा, सुदूरपश्चिम प्रदेशमा आफ्नो वरपरको स्वास्थ्य सेवा केन्द्रको स्वास्थ्य सेवाको गुणस्तर "धेरै राम्रो" भन्ने उत्तरदाताहरूको संख्या क्रमश घटेको देखिन्छ (सन् २०१७ मा रहेको ९.४% बाट सन् २०२२ मा ०.९%) । त्यसैगरी, स्वास्थ्य सेवाको गुणस्तर "नराम्रो" उल्लेख गर्ने उत्तरदाताहरूको संख्या सर्वेक्षण बर्षहरूमा क्रमशः बढदै गएको छ । स्वास्थ्य सेवाको गुणस्तर "नराम्रो" उल्लेख गर्ने उत्तरदाताहरूको संख्या सन् २०१८ मा रहेको ४.६% बाट बढेर सन् २०२० मा ७.८% पुगी सन् २०२२ मा ९.४% पुगेको छ । उत्तरदाताहरूको यो हिस्सा सन् २०१७ मा उच्च (१५.८%) रहेको थियो ।

**सार्वजनिक स्वास्थ्य सेवाको गुणस्तरप्रतिको धारणा, बर्ष अनुसार**





*चित्र ५.८.२ः Q-E12b. यहाँको स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेका स्वास्थ्य सेवा केन्द्रको सेवा गुणस्तर कस्तो लाग्छ ? (संख्या = १००८)*

**स्वास्थ्य सेवाको गुणस्तर कायम राख्ने जिम्मेवार निकाय**

सुदूरपश्चिम प्रदेशमा स्वास्थ्य सेवाको गुणस्तर कायम राख्ने दायित्व स्थानीय सरकारको हो भन्ने उत्तरदाताहरूको हिस्सा बर्षैपिच्छे बढ्दै गएको पाइन्छ । सन् २०१७ मा ७०.१%, सन् २०१८ मा ७९.३% र सन् २०२० मा रहेको ८३.५% को तुलनामा सन् २०२२ मा उत्तरदाताहरूको यो हिस्सा बढेर ८७.३% पुगेको छ । उत्तरदाताहरूको सानो संख्याले भने स्वास्थ्य सेवाको गुणस्तर कायम राख्ने दायित्व प्रदेश र संघीय सरकारको हो भन्ने जवाफ दिएका छन् ।


**स्वास्थ्य सेवाको गुणस्तर कायम गर्ने जिम्मेवार निकाय, बर्ष अनुसार**




*चित्र ५.८३: Q-E12c. तपाईंलाई यहाँका स्थानीय क्षेत्रमा रहेका स्वास्थ्य सेवा केन्द्रको गुणस्तरको लागि विभिन्न सरकारी निकायमध्ये प्रमुख जिम्मेवारी कसको हो जस्तो लाग्छ ? (संख्या = १००८)*

सुदूरपश्चिम प्रदेशमा स्वास्थ्य सेवाको गुणस्तरमा सकारात्मक परिवर्तन भएको छ भन्ने उत्तरदाताहरूको हिस्सा बढ्दै गएको छ । सन् २०२२ मा करीब दुई तिहाई (६४.४%) उत्तरदाताहरूले सार्वजनिक स्वास्थ्य सेवाको गुणस्तरमा सकारात्मक परिवर्तनहरु भएको उल्लेख गरेका छन् । सन् २०१७ मा उत्तरदाताहरूको यो हिस्सा ४१.४% रहेको र सन् २०१८ मा यो हिस्सामा बृद्धिभई ५४.३% पुगेको थियो भने सन् २०२० मा उक्त हिस्सामा ५.२% अंकले बृद्धिभई ५९.५% पुगेको थियो ।

**स्वास्थ्य सेवाको गुणस्तरमा परिवर्तन, बर्ष अनुसार**




*चित्र ५.८४: Q-E12d. विगत एक बर्षमा यहाँका स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेका स्वास्थ्य सेवा केन्द्रको गुणस्तरमा कुनै किसिमको परिवर्तन भएको छ जस्तो लाग्छ ? (संख्या = १००८)*

सुदूरपश्चिम प्रदेशको पहाडमा बसोबास गर्ने (५५.१%) उत्तरदाताहरूको तुलनामा हिमाली (६९.६%) र तराई क्षेत्रमा बसोबास गर्ने बढी (७०.१%) उत्तरदाताहरूले स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेका स्वास्थ्य सेवा केन्द्रको गुणस्तरमा सकारात्मक परिवर्तन भएको उल्लेख गरेका छन् । आफ्नो नगरपालिकामा रहेका स्वास्थ्य सेवा केन्द्रको स्वास्थ्य सेवाको गुणस्तरमा आएको सकारात्मक परिवर्तनको प्रतिक्रियामा ग्रामीण क्षेत्र र शहरी क्षेत्रमा बसोबास गर्ने उत्तरदाताहरु बीच खासै भिन्नता भने देखिएको छैन ।

सर्वेक्षणमा स्वास्थ्य सेवामा सकारात्मक परिवर्तन भएको भन्ने उत्तरदाताहरूलाई त्यस्तो लाग्नुको कारणहरु पनि सोधिएको थियो । जवाफमा सुदूरपश्चिम प्रदेशका, ५०.८% उत्तरदाताहरूले स्वास्थ्य केन्द्रबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनुलाई नै स्वास्थ्य सेवामा आएको सकारात्मक परिवर्तनको प्रमुख कारणको रुपमा उल्लेख गरेका छन् । त्यसैगरी स्वास्थ्य सेवा केन्द्रको उचित व्यवस्थापन (४६.६%), नयाँ स्वास्थ्य सेवा केन्द्रको स्थापना (४४.४%), कर्मचारी व्यवस्थापनमा सुधार (४३.४%), औषधीको सहज उपलब्धता (३३.७%) र स्वास्थ्य सेवा केन्द्रको निकटता (३०.३%) जस्ता कारणहरूलाई जनस्वास्थ्य सेवाको गुणस्तरमा सकारात्मक परिवर्तन आउनुको प्रमुख कारण हो भनी उल्लेख गरेका छन् ।


सर्वेक्षणमा सबै उत्तरदाताहरूलाई स्थानीय क्षेत्र (नगरपालिका/गाउँपालिका) मा रहेको स्वास्थ्य सेवा केन्द्रहरूबाट उपलब्ध गराइने स्वास्थ्य सेवाको गुणस्तर सुधार्न के गर्नुपर्छ भनेर सोधिएको थियो । सुदूरपश्चिम प्रदेशको करीब तीन चौथाई (७४.८%) उत्तरदाताहरूले औषधीको व्यवस्था राम्रो हुनुपर्ने, ६१.३% ले दक्ष र तालिमप्राप्त स्वास्थ्यकर्मी हुनुपर्ने, ५७.६% ले राम्रो प्रयोगशालाको व्यवस्था हुनुपर्ने र ५३.२% उत्तरदाताहरूले निदान विधिको उचित अभ्यास हुनुपर्ने बताएका छन् । केही उत्तरदाताहरूले भने स्वास्थ्य कर्मचारीको उचित व्यवस्थापन हुनुपर्ने (३७.६%), स्वास्थ्य केन्द्रको पूर्वाधार राम्रो हुनुपर्ने (३३.४%), स्वास्थ्य सेवा निःशुल्क हुनुपर्ने (२९.३%) र स्वास्थ्यकर्मीहरु स्थानीय भाषाको राम्रो जानकार हुनुपर्ने र स्वास्थ्यकर्मीहरु स्थानीय हुनुपर्ने (१३.५%) लाई आफ्नो क्षेत्रमा रहेको स्वास्थ्य सेवा केन्द्रहरूबाट उपलब्ध गराइने स्वास्थ्य सेवाको गुणस्तर सुधार्न सम्भावित सुझावको रूपमा उल्लेख गरेका छन् ।

## ५.९. सडकप्रतिको धारणा

**सडकको गुणस्तर**

सुदूरपश्चिम प्रदेशमा धेरैजसो उत्तरदाताहरु आफ्नो नगरपालिका/गाउँपालिकाको सडकको गुणस्तरसंग सन्तुष्ट रहेको पाइएको छ । दश मध्ये छ जना (६०%) उत्तरदाताहरूले आफ्नो नगरपालिका/गाउँपालिकाको सडकको गुणस्तर "राम्रो" भएको उल्लेख गरेका छन् भने एक तिहाई (३३.७%) ले सडकको गुणस्तर "नराम्रो" र केहीले (५.४%) "धेरै नराम्रो" भएको जवाफ दिएका छन् । सन् २०१७ देखि सन् २०२० सम्म प्रत्येक बर्ष, उत्तरदाताहरूको ठुलो हिस्साले सडकको गुणस्तर "राम्रो" भएको उल्लेख गरेका छन् । सन् २०२० मा उच्चतम बिन्दु (८३.४%) मा रहेको उत्तरदाताहरूको तुलनामा सडकको गुणस्तर "राम्रो" भएको उल्लेख गर्ने उत्तरदाताहरूको अंश सन् २०२२ मा २३.४% अंकले घटेको छ । त्यसैगरी, सन् २०२२ मा आफ्नो स्थानीय क्षेत्रमा सडकको गुणस्तर "नराम्रो" भन्ने उत्तरदाताहरूको संख्या वृद्धि भएको छ । उत्तरदाताहरूको यो अनुपात सन् २०२० मा १४.४% थियो भने सन् २०२२ मा १९.३% अंकले बढेर ३३.७% पुगेको छ । उत्तरदाताहरूको यो अनुपात सन् २०१७ मा अन्य बर्षको तुलनामा उच्चतम बिन्दु ३६% मा पुगेको थियो ।


### सडकको गुणस्तरप्रतिको दृष्टिकोण, बर्ष अनुसार




*चित्र ५.९.१: Q-E13a. तपाई आफ्नो नगरपालिका/गाउँपालिकामा सडकको गुणस्तर कसरी मूल्याङ्कन गर्नुहुन्छ ? (संख्या = १००८)*

सुदूरपश्चिम प्रदेशमा बहुसंख्य (८६.८%) उत्तरदाताहरूले स्थानीय सरकार नै सडकको निर्माण र मर्मतका लागि प्रमुख जिम्मेवार निकाय भएको ठहर गरेका छन्, जुन सन् २०१८ मा (८७.२%) र सन् २०२० मा (८९.३%) उत्तरदाताहरूको प्रतिक्रियाहरूसंग मिल्दोजुल्दो रहेको छ ।

### सडक मर्मतसम्भारको लागि जिम्मेवार निकाय, बर्ष अनुसार





*चित्र ५.९.२: Q- E13b. तपाईको स्थानीय क्षेत्रमा सडक निर्माण र मर्मत सम्भारको लागि मुख्यरूपमा कुन सरकारको प्रमुख जिम्मेवारी हो जस्तो लाग्छ ? (संख्या = १००८)*

**सडकको गुणस्तरमा परिवर्तन**

स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेको सडकको गुणस्तरमा सकारात्मक परिवर्तन भएको छ भन्ने उत्तरदाताहरूको हिस्सा सर्वेक्षणको तीन बर्षहरूमा क्रमशः बढ्दै गएको र सन् २०२० मा उच्च (७४.९%) रहेको उत्तरदाताहरूको यो हिस्सा सन् २०२२ मा भने घटेर ५७.९% मा झरेको छ । सडकको गुणस्तरमा नकारात्मक परिवर्तन भएको छ भन्ने उत्तरदाताहरूको हिस्सा सर्वेक्षणको तीन बर्षहरूमा क्रमशः घटदै गएकोमा सन् २०२२ बढेर ११.८% पुगेको छ । उत्तरदाताहरूको उक्त हिस्सा सन् २०१८ मा ३.७% र सन् २०२० मा ४.३% रहेको थियो । यसैगरी पछिल्लो एक बर्षमा सडकको गुणस्तरमा कुनै परिवर्तन नभएको ठान्ने उत्तरदाताहरूको हिस्सा सर्वेक्षणको तीन बर्षहरूमा क्रमशः घटदै गएकोमा सन् २०२२ बढेर ३०.३% पुगेको छ । सन् २०१७ मा उत्तरदाताहरूको यो अंश ४८.९% थियो भने सन् २०१८ मा घटेर ३१.९% मा पुगेको थियो र सन् २०२० मा उत्तरदाताहरूको यो अंश मा झन् गिरावट आई २०.७% पुगेको थियो ।

**गाउँपालिका/नगरपालिकामा रहेको सडकको गुणस्तरमा भएको परिवर्तन, बर्ष अनुसार**




*चित्र ५.९.३: Q-E13c. विगत एक बर्षमा यहाँका स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेका बाटो-घाटोको गुणस्तरमा कुनै किसिमको परिवर्तन भएको जस्तो लाग्छ ? (संख्या = १००८)*

**सडकको गुणस्तरमा सकारात्मक परिवर्तन हुनुको कारण**

सुदूरपश्चिम प्रदेशमा स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेको सडकको गुणस्तरमा सकारात्मक परिवर्तन भएको उल्लेख गर्ने (५७.९%) उत्तरदाताहरूलाई त्यस्तो लाग्नुको कारणहरु पनि सोधिएको थियो । यस प्रश्नमा उनीहरूलाई एकभन्दा बढी कारणहरु उल्लेख गर्न सक्ने बताइएको थियो । जवाफमा, सुदूरपश्चिम प्रदेशका आधा भन्दा बढी (५६.७%) उत्तरदाताहरूले "नयाँ सडक निर्माण" हुनुलाई नै सडकमा आएको सकारात्मक परिवर्तनको प्रमुख कारण मानेका छन् । यसैगरी उत्तरदाताहरूले उल्लेख गरेका अन्य कारणहरूमा: सरकारले क्षतिग्रस्त सडकको छिटो मर्मत गर्नु (४०.६%), सडकहरु कालोपत्र हुनु (३०.९%), अवस्थित सडकहरूको अवस्थालाई राम्रोसंग स्तरोन्नति गर्नु (२९%), स्तरोन्नति गर्ने सडकहरूको निष्पक्ष चयन गर्नु (१९.७%), सडक स्तरोन्नति गरी फराकिलो बनाइनु (१९.५%) र सडक आयोजनाहरूको योजना र छलफलमा सबै स्थानीय जनतालाई समावेश गरीनु (१८.३%) रहेको छ ।

**सडकको गुणस्तरमा नकारात्मक परिवर्तन हुनुको कारणहरू**


सडकमा नकारात्मक परिवर्तन भएको उल्लेख गर्ने ११.८% उत्तरदाताहरूलाई पनि त्यस्तो लाग्नुको कारणहरु सोधिएको थियो । तीमध्ये अधिकांश (६८.८%) उत्तरदाताहरूले विद्यमान सडकको अवस्था बिग्रिएको, क्षतिग्रस्त सडक मर्मतमा ढिलाई (६३.८%) र निर्माण गर्नुपर्ने सडकहरु नबन्नु (६१.६%) लाई नकारात्मक परिवर्तनको प्रमुख कारणको रूपमा उल्लेख गरेका छन् । अन्य कारणमा बाढी/पहिरो (२४%), सडक आयोजनाहरूको योजना र छलफलमा जनतालाई समावेश नगर्नु (२०.१%)

र विद्यमान सडकको स्तरोन्नति छनोटमा सरकारले पक्षपात गर्नु (१९.६%) जस्ता समस्याहरूलाई सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूले नकारात्मक परिवर्तनको कारणको रूपमा उजागर गरेका छन् ।

**सडक सेवाको गुणस्तर सुधारको लागि सुझाव**

सुदूरपश्चिम प्रदेशका अधिकांश (७३.२%) उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रमा सडकको गुणस्तर सुधार गर्न सडक कालोपत्रे गर्नुपर्ने, क्षतिग्रस्त सडकहरूको तत्काल मर्मतसम्भार गर्नुपर्ने (६५.७%) र अव्यवस्थित सडकहरूको उचित स्तरोन्नति गर्नुपर्ने (४७.१%) सुझाव दिएका छन् । अन्य सुझावहरूमा योजना र छलफलमा स्थानीय जनतालाई समावेश गर्नुपर्ने (३९.३%) र सडकहरूको उचित डिजाइन गर्नुपर्ने (२४.१%) कुरा उल्लेख गरेका छन् ।

**सडक सेवाको गुणस्तर सुधारका लागि सुझाव**




*चित्र ५.९.४: Q-E13f. स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेका सडक सेवाको गुणस्तर सुधार गर्न के गर्नुपर्छ ? (संख्या = १००८)*

## ५.१० कर

**हालको करप्रतिको दृष्टिकोण**

देशमा भएको विद्यमान करको बारेमा जनधारणा बुझ्न सर्वेक्षणमा उत्तरदाताहरूलाई विगत एक बर्षमा के कस्ता किसिमका करहरु तिर्नुभयो भनेर सोधिएको थियो । साथै, करको दरप्रतिको राय थाहा पाउन करसंग सम्बन्धित विभिन्न प्रकारका भनाई पनि पढेर सोधिएको थियो ।

विगत एक बर्षमा सुदूरपश्चिम प्रदेशका ५०% भन्दा बढी उत्तरदाताहरूले एक वा सो भन्दा बढी प्रकारको कर तिरेको बताए । गत बर्ष सबैभन्दा बढी (८०%) उत्तरदाताहरूले भूमि कर तिरेको बताएका छन् यसैगरी सम्पत्ति कर (७१.४%), सवारी साधन कर (५२.५%), व्यवसाय कर (२९.३%) र व्यक्तिगत आयकर (१७.३%) तिरेको बताएका छन् । गत बर्षभित्र घर भाडा कर (९.७%), जग्गादर्ता कर (४.४%), पारिश्रमिक कर (३.६%), मनोरञ्जन कर (१.१%) र विज्ञापन कर (०.८%) उत्तरदाताहरूको अलि सानो हिस्साले मात्र तिरेको बताएका छन् ।

सन् २०१८ पछिका वर्षहरूमा उल्लिखित केही प्रकारको कर तिरेको बताउने उत्तरदाताहरूको हिस्सामा बृद्धी भएको छ । उत्तरदाताहरूको ठूलो हिस्साले सन् २०१८ र सन् २०२० को तुलनामा सन् २०२२ मा जग्गा कर, सम्पत्ति कर, सवारी कर र व्यापार कर तिरेको उल्लेख गरेका छन् । सन् २०१८ मा १०.५% उत्तरदाताहरूले सम्पत्ति कर तिरेको बताएका थिए भने सन् २०२० मा ६४.५% र सन् २०२२ मा ७१.४% उत्तरदाताहरूले सम्पत्ति कर तिरेको बताएका छन् । त्यस्तै गरी,

सन् २०१८ मा ०.२% उत्तरदाताहरूले जग्गा कर तिरेको बताएका थिए भने सन् २०२० मा ६९.८% र सन् २०२२ मा ८०% उत्तरदाताहरूले जग्गा कर तिरेको उल्लेख गरेका छन् । यसका साथै सन् २०१८ मा २.५% उत्तरदाताहरूले सवारी साधन कर तिरेको बताएका थिए भने सन् २०२० मा ४१.८% र सन् २०२२ मा ५२.५% उत्तरदाताहरूले सवारी साधन कर तिरेको उल्लेख गरेका छन् । सन् २०२० को तुलनामा सम्पत्ति कर, घर भाडा कर, व्यक्तिगत आयकर, व्यापार कर, सवारी साधन कर, जग्गा कर र कृषि आयकर तिर्ने उत्तरदाताहरूको हिस्सामा वृद्धि भएको देखिन्छ । सन् २०२२ मा घर-जग्गा दर्ता कर, मनोरञ्जन कर, पारिश्रमिक कर तिरेको उल्लेख गर्ने उत्तरदाताहरूको अंश सन् २०१८ को तुलनामा बढेता पनि सन् २०२० को तुलनामा चाहि घटेको छ ।

सुदूरपश्चिम प्रदेशका अधिकांश उत्तरदाताहरूले हालको विभिन्न प्रकारका करको दरमा आएको परिवर्तनबारे आफू अनभिज्ञ रहेको जानकारी दिएका छन् । उनीहरु हालको करको स्तरबारे या त भन्न सक्दैनन् वा गत बर्षको तुलनामा हाल कर बढेको ठान्छन् । उत्तरदाताहरूले हालको करको स्तरमा आएको परिवर्तनबारे अनभिज्ञ रहेको जानकारी दिएपनि सम्पत्ति कर, व्यापार कर, सवारी साधन कर, घर-जग्गा दर्ता कर र जग्गा कर गत बर्षको तुलनामा हालको करको दर बढी रहेको उल्लेख गरेका छन् ।

### हालको करप्रतिको दृष्टिकोण, बर्ष अनुसार[१२]

| करको प्रकार | के तपाई वा तपाईको परिवारले विगत एक बर्षभित्र निम्न प्रकारको कर तिर्नुभएको छ ? | | | यदि हो भने, के तपाईलाई करको वर्तमान स्तर उपयुक्त छ जस्तो लाग्छ ? | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सन् २०१८ | सन् २०२० | सन् २०२२ | संख्या | गत बर्षको भन्दा बढि | गत बर्षको भन्दा कम | गत बर्षको जस्तै | थाहा छैन |
| सम्पत्ति कर | १०.५% | ६४.५% | ७१.४% | ५९१ | ७२.२% | ०.६% | २१.८% | ५.४% |
| घर भाडा कर | ४.९% | ५.९% | ९.७% | ४२ | ५३.३% | ०.०% | १८.६% | २८.१% |
| व्यक्तिगत आयकर | २.४% | १३.४% | १७.३% | ९४ | ५५.६% | ०.८% | ३७.५% | ६.१% |
| व्यापार कर | ५२.४% | २४.६% | २९.३% | १११ | ८१.६% | ४.४% | १०.६% | ३.४% |
| सवारी साधन कर | २.५% | ४१.८% | ५२.५% | २१२ | ८८.७% | ०.०% | ८.८% | २.४% |
| घर-जग्गादर्ता कर | १.५% | १७.६% | ४.४% | २२ | ७८.७% | ०.०% | २१.३% | ०.०% |
| मनोरञ्जन कर | ०.३% | २३.२% | १.९% | ९ | १००.०% | ०.०% | ०.०% | ०.०% |
| जग्गाकर (मालपोत) | ०.२% | ६९.८% | ८०.०% | ७५८ | ७१.७% | ०.९% | २१.१% | ६.४% |
| विज्ञापन कर | २.१% | ६.२% | ०.८% | ३ | ६२.१% | ०.०% | ३७.९% | ०.०% |
| कृषि आयकर | ४.५% | ३.१% | ४.४% | २२ | ६०.८% | ०.०% | ३५.८% | ३.४% |
| संस्थागत आयकर | ५.३% | ५.९% | १.५% | ४ | ८३.२% | ०.०% | १६.८% | ०.०% |
| पारिश्रमिक कर | ०.२% | ८.१% | ७.६% | ३८ | ५५.६% | १.९% | ३३.९% | ८.५% |

*तालिका ५.१०.१: Q-E15Ai-Mi. के तपाईले वा तपाईको परिवारले पछिल्लो एक वर्षमा निम्न प्रकारका कर/सेवा शुल्क/शुल्कहरु तिर्नुभएको छ ? E15A-M. [Q-E15 Ai-Mi मा यदि छ भने जवाफ आएमो के तपाईलाई कर/सेवा शुल्क/शुल्कको हालको स्तर उपयुक्त छ जस्तो लाग्छ ? ('कर नतिरेको', 'लागू नहुने' र 'भन्न चाहान्न' भन्ने उत्तर समावेश गरिएको छैन)*

सन् २०२० मा सुदूरपश्चिम प्रदेशमा कुनै न कुनै प्रकारको कर/सेवा शुल्क तिरेको उल्लेख गर्ने (९६.४%) उत्तरदाताहरूको तुलनामा सन् २०२२ मा धेरै (९८%) उत्तरदाताहरूले कर/सेवा शुल्क तिर्ने प्रक्रिया सहज भएको बताएका छन्, तर उत्तरदाताहरूको सानो हिस्सा (२%) ले भने कर तिर्दा असुविधा महसुस गरेको बताएका छन् ।

### कर तिर्न सहज सुविधा

सर्वेक्षणमा कर/सेवा शुल्क तिर्न गाह्रो भएको बताउने २% उत्तरदाताहरूलाई कर/सेवा शुल्क तिर्ने प्रक्रिया सहज बनाउन के गर्नुपर्छ भनी सोधिएको थियो । जवाफमा उनीहरूले कर भुक्तानीलाई अझ सहज बनाउनः सबै करहरु तिर्ने व्यवस्था वडा कार्यालयमा नै हुनुपर्ने (६९.६%), घरदैलोमा कर/शुल्क उठाउने व्यवस्था हुनुपर्ने (४४.४%) र अनलाइन भुक्तानीको प्रावधान हुनुपर्ने (४१.५%) जस्ता केही सुझावहरु दिएका छन् ।

---

१२ सर्वेक्षणमा सबै उत्तरदाताहरूलाई विभिन्न कर को शीर्षक पढेर गएको एक वर्षमा कुनै किसिमको कर तिर्नुभयो कि भएन भनेर सोधिएको थियो । कर तिरेको छु भन्ने उत्तरदाताहरूलाई मात्र करको दर प्रतिको धारणा सोधिएको थियोः यस प्रश्नको सम्भावित विकल्पहरूमाः करको दर गत बर्षभन्दा बढी, गत बर्षभन्दा कम, कर नतिरेको, लागू नहुने, भन्न चाहान्न र थाहा छैन भन्ने उत्तर राखिएको थियो । यस प्रश्नको विश्लेषणमा कर तिरेको छु भन्नेलाई मात्र समावेश गरिएको थियो ।

### कर प्रतिको दृष्टिकोण

सुदूरपश्चिम प्रदेशका धेरैजसो उत्तरदाताहरूले आफूलाई करको स्पष्ट बुझाई नभएको बताएका छन् । साथै, उनीहरूले सरकारले कर सङ्कलन र कर खर्च कसरी गर्छ भन्नेबारे स्पष्ट जानकारी पाए हुन्थ्यो भन्ने जिज्ञासा राखेका छन् । सर्वेक्षणमा करको मामिलामा औसत नेपालीको बुझाइ जान्न उत्तरदाताहरूलाई चारवटा करसम्बन्धी कथनहरु पढेर सोधिएको थियो । जसमा उनीहरूले "पूर्ण सहमत", "सहमत", "असहमत" वा "पूर्ण असहमत" भनेर जवाफ दिन सक्थे । सुदूरपश्चिम प्रदेशका धेरैजसो उत्तरदाताहरूले करप्रतिको भनाईमा आफुले अझ बढी जान्न खोजेको कुरामा सहमति ("सहमत" र "पूर्ण सहमत" जोड्दा) भएको उल्लेख गरेका छन् । विभिन्न तहका सरकारले कसरी कर सङ्कलन गर्छन् (९८.१%), सरकारले संकलित कर कसरी खर्च गर्छ (९८.२%) र कर तिरेको बदलामा नागरिकहरूले के फाइदा पाउँछन् (९८.८%) भन्ने जान्न खोजेको देखिन्छ । विगतका सर्वेक्षणमा जस्तै यसपटक पनि आधाभन्दा थोरै (३९.२%) उत्तरदाताहरूले मात्र सरकारले करको सही रुपमा प्रयोग गरेको छ भन्ने विश्वास गरेको देखिन्छ ।

#### करप्रतिको दृष्टिकोण, बर्ष अनुसार

| | वर्ष | पूर्ण सहमत | सहमत | असहमत | पूर्ण असहमत | थाहा छैन |
|---|---|---|---|---|---|---|
| मैले संघीय, प्रादेशिक र स्थानीय सरकारका लागि तिर्नुपर्ने करहरूको स्पष्ट जानकारी चाहन्छु | सन् २०१८ | ८८.९% | १०.५% | – | ०.४% | ०.२% |
| | सन् २०२० | ८२.०% | १७.७% | ०.३% | – | – |
| | सन् २०२२ | ८२.१% | १६.०% | १.३% | ०.५% | ०.१% |
| सरकारले कर कसरी खर्च गर्छ भन्नेबारे थप जानकारी पाउन चाहन्छु | सन् २०१८ | ८९.२% | १०.६% | ०.१% | – | ०.१% |
| | सन् २०२० | ८२.२% | १७.५% | ०.४% | – | ०.०% |
| | सन् २०२२ | ८०.४% | १७.८% | १.१% | ०.६% | ०.१% |
| एक नागरिकको हैसियतमा मैले कर तिरेको बदलामा हामीले के के फाइदा पाउँछौं भन्ने स्पष्ट जानकारी चाहन्छु | सन् २०१८ | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% |
| | सन् २०२० | ८२.२% | १७.५% | ०.३% | ०.०% | ०.०% |
| | सन् २०२२ | ८१.४% | १७.४% | ०.६% | ०.७% | ०.१% |
| मैले तिरेको करको सही सदुपयोग भएको विश्वास लिएको छु । मैले संघीय, प्रादेशिक र स्थानीय सरकारका लागि तिर्नुपर्ने करहरूको स्पष्ट जानकारी चाहन्छु | सन् २०१८ | २४.३% | २२.३% | २८.५% | १८.९% | ६.०% |
| | सन् २०२० | ३६.७% | ३५.३% | १९.७% | ६.६% | १.७% |
| | सन् २०२२ | १९.५% | १९.७% | २५.७% | १६.०% | १९.१% |

*तालिका ५.१०.२: Q-E16Ai-iv. तपाई यी कथनहरूसंग कति हदसम्म पूर्ण सहमत/सहमत/असहमत/पूर्ण असहमत हुनुहुन्छ ? (संख्या = १००८)*

### कर तिर्दा अतिरिक्त नगद वा उपहार दिएको अनुभव

विगतका एक बर्षमा कुनै न कुनै कर तिर्ने सुदूरपश्चिम प्रदेशका लगभग एक प्रतिशत भन्दा कम[१३] उत्तरदाताहरूले कर तिर्ने क्रममा कसैलाई सरकारले तोकेको बाहेक केही अतिरिक्त नगद वा उपहार दिनुपरेको उल्लेख गरेका छन् । कर तिर्दा अतिरिक्त नगद वा कुनै प्रकारको उपहार दिएको उल्लेख गर्ने १% उत्तरदाताहरु मध्ये (६५.८%) ले प्रदेश सरकारका कर्मचारीलाई अतिरिक्त नगद वा केही प्रकारको उपहार दिएको उल्लेख गरेका छन् । यसैगरी निर्वाचित जनप्रतिनिधिलाई (२९.६%), स्थानीय सरकारका कर्मचारीलाई (२९.२%), संघीय सरकारका कर्मचारीलाई (२२.७%) र तेस्रो पक्ष (दलाललाई) (११.५%) उत्तरदाताहरूले त्यस्तो उपहार दिनुपरेको उल्लेख गरेका छन् ।

### राम्रो सेवाको लागि थप स्थानीय कर तिर्न इच्छुक

सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूलाई सडक मर्मतसम्भार, शिक्षा वा स्वास्थ्य सेवाको गुणस्तर सुधार भएमा हालको स्थानीय करको दरभन्दा बढी कर तिर्न इच्छुक हुनुहुन्छ कि हुनुहुन्न भनी प्रश्न सोधिएको थियो । सर्वेक्षण बर्षहरूमा तुलना गरेर हेर्दा, सुदूरपश्चिम प्रदेशमा सेवाको गुणस्तरमा सुधार भएमा स्थानीय कर बढी तिर्न इच्छुक भएको बताउने उत्तरदाहरूताको संख्या क्रमश घटेको देखिन्छ । सन् २०२२ मा उत्तरदाताहरूको सबैभन्दा कम हिस्सा (६६.०%) ले सेवाको गुणस्तरमा सुधार भएमा स्थानीय कर बढी तिर्न इच्छुक रहेको बताएका छन् । सन् २०१७ मा ८७.१% उत्तरदाताहरूले सडक मर्मतसम्भार, शिक्षा वा स्वास्थ्य सेवाको गुणस्तर सुधार भएमा हालको स्थानीय करको दरभन्दा बढी कर तिर्न इच्छुक रहेको बताएका थिए ।

त्यसैगरी, सेवाको गुणस्तरमा सुधार भए पनि बढी कर तिर्न नचाहने उत्तरदाताहरूको हिस्सा सर्वेक्षण बर्षहरूमा क्रमशः बढेको छ । सन् २०१७ मा रहेको १०.३% बाट बृद्धिभई सन् २०१८ मा २२.७% र सन् २०२० मा ३०% पुगेकोमा सन् २०२२ मा ३.७% अंकले बृद्धिभई ३३.७% पुगेको छ ।

---

१३ विगत एक बर्षभित्र एक वा सोभन्दा बढी कर तिरेकाहरूको प्रतिक्रिया मात्र विश्लेषणमा समावेश गरिएको थियो ।

## ५.११ भ्रष्टाचार

**उपलब्ध सेवाहरूमा भ्रष्टाचार**

सुदूरपश्चिम प्रदेशका सबै उत्तरदाताहरूलाई विभिन्न नौ कसिमका सेवाहरु लिँदा जस्तैः जग्गा/मालपोत सम्बन्धी काम गर्दा, विभिन्न सरकारी कागजात निकाल्दा, प्रहरीबाट सेवा लिंदा, अदालतबाट सेवा लिंदा, रोजगारी खोज्दा, स्वास्थ्य सेवा लिंदा, विद्यालय वा विश्वविद्यालयमा भर्ना गर्दा, यातायात सम्बन्धी सेवाहरु लिंदा र बैंकिङ सम्बन्धी सेवाहरु लिंदा गएको एक बर्षमा कुनै प्रकारको पैसा, उपहार वा घुस दिनुपरेको थियो कि थिएन भनेर सोधिएको थियो ।

सुदूरपश्चिम प्रदेशका अधिकांश उत्तरदाताहरूले तालिकामा उल्लेख भएका सेवाहरु आफूहरूलाई आवश्यक नभएको बताएका छन् । उत्तरदाताहरूको सबैभन्दा बढी हिस्साले आफूहरूलाई प्रहरीबाट सेवा (७८.९%), अदालतको सेवा (७६.२%), सवारी साधनसम्बन्धी सेवा (७१.२%) र रोजगारी खोजी (६९.८%) जस्ता सेवाहरु आवश्यक नभएको बताए ।


सन् २०२२ मा सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूको थोरै हिस्सा (०.१% देखि १.५% बीच) ले मात्र नौ विभिन्न सेवाहरु प्राप्त गर्न घुस तिर्नुपरेको स्वीकार गरेका छन् । करीब १.५% उत्तरदाताहरूले विद्यालय वा विश्वविद्यालयमा भर्ना हुन, स्वास्थ्य सेवा लिन १.३% उत्तरदाताहरूले र १.२% उत्तरदाताहरूले सवारी साधन सम्बन्धी सेवाहरु (लाइसेन्स प्राप्त गर्ने/नविकरण गर्ने/ब्लुबुक, नाम स्थानान्तरण, इत्यादि) लिन घुस दिएको उल्लेख गरेका छन्

## ५.१२ स्थानीय शासन प्रक्रियाप्रतिको जनचेतना र सहभागीता

**स्थानीय सरकारले कार्यान्वयनका लागि बनाएका परियोजनाहरू प्रतिको जनचेतना**

सुदूरपश्चिम प्रदेशका दशमध्ये झण्डै सात (६९.६%) उत्तरदाताहरूले चालु आर्थिक बर्षको लागि आ-आफ्नो स्थानीय सरकारले कार्यान्वयनका लागि बनाएका कुनै पनि विकास आयोजना वा बजेटबारे अनभिज्ञ रहेको उल्लेख गरेका छन् । ३०.४% उत्तरदाताहरूले मात्र आफ्नो गाउँपालिकाले/नगरपालिकाले कार्यान्वयन गर्न लागेको योजनाको बारेमा जानकारी भएको बताएका छन् । चालू आर्थिक बर्षमा स्थानीय सरकारले कार्यान्वयन गरेको कुनै विकास परियोजना वा बजेट कार्यन्वयनको लागि बनाइएको योजनाको बारेमा थाहा भएको उत्तरदाताको हिस्सा सन् २०१८ र सन् २०२० मा ३६.४% रहेको मा सन् २०२२ मा उत्तरदाताहरूको हिस्सामा ६% अंकले कमी आई ३०.४% मा झरेको छ ।

**स्थानीय सरकारको विकास परियोजनाहरू बारे जानकार, बर्ष अनुसार**





*चित्र ५.१२.१: Q-E18. के तपाईलाई यस आर्थिक वर्षमा स्थानीय सरकारले कार्यान्वयन गरेको कुनै विकास परियोजना वा बजेट कार्यन्वयनको लागि बनाईएको योजनाको बारेमा जानकारी छ ? (संख्या = १००८)*

### स्थानीय सरकारले प्रदान गर्ने सेवाहरूको प्राथमिकता

सर्वेक्षणमा स्थानीय सरकारले उपलब्ध गराउनुपर्ने विभिन्न १६ वटा सेवाहरु जस्तैः स्वास्थ्य, शिक्षा, कृषि, पूर्वाधारलगायतको सूची पढेर सुनाई ती सेवाहरूमध्ये स्थानीय सरकारले कुन सेवालाई पहिलो प्राथमिकतामा राख्नुपर्छ भनेर उत्तरदाताहरूलाई सोधिएको थियो । जवाफमा, सुदूरपश्चिम प्रदेशका एक तिहाई (३३.८%) उत्तरदाताहरूले उत्तरदाताहरूले शिक्षा सम्बन्धी सेवाहरूलाई स्थानीय सरकारले पहिलो प्राथमिकतामा राख्नुपर्छ भनी आफ्नो राय ब्यक्त गरेका छन् । त्यसैगरी एक चौथाई भन्दा धेरै (२६.७%) उत्तरदाताहरूले सडक सम्बन्धी सेवाहरु, त्यसपछि रोजगारी सम्बन्धी सेवाहरु (११.९%), स्वास्थ्य सम्बन्धी सेवाहरु (९.३%) र खानेपानी सम्बन्धी सेवाहरु (७.९%) लाई स्थानीय सरकारले पहिलो प्राथमिकतामा राख्नुपर्छ भनी आफ्नो राय ब्यक्त गरेका छन् ।

#### स्थानीय सरकारले प्राथमिकतामा राख्नुपर्ने सेवाहरू, बर्ष अनुसार




*चित्र ५.१२.२: Q-E19. तपाईंको विचारमा स्थानीय सरकारले कुन चाहिँ सेवालाई पहिलो प्राथमिकतामा राख्नुपर्छ जस्तो लाग्छ ? (संख्या = १००८)*

स्थानीय सरकारले शिक्षा सम्बन्धी सेवालाई उच्च प्राथमिकता दिनुपर्छ भन्ने विश्वास गर्ने उत्तरदाताहरूको संख्या निरन्तर बढ्दै गएको छ । उत्तरदाताहरूको यो हिस्सा सन् २०१८ मा रहेको १५.१% बाट बृद्धिभई सन् २०२२ मा ३३.८% मा पुगेको छ । त्यसैगरी, सडक र अन्य भौतिक पूर्वाधार र स्वास्थ्य सम्बन्धी सेवाहरूलाई पनि स्थानीय सरकारले प्राथमिकतामा राख्नुपर्छ भनी राय ब्यक्त गर्ने उत्तरदाताहरूको हिस्सामा पनि थोरै बृद्धी भएको छ । यद्यपि, रोजगारी सम्बन्धी सेवाहरु (सन् २०१८ मा २१.५% बाट सन् २०२० मा १८.८% र सन् २०२२ मा ११.९%) र खानेपानी सम्बन्धी सेवाहरु ( सन् २०१८ मा १५.४% बाट सन् २०२० मा १२.२% र सन् २०२२ मा घटेर ७.९%) लाई स्थानीय सरकारले प्राथमिकतामा राख्नुपर्छ भनी राय ब्यक्त गर्ने उत्तरदाताहरूको हिस्सामा सर्वेक्षण बर्षहरूमा क्रमशः गिरावट आएको छ ।

### सार्वजनिक सुनुवाई प्रक्रिया प्रतिको जागरूकता र सहभागीता

सुदूरपश्चिम प्रदेशका एक तिहाई भन्दा बढी (३६%) उत्तरदाताहरूले गत बर्ष आफ्नो वडा/गाउँपालिका/नगरपालिकामा कम्तीमा एउटा सार्वजनिक सुनुवाई भएको जनाएका छन् । गत बर्ष आफ्नो वडा/गाउँपालिका/नगरपालिकामा कम्तीमा एउटा सार्वजनिक सुनुवाई भएको छ भन्ने उत्तरदाताहरूको हिस्सा सन् २०२० र सन् २०२२ मा लगभग उस्तै रहेको छ (सन् २०२० मा ३७.४% र सन् २०२२ मा ३६%) ।

आफ्नो वडा/गाउँपालिका/नगरपालिकामा सार्वजनिक सुनुवाई भएको बताउने उत्तरदाताहरूलाई गत एक बर्षमा गरिएका यस्ता सार्वजनिक सुनुवाईमा उनीहरूको सहभागीताबारे सोधिएको थियो । सुदूरपश्चिम प्रदेशका एक चौथाई भन्दा अलि बढी (२८.१%) उत्तरदाताहरूले गत बर्षका केही सार्वजनिक सुनुवाईहरूमा भाग लिएको उल्लेख गरेका छन् भने उत्तरदाताहरूको सानो हिस्सा (४.९%) ले धेरै जसो सार्वजनिक सुनुवाईमा कार्यक्रमहरूमा भाग लिएको बताएका छन् । जबकि, दुई तिहाई (६७%) उत्तरदाताहरूले कहिल्यै कुनै पनि सार्वजनिक सुनुवाईमा भाग नलिएको बताएका छन् ।

आफ्नो वडा/गाउँपालिका/नगरपालिकामा सञ्चालन गरेको सार्वजनिक सुनुवाईमा भाग लिएको उल्लेख गर्ने उत्तरदाताहरूको अनुपात सन् २०१८ मा रहेको १४.६% बाट बढेर सन् २०२२ मा ३७.७% पुगेको मा सन् २०२२ मा भने केहि घटेर ३२.५% पुगेको छ । अर्कोतर्फ, सार्वजनिक सुनुवाईमा कहिले पनि भाग नलिने उत्तरदाताहरूको संख्या घट्दै गएको छ । सार्वजनिक सुनुवाईमा आफूले कहिल्यै पनि सहभागी नभएको बताउने उत्तरदाताहरूको अनुपात सन् २०१८ मा रहेको ८५.४% बाट घटेर सन् २०२० मा ६२.३% पुगेको मा सन् २०२२ मा उत्तरदाताहरूको यो हिस्सा बढेर ६७% पुगेको छ ।


### सार्वजनिक लेखापरीक्षणमा जागरूकता र सहभागीता

सुदूरपश्चिम प्रदेशका एक चौथाइ भन्दा बढी (२८.६%) उत्तरदाताहरूले गत बर्ष आफ्नो वडा/गाउँपालिका/ नगरपालिकामा कम्तीमा एउटा सार्वजनिक लेखापरीक्षण कार्यक्रम भएको उल्लेख गरेका छन् । गत बर्ष आफ्नो वडा/गाउँपालिका/नगरपालिकामा कम्तीमा एउटा सार्वजनिक लेखापरीक्षण भएको बारेमा सचेत रहेको उत्तरदाताहरूको अंश सन् २०१८ मा रहेको १३.९% बाट बृद्धिभई सन् २०२० मा ३२.५% पुगेकोमा सन् २०२२ मा उत्तरदाताहरूको यो हिस्सा घटेर २८.६% पुगेको छ ।

विगत एक बर्षमा सार्वजनिक लेखापरीक्षण भएको बताउने उत्तरदाताहरूलाई उक्त लेखापरीक्षणहरूमा उनीहरूको सहभागीता बारे सोधिएको थियो । जवाफमा, ७३.१% उत्तरदाताहरूले सामुदायिक विकास कार्यक्रमहरूको कुनै पनि सार्वजनिक लेखापरीक्षणमा सहभागी नभएको बताएका छन् । जबकि, २२.३% उत्तरदाताहरूले केहीमा भाग लिएको र थोरै ४.६% ले ती मध्ये धेरैमा भाग लिएको बताएका छन् । सामुदायिक विकास कार्यक्रमको सार्वजनिक लेखापरीक्षणमा आफूले भाग लिएको उल्लेख गर्ने उत्तरदाताहरूको अनुपात सन् २०२० मा रहेको ३९.२% बाट घटेर सन् २०२२ मा २६.९% मा पुगेको छ ।

### स्थानीय विकास योजनाहरूको तयारी/कार्यान्वयन प्रक्रियामा सहभागीता

स्थानीय विकास योजनाको तयारी र कार्यान्वयन प्रक्रियामा जनताको सहभागिताबारे जानकारी लिन प्रश्न सोधिएको थियो । सुदूरपश्चिम प्रदेशका अधिकांश (८५.७%) उत्तरदाताहरूले स्थानीय विकास योजनाको तयारी/कार्यान्वयनमा प्रक्रियामा सहभागी नभएको बताएका छन् । १२.६% उत्तरदाताहरूले केहीमा भाग लिएको बताएका छन् भने उत्तरदाताहरूको सानो अंश (१.८%) ले धेरैजसो स्थानीय विकास योजनाको तयारी र कार्यान्वयन प्रक्रियामा भाग लिएको बताएका छन् । सन् २०२० को तुलनामा स्थानीय विकास योजनाका तयारी र कार्यान्वयन प्रक्रियामा आफू सहभागी भएको उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सा सन् २०२० मा रहेको २२.२% बाट घटेर सन् २०२२ मा १४.४% पुगेको छ ।




*चित्र ५.१२.३: Q-E23. विगत एक बर्षमा तपाईले आफ्नो गाउँपालिका/नगरपालिका/वडाको स्थानीय विकास योजना तयार गर्दा वा ती योजना/कार्यक्रम कार्यान्वयन गर्दा सहभागी हुनुभयो ? (संख्या = ९७९) ('थाहा छैन' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

स्थानीय विकास योजनाहरूको तयारी/कार्यान्वयन प्रक्रियामा सहभागीता जनाउने सुदूरपश्चिम प्रदेशका अधिकांश (८१.२%) उत्तरदाताहरूले सडक र अन्य भौतिक पूर्वाधार सम्बन्धी, खानेपानी सम्बन्धी (३१.८%), शिक्षा सम्बन्धी (२४.७%), स्वास्थ्य सम्बन्धी (१४.५%) र कृषि र पशुधन सम्बन्धी (१२.२%) विकास योजना तयार गर्दा वा कार्यान्वयन गर्दा सहभागी भएको उल्लेख गरेका छन् । यसबाहेक, दशमध्ये एक उत्तरदाताले सामुदायिक भवन/स्थान व्यवस्थापन सम्बन्धी (१०.९%), विद्युत सम्बन्धी (१०.४%), सिँचाइ सम्बन्धी (१०.१%) र फोहोर व्यवस्थापन सम्बन्धी (१०%) स्थानीय विकास योजनाहरु तयार गर्न वा ती योजना/कार्यक्रमहरु कार्यान्वयन गर्दा सहभागी भएको उल्लेख गरेका छन् ।


## ५.१३ निर्वाचित पदाधिकारीहरू प्रतिको धारणा

सर्वेक्षणमा सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूलाई निर्वाचित मेयर, उपमेयर, वडाध्यक्ष र वडा सदस्यहरूले उनीहरूको बारेमा कति ख्याल गर्दछन् भनेर सोधिएको थियो । सन् २०२२ मा अधिकांश उत्तरदाताहरूले निर्वाचित प्रतिनिधिहरूले जनसाधारणको "चासो" (धेरै चासो र केही हदसम्म चासो) राख्छन् भन्ने विश्वास गर्ने गरेको पाइयो । निर्वाचित पदाधिकारीहरूप्रति जनताको विश्वासको यो स्तर वडाध्यक्ष (५५.८%), त्यसपछि वडा सदस्य (५३.९%), उपमेयर (४८.२%) र मेयर (४६.९%) मा मा उच्च रहेको पाइन्छ । त्यसैगरी, थोरै उत्तरदाताहरूले निर्वाचित पदाधिकारीहरूले जनताको पूर्ण रूपमा चासो राख्ने गरेको बताए । वडाध्यक्ष र वडा सदस्यहरु (१४%) तुलनामा उपमेयर (६.६%) र मेयर (७.८%) ले जनताको धेरै ख्याल राख्छन् भनी विश्वास व्यक्त गर्ने उत्तरदाताहरूको हिस्सा तुलनात्मक रूपमा कम रहेको देखिन्छ ।

## ५.१४ स्थानीय सरकारको उत्तरदायित्व प्रतिको धारणा

विभिन्न सर्वेक्षण वर्षमा जनताहरूका आवश्यकताहरु प्रति स्थानीय सरकारको देखाएको तदारूकता/संवेदनसीलता र उत्तरदायित्वलाई लिएर आमजनताको जवाफमा उल्लेखनीय भिन्नता रहेको देखिन्छ ।

सुदूरपश्चिम प्रदेशका ३०.९% उत्तरदाताहरु जनताहरूका आवश्यकता प्रति स्थानीय सरकारको उत्तरदायित्वमा सुधार भएको विश्वास गर्छन् । सन् २०२२ मा उत्तरदाताहरूको यो हिस्सा सबैभन्दा न्युन रहेको छ, उक्त हिस्सा सन् २०१८ मा ५७.२% र सन् २०२० मा सबैभन्दा उच्च (६५.४%) रहेको थियो । सुदूरपश्चिम प्रदेशका करीब दुई तिहाई (६६.६%) उत्तरदाताहरूले स्थानीय सरकारले जनताका आवश्यकताहरु प्रति देखाएको तदारूकता/संवेदनसीलता गत बर्षको जस्तै रहेको जनाएका छन् । उत्तरदाताहरूको यो अनुपात सन् २०१८ मा ४०.२% रहेको थियो भने सन् २०२० मा यो हिस्सा सबैभन्दा न्युन ३०.६% रहेको थियो ।





*चित्र ५.१४.१: Q-F1Ai गत बर्षको तुलनामा स्थानीय सरकार (नगरपालिका/गाउँपालिका) जनताको आवश्यकताप्रति कतिको उत्तरदायी बनेको छ जस्तो लाग्छ ? (संख्या = १००८)*

**स्थानीय सरकारले प्रदान गरेका सेवाहरू प्रतिको सन्तुष्टि**

सुदूरपश्चिम प्रदेशमा पाँचमध्ये करीब तीन जना (६१.२%) उत्तरदाताहरूले आफ्नो स्थानीय सरकारले प्रदान गर्ने सेवाहरु प्रति सन्तुष्ट भएको जनाएका छन् भने ३८.८% उत्तरदाताहरूले आफ्नो स्थानीय सरकारले प्रदान गर्ने सेवाहरु प्रति आफुहरू सन्तुष्ट नरहेको बताएका छन् । स्थानीय सरकारले प्रदान गरेको सेवाबाट सन्तुष्ट हुनेहरूको हिस्सा सन् २०२० मा ८१.१% थियो भने सन् २०२२ मा उक्त संख्या घटेर ६१.२% मा झरेको छ । अर्कोतर्फ, स्थानीय सरकारले प्रदान गर्ने सेवाहरु प्रति असन्तुष्ट हुनेहरूको अनुपात सन् २०२० मा रहेको १८.९% को तुलनामा सन् २०२२ मा बढेको (३८.८%) छ ।

**स्थानीय सरकारले प्रदान गरेका सेवाहरु प्रतिको सन्तुष्टि, बर्ष अनुसार**




*चित्र ५.१४२: Q-E13g. समग्रमा, के तपाई आफ्नो क्षेत्रको स्थानीय सरकारले (ग्रामीण नगरपालिका/नगरपालिका) प्रदान गरेका सेवाहरूबाट सन्तुष्ट हुनुहुन्छ ? (संख्या = १००८) ("भन्न चाहन्न" भन्ने उत्तरलाई समावेश गरिएको छैन)*


सुदूरपश्चिम प्रदेशमा शहरी नगरपालिकाका (६३.६%) उत्तरदाताहरूको तुलनामा गाउँपालिकाका कम (५७.७%) उत्तरदाताहरु स्थानीय सरकारले दिने सेवाबाट सन्तुष्ट रहेका छन् । पारिस्थितिक क्षेत्रको अनुसार हेर्दा, तराईका (५६.८%) उत्तरदाताहरु भन्दा पहाडी भेगका (६४.४%) र हिमाली भेगका बढी (६५.६%) उत्तरदाताहरु स्थानीय सरकारले दिने सेवाबाट सन्तुष्ट रहेका देखिन्छन् । जातीय समूहहरूको आधारमा हेर्दा मधेसी आदिवासी/जनजाति (५४.४%), पहाडी दलित (५८.७%) र पहाडी जाति समुदायका बढी (६२.९%) उत्तरदाताहरु स्थानीय सरकारले प्रदान गर्ने सेवाहरु बाट सन्तुष्ट रहेको देखिन्छन् ।

**स्थानीय सरकारले प्रदान गरेको शिक्षा, स्वास्थ्य र सडक सेवा प्रतिको सन्तुष्टि**

सर्वेक्षणमा स्थानीय सरकारले प्रदान गरको शिक्षा, स्वास्थ्य र सडक सेवाप्रति उत्तरदाताहरु कत्तिको सन्तुष्ट छन् भनी बुझ्न खोजिएको थियो । सोका लागि उत्तरदातालाई आफ्नो सन्तुष्टीको स्तर मापनको लागि शून्य देखि दश अंक सम्म दिन भनिएको थियो, जसमा शून्यले "धेरै असन्तुष्ट"; र १० अंकले "धेरै सन्तुष्ट" संकेत गर्छ । यी उल्लिखित सेवाहरूका लागि सुदूरपश्चिम प्रदेशमा बसोबास गर्ने उत्तरदाताहरूको औसत सन्तुष्टिको स्तर ५.७ देखि ६.६ सम्म रहेको देखिन्छ ।

सन् २०२० को तुलनामा सन् २०२२ मा सुदूरपश्चिम प्रदेशमा बसोबास गर्ने जनताहरु को स्थानीय सरकारले प्रदान गरेको शिक्षा, स्वास्थ्य र सडक सेवाप्रति सन्तुष्टिको औसत स्तर घटेको देखिन्छ । शिक्षा सेवाप्रति उत्तरदाताहरूको औसत सन्तुष्टिको स्तर सन् २०२० मा रहेको ७.० अंक बाट घटेर सन् २०२२ मा ६.४ अंक, स्वास्थ्य सेवाप्रति उत्तरदाताहरूको औसत सन्तुष्टिको स्तर सन् २०२० मा रहेको ७.१ अंक बाट घटेर सन् २०२२ मा ६.६ अंक र सडक सेवाप्रति उत्तरदाताहरूको औसत सन्तुष्टिको स्तर सन् २०२० मा रहेको ६.९ अंक बाट घटेर सन् २०२२ मा ५.७ अंक रहेको छ ।

शिक्षा, स्वास्थ्य, र सडकसम्बन्धी सेवाहरूप्रतिको औसत सन्तुष्टि, बर्ष अनुसार




*चित्र ५.१४.३: Q-E10H_a,b,c. आफ्नो क्षेत्रमा गाउँपालिका/नगरपालिकाले उपलब्ध गराएको शिक्षा, स्वास्थ्य र सडक सम्बन्धी सेवाहरूबाट तपाईं कत्तिको सन्तुष्ट हुनुहुन्छ ? (संख्या = १००८)*

## ५.१५ स्थानीय निर्वाचन

सन् २०२२, मे १३ मा भएको स्थानीय निर्वाचन प्रतिको आममानिसको सहभागीता र धारणालाई बुझ्न सर्वेक्षणमा स्थानीय निर्वाचनसँग संबन्धित विभिन्न प्रश्नहरु सोधिएको थियो । सर्वेक्षणमा निर्वाचनमा उत्तरदाताहरूको सहभागीता, निर्वाचनको नतिजाबाट सन्तुष्टि, स्थानीय निर्वाचनबाट अपेक्षा, स्वतन्त्र र स्थानीय निर्वाचनको निष्पक्षता, मतदानको गर्नुको कारण, र मतदान केन्द्रहरूमा जनताको पहुँचका विषयहरूमा प्रश्नहरु सोधिएको थियो ।

सन् २०२२ को स्थानीय निर्वाचनमा[१४] सुदूरपश्चिम प्रदेशका झण्डै तीन चौथाइ (७४.१%) जनताले स्थानीय निर्वाचनमा मतदान गरेको बताएका छन् भने एक चौथाइ (२५.९%) ले मतदान नगरेको उल्लेख गरेका छन् । सन् २०१७ र सन् २०२२ बीचको तथ्याङ्कलाई तुलना गर्दा, सन् २०१७ मा ७५.३% र सन् २०२२ मा ७४.१% उत्तरदाताहरूले स्थानीय चुनावमा भाग लिएको उल्लेख गरेका छन् । तथ्याङ्क हेर्दा, मतदान गर्ने उत्तरदाताहरूको संख्यामा उल्लेखनीय भिन्नता नभएको देखिन्छ ।

सुदूरपश्चिम प्रदेशका अधिकांश उत्तरदाताहरूले सन् २०१७ मा (९६.४%) जस्तै सन् २०२२ (९४.९%) मा पनि निर्वाचन स्वतन्त्र र निष्पक्ष भएको विश्वास ब्यक्त गरेका छन् । अर्कोतर्फ, सन् २०२२ मा, उत्तरदाताहरूको सानो हिस्सा (२.२%) ले स्थानीय चुनाव स्वतन्त्र र निष्पक्ष नभएको विश्वास गरेका छन् जसमध्ये ४३.२% उत्तरदाताहरूले निर्वाचनमा समस्या वा विवाद भएको, बल, पैसा र घुसखोरीको प्रयोग भएको (३९.७%) जस्ता कारणहरूले गर्दा स्थानीय निर्वाचन स्वतन्त्र र निष्पक्ष नभएको बताएका छन् ।

सुदूरपश्चिम प्रदेशका ८९.६% उत्तरदाताहरूले सन् २०२२ को निर्वाचनको नतिजाबाट खुसी वा धेरै खुसी भएको उल्लेख गरेका छन् । स्थानीय चुनावले उनीहरूको जीवनमा पार्ने प्रभावहरूको बारेमा सोध्दा, लगभग पाँचमध्ये तीन (५७.६%) उत्तरदाताहरूले स्थानीय चुनावले उनीहरूको आफ्नो जीवनस्तरमा सुधार ल्याउने विश्वास गरेका छन् भने एक तिहाई भन्दा बढी (३६.१%) उत्तरदाताहरूले स्थानीय चुनावले उनीहरूको जीवनमा कुनै प्रभाव नपर्ने बताएका छन् ।

स्थानीय निर्वाचनले आफ्नो जीवनस्तरमा सुधार ल्याउँछ भन्ने विश्वास गर्ने उत्तरदाताहरूले स्थानीय नेताहरु समुदायको आवश्यकतालाई सम्बोधन गर्नेतर्फ लाग्छन् (६८%), सार्वजनिक सेवा प्रवाहमा सुधार हुनेछ (५३.४%) र नेताहरु जवाफदेहीता हुनेछन् (४१.८%) जस्ता कारण उल्लेख गरेका छन् ।

१४ निर्वाचन आयोगका अनुसार २०७९ को स्थानीय निर्वाचनमा ६४% दर्ता भएका मतदाताले मतदान गरेका थिए ।

### मतदान गर्ने निर्णयको आधार

स्थानीय निर्वाचनमा मतदान गरेका ७४.१% उत्तरदाताहरूलाई उनीहरूले कुन आधारमा भोट हाल्ने निर्णय गर्नुभएको थियो भनेर सोधिएको थियो । जवाफमा, दशमध्ये करीब तीन (३६.६%) उत्तरदाताहरूले राजनीतिक दल/उम्मेदवारले हाम्रो क्षेत्रमा विकास र सेवा प्रदान गर्नेछ भनेर भोट हाल्ने निर्णय गरेको, त्यसपछि (३५.२%) ले राजनीतिक दलको उम्मेदवारलाई मन पराएर र (३१.७%) ले स्वतन्त्र उम्मेदवार भएकोले साथै उसले उठाएका सिद्धान्तहरु मन पराएको कारणले भोट हालेको भनेर उल्लेख गरेका छन् । त्यसैगरी, २१.२% ले कुनै निश्चित राजनीतिक दलले परिवर्तन लेराउन सक्छ भनेर भोट हालेको र २१.२% उत्तरदाताहरूले उम्मेदवारको सिद्धान्त, दृष्टिकोण मन परेकाले भोट हालेको उल्लेख गरेका छन् । यी बाहेक, १९.५% ले उम्मेदवारलाई व्यक्तिगत रूपमा चिनेकाले मतदान गरेका छन्, १२.८% उत्तरदाताहरूले यो पार्टी/उम्मेदवारले जनताको अधिकारका लागि काम गरेकोले र ११.७% ले साथीहरु/परिवारका सदस्यहरूले भोट हाल्न भनेकाले भोट हाल्ने निर्णय गरेको भन्ने उत्तर दिएका छन् ।

### मतदानमा सहजता

स्थानीय चुनावमा मतदान गरेको बताउने उत्तरदाताहरूलाई (७४.१%) सम्बन्धित मतदान केन्द्रमा मतदान गर्ने प्रक्रिया कत्तिको सजिलो थियो भनेर सोधिएको थियो । सुदूरपश्चिम प्रदेशका अधिकांश (८३.७%) उत्तरदाताहरूले मतदान गर्न सजिलो र १२.९% उत्तरदाताहरूले मतदान गर्न धेरै सजिलो भएको उल्लेख गरेका छन् । ३% उत्तरदाताहरूले गाह्रो भएको र ०.४% ले सम्बन्धित मतदान केन्द्रमा मतदान गर्ने प्रक्रिया निकै गाह्रो भएको बताए । मतदान केन्द्रमा मतदान गर्ने प्रक्रिया सजिलो भन्नुमा उनीहरूले निम्न कारण बताएका छन्ः मतदान केन्द्रहरु नजिक भएको (५४.८%), विभिन्न वर्गका मतदाताका लागि छुट्टाछुट्टै लाइनको ब्यवस्था भएको (४१.४%), सुरक्षाकर्मीहरु सहयोगी भएको (२८.६%), मतदान केन्द्रमा सहज पहुँच भएको (२४.७%), मतपत्र बुझ्न सजिलो भएको (२०.५%) र निर्वाचन आयोगका प्रतिनिधिहरु सहयोगी भएको (१०.०%) भएको उल्लेख गरेका छन् ।

### निर्वाचित स्थानीय प्रतिनिधिसँग सम्पर्क र सन्तुष्टिको स्तर

सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूको करीब पाँचमध्ये एक (१९.८%) ले आफ्ना व्यक्तिगत वा सामुदायिक मुद्दाहरूमा छलफल गर्न आफ्ना निर्वाचित पदाधिकारीहरु संग सम्पर्क गरेको उल्लेख गरेका छन् । जबकि, अधिकांश (८०.२%) उत्तरदाताहरूले त्यस्ता समस्या समाधान गर्न आफ्ना निर्वाचित पदाधिकारीहरूसंग कहिल्यै सम्पर्क नगरेका बताएका छन् । निर्वाचित प्रतिनिधिलाई सम्पर्क गर्न खोज्ने उत्तरदाताहरूको अनुपात सन् २०१७ मा रहेको १३.२% बाट सन् २०२२ मा १९.८% मा बढेको छ ।

### स्थानीय निर्वाचित जनप्रतिनिधिहरूको सन्तुष्टि

व्यक्तिगत वा समुदायले अनुभव गरेका समस्याहरु समाधान गर्न आफ्ना निर्वाचित अधिकारीहरूसंग सम्पर्क गर्ने १९.८% उत्तरदाताहरूलाई उनीहरु उक्त सम्पर्कको नतिजाबाट कत्तिको सन्तुष्ट हुनुभयो भनेर थप प्रश्न सोधिएको थियो । व्यक्तिगत वा समुदायले अनुभव गरेका समस्याहरु समाधान गर्न आफ्ना निर्वाचित अधिकारीहरूसंग सम्पर्क गर्ने उत्तरदाताहरूको एक तिहाई भन्दा बढी (३७.२%) केही हदसम्म सन्तुष्ट भएको र ७.८% उत्तरदाताहरूले आफूहरु धेरै सन्तुष्ट भएको गरेका छन् । अर्कोतर्फ, आफ्ना निर्वाचित अधिकारीहरूसंग सम्पर्क को नतिजाबाट "असन्तुष्ट" र "धेरै असन्तुष्ट" भएका उत्तरदाताहरूको अंश क्रमशः ३१.७% र १५.८% रहेका छन् । आफ्ना निर्वाचित अधिकारीहरूसंग सम्पर्कको नतिजाबाट "सन्तुष्ट" र "धेरै सन्तुष्ट" व्यक्त गर्ने उत्तरदाताहरूको हिस्सा सन् २०१७ को तुलनामा सन् २०२२ मा घटेको छ । त्यसैगरी, सन् २०१७ को तुलनामा सन् २०२२ मा "असन्तुष्ट"  र धेरै असन्तुष्ट" उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सामा भने उल्लेख्य वृद्धि भएको देखिन्छ ।


# ६. आर्थिक दृष्टिकोण र सूचनामा पहुँच

## ६.१ स्थानीय आर्थिक अवस्थाप्रतिको धारणा

सन् २०२२ को सर्वेक्षणमा स्थानीय क्षेत्र (गाउँपालिका वा शहरी नगरपालिका) को आर्थिक अवस्थाको बारेमा उत्तरदाताहरूको विचारहरु जान्नका लागि बिभिन्न प्रश्नहरु सोधिएको थियो । सन् २०२२ मा सुदूरपश्चिम प्रदेशका झन्डै एक-चौथाई (२२.६%) उत्तरदाताहरूले आफ्नो नगरपालिका/गाउँपालिकाको आर्थिक अवस्था सुधार भइरहेको उल्लेख गरेका छन् भने झन्डै तीन-चौथाई (७४.७%) उत्तरदाताहरूले स्थानीय पालिकाहरूको आर्थिक अवस्था उस्तै रहेको बताएका छन् । उत्तरदाताहरूको केवल सानो हिस्सा (१.३%) ले स्थानीय नगरपालिका/गाउँपालिकाको आर्थिक अवस्था बिग्रँदै गएको बताएका छन् ।

समग्रमा आफ्नो स्थानीय क्षेत्रको आर्थिक अवस्था सुधार हुँदै गइरहेको छ भनेर आशावादी हुने उत्तरदाताहरूको हिस्सा बिगतका तीन सर्वेक्षण बर्षहरूमा बढदै गएकोमा सन् २०२२ मा भने केहि गिरावट आएको छ । चार सर्वेक्षण बर्षहरूमध्ये, सन् २०१७ मा आफ्नो स्थानीय क्षेत्रको आर्थिक अवस्था सुधार भएको उल्लेख गर्ने उत्तरदाताहरूको अंश १४.२% रहेको मा सन् २०१८ मा बृद्धिभई २५.९% र सन् २०२० मा बिस्तारै बढ्दै ५३% पुगेको थियो । उत्तरदाताहरूको यो हिस्सा सन् २०२२ मा उल्लेखनीय रूपमा घटेर २२.६% पुगेको छ । बिगतका तीन सर्वेक्षण बर्षहरूको तुलनामा सन् २०२२ मा आफ्नो स्थानीय क्षेत्रको आर्थिक अवस्था उस्तै रहेको बताउने उत्तरदाताहरूको हिस्सामा उल्लेख्य वृद्धि भएको छ ।

### शहरी/ग्रामीण नगरपालिकाको आर्थिक अवस्था प्रतिको धारणा, बर्ष अनुसार




*चित्र ६.१.१: Q-G1. तपाईको नगरपालिका/गाउँपालिकाको आर्थिक अवस्था सुधार भइरहेको छ जस्तो लाग्छ ?*
*(संख्या = १००८) ('भन्न चाहान्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

सुदूरपश्चिम प्रदेशका शहरी नगरपालिकाका धेरै उत्तरदाताहरूले गाउँपालिकामा बसोबास गर्ने उत्तरदाताहरूको तुलनामा आफ्नो स्थानीय नगरपालिकाको आर्थिक अवस्था सुध्रिएको बताएका छन् । त्यसैगरी, स्थानीय नगरपालिकाको आर्थिक अवस्था उस्तै रहेको बताउने उत्तरदाताहरूको अनुपात हिमाल (७२.०%), पहाड (७८.०%) र तराई (७३.३%) क्षेत्रहरूमा लगभग समान रहेको छ ।

आफ्नो नगरपालिकाको आर्थिक अवस्था राम्रो हुँदै गएको प्रतिक्रिया दिने २२.६% उत्तरदाताहरूलाई यसो भन्नुको कारण पनि सोधिएको थियो । यसको जवाफमा उत्तरदाताहरूले उल्लेख गरेका प्रमुख कारणहरूमाः पूर्वाधार राम्रो हुनु (७५.८%), खानेपानी आपूर्तिमा सुधार हुनु (३६.५%), संघीय सरकारले गाउँ/नगरपालिकामा बढी बजेट विनियोजन गर्नु (१६.३%), काम खोज्न सजिलो हुनु (८.६%), भ्रष्टाचार/घुस कम हुनु (७%) र लगानीको अवसरहरु बढनु (५%) जस्तालाई समावेश गरेका छन् ।

विगतका सर्वेक्षण बर्षहरूमा हेर्दा, भौतिक पूर्वाधार राम्रो हुनाले आफ्नो स्थानीय नगरपालिका/गाउँपालिकाको आर्थिक अवस्था सुध्रिएको उल्लेख गर्ने उत्तरदाताहरूको अंश निरन्तर बढ्दै गएको छ । उत्तरदाताहरूको यो हिस्सा सन् २०१७ मा रहेको २७.५% बाट बृद्धिभई सन् २०१८ मा ३८.१% र सन् २०२० मा ६४.५% पुगेकोमा सन् २०२२ मा उत्तरदाताहरूको यो हिस्सामा ११.३% अंकले बृद्धिभई ७५.८% मा पुगेको छ । त्यसैगरी, खानेपानी आपूर्तिमा सुधार हुनु उद्दृत गरेका उत्तरदाताहरूको हिस्सा सन् २०१७ मा रहेको १०.४% बाट बृद्धिभई सन् २०२२ मा ३६.५% पुगेको छ । यसबीच, विगतका चार सर्वेक्षण बर्षमा कम भ्रष्टाचार


सन् २०२२ मा, उत्तरदाताहरूको सानो संख्या (१.३%) ले मात्र आफ्नो स्थानीय नगरपालिका/गाउँपालिकाको आर्थिक अवस्था बिग्रँदै गएको भन्ने प्रतिक्रिया दिएता पनि तीमध्ये को ठुलो हिस्सा (३४.३%) उत्तरदाताहरूले बढ्दो भ्रष्टाचार र घुसखोरीलाई यसको प्रमुख कारणको रूपमा लिएका छन् । यसपछि उत्तरदाताहरूले बिग्रँदै गएको पूर्वाधार (३२%), रोजगारीका कम अवसरहरु (२०%), काम पाउन गाह्रो (१९.९%) र सरकारी सहायता सेवाहरु कम हुँदै जानु (१२%) लाई आर्थिक अवस्था बिग्रनुको अन्य कारणहरूको रूपमा उल्लेख गरेका छन् । तथ्याङ्कले पालिकाको आर्थिक अवस्था बिग्रनुमा भ्रष्टाचार सबैभन्दा बढी उल्लेख गरिएको कारण बनेको देखिएता पनि गत बर्ष सन् २०२० रहेको ८७.१% उत्तरदाताहरूको तुलनामा सन् २०२२ उत्तरदाताहरूको यो अंश मा ५२.८% अंकले घटी ३४.३% कायम रहेको छ ।

## ६.२ व्यक्तिगत तथा पारिवारिक आम्दानी

सर्वेक्षणमा उत्तरदाताहरूको व्यक्तिगत र घरपरिवारको मासिक आम्दानीको बारेमा पनि प्रश्न सोधिएको थियो । जवाफमा, सुदूरपश्चिम प्रदेशका करीब एक तिहाई (३८.८%) उत्तरदाताहरूले आफ्नो घरपरिवारको औसत आम्दानी मासिक रु २० हजार भन्दा बढी रहेको बताएका छन् । जबकि, ४४.७% उत्तरदाताहरूले आफ्नो घरपरिवारको मासिक आय रु १० हजार देखि रु १९ हजार ९ सय ९९ बीचमा रहेको उल्लेख गरेका छन् । यसैगरी सुदूरपश्चिम प्रदेशमा, एक महिनामा रु १० हजारभन्दा कम आम्दानी भएको उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सा १६.३% रहेको छ ।

सर्वेक्षण बर्षहरूमा, आफ्नो घरपरिवारको औसत मासिक आम्दानी रु १० हजार भन्दा कम रहेको उल्लेख गर्ने उत्तरदाताहरूको अनुपात घट्दै गएको छ । आफ्नो घरायसी आम्दानीको दायरा मासिक रु १० हजार देखि रु १९ हजार ९ सय ९९ भित्र रहेको बताउनेहरूको हिस्सा सन् २०१८ मा उच्च (४१.५%) रहेता पनि सन् २०२० मा ३१.८% मा झरेको थियो भने सन् २०२२ मा उत्तरदाताहरूको उक्त हिस्सामा १२.९% अंकले बृद्धिभई ४४.७% कायम रहेको छ । त्यस्तैगरी, आफ्नो घरायसी आम्दानी रु ४० हजार र सो भन्दा बढी रहेको उल्लेख गर्ने उत्तरदाताहरूको अनुपात सर्वेक्षण बर्षहरूमा क्रमशः बढ्दै गई, सन् २०२० मा उच्चतम (११.७%) रहेकोमा सन् २०२२ मा उत्तरदाताहरूको उक्त हिस्सा घटेर ९.८% मा पुगेको छ भने सन् २०१७ र सन् २०१८ मा उत्तरदाताहरूको यो अंश मा क्रमश ५.२% र ६.९% रहेको थियो ।

**औसत मासिक घरायसी आमदानी, बर्ष अनुसार**





*चित्र ६.२१: Q-G4. गत बर्ष तपाईंको घरपरिवारको आम्दानी प्रतिमहिना लगभग कति जति थियो ?*
*(संख्या = ९६२) ('भन्न चाहान्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

सुदूरपश्चिम प्रदेशमा गाउँपालिका र शहरी नगरपालिकामा बस्ने (४४.९%) उत्तरदाताहरूले आफ्नो घरपरिवारहरूको औसत आम्दानी रु १० हजार देखि रु १९ हजार ९ सय ९९ सम्म रहेको उल्लेख गरेका छन् । गाउँपालिकामा बस्ने (७.९%) घरपरिवारको तुलनामा शहरी नगरपालिकामा बस्ने बढी घरपरिवार (११%) ले आफ्नो घरपरिवारको औसत आम्दानी रु४० हजार वा सोभन्दा बढी रहेको उल्लेख गरेका छन् । हिमाली क्षेत्रका एक चौथाई भन्दा अलि बढी (२७.३%) घरपरिवारले आफ्नो घरपरिवारको औसत आम्दानी रु १० हजारभन्दा कम रहेको उल्लेख गरेका छन् भने ५०.४% ले आफ्नो घरपरिवारको औसत आम्दानी रु १० हजार देखि रु १९ हजार ९ सय ९९ बीचमा रहेको उल्लेख गरेका छन् ।

## घरपरिवारको आम्दानीमा आएको परिवर्तन

सुदूरपश्चिम प्रदेशका झण्डै दश मध्ये सात (६९.७%) उत्तरदाताहरूले आफ्नो घरायसी आय गत बर्षको तुलनामा उस्तै रहेको बताएका छन् । सर्वेक्षण बर्षहरूमा हेर्दा, सन् २०१७ मा आफ्नो घरायसी आम्दानी गत बर्षको तुलनामा बढेको छ भन्ने उत्तरदाताहरूको संख्या उच्च रहेकोमा सन् २०२२ मा उत्तरदाताहरूको संख्यामा तीव्र गिरावट आएको छ । झण्डै पाँचमध्ये एक (१९.५%) उत्तरदाताले गत बर्षको तुलनामा आफ्नो घरायसी आम्दानी बढेको र १०.६% ले घटेको बताएका छन् । विगतका चार सर्वेक्षण बर्षहरूमा घरपरिवारको आम्दानी बढेको बताउने उत्तरदाताहरूमा शिक्षित वा उच्च आय वर्गहरूको हिस्सा ठुलो रहेको छ ।


सर्वेक्षणका बर्षहरूमा, घरायसी आय उस्तै रहेको बताउने उत्तरदाताहरूको हिस्सामा क्रमशः बृद्धि भएको छ । सन् २०१७ मा ५५.३% रहेको उत्तरदाताहरूको हिस्सामा बृद्धिभई सन् २०१८ मा ६८.२% र सन् २०२२ मा ६९.७% पुगेको छ । यसको विपरीत, सन् २०२० मा आफ्नो घरायसी आम्दानी बढेको बताउने उत्तरदाताहरूको अनुपात २७.७% रहेकोमा, सन् २०२२ मा उक्त अनुपातमा ८.२% अंकले कमी आएको छ । आफ्नो घरायसी आयमा गिरावट आएको उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सामा सन् २०२० सन् र २०२२ मा उस्तै (क्रमशः १०.४% र १०.६%) रहेको छ ।




*चित्र ६.२२: Q-G5. गएको एक बर्षमा तपाईको घर परिवारको आम्दानीमा कस्तो परिवर्तन भएको छ ? (संख्या = १००८) ('भन्न चाहान्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

**व्यक्तिगत आम्दानी**

घरपरिवारको मासिक आम्दानी बाहेक सर्वेक्षणमा उत्तरदाताहरूको व्यक्तिगत मासिक आयको बारेमा पनि सोधिएको थियो । जवाफमा सुदूरपश्चिम प्रदेशका करीब एक तिहाई (३५.२%) उत्तरदाताहरूले या जवाफ दिन अस्वीकार गरे या त मासिक आयको कुनै स्रोत नभएको भनी बताएका छन् । यस्तो जवाफ दिने उत्तरदाताहरूमा मुख्यतया विद्यार्थीहरु र कृषि वा घरायसी काममा संलग्न व्यक्तिहरु रहेका छन् । पुरूषहरूको तुलनामा लगभग दोब्बर महिला उत्तरदाताहरूले व्यक्तिगत मासिक आम्दानीको जवाफ दिन अस्वीकार गरेका छन् । आफ्नो व्यक्तिगत आय बताउने उत्तरदाताहरु मध्ये (२०.२%) उत्तरदाताहरूले आफ्नो व्यक्तिगत मासिक आय रु२० हजार वा सो भन्दा बढी रहेको उल्लेख गरेका छन् । जुन सन् २०२२ मा सर्वेक्षणमा समावेश गरिएको समग्र उत्तरदाताहरूको अंश (३३.५%) भन्दा १३.३% अंकले कम रहेको छ । राष्ट्रिय आँकडा (३७%) को तुलनामा आफ्नो व्यक्तिगत मासिक आय रु १० हजार भन्दा कम रहेको उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सा सुदूरपश्चिम प्रदेशमा बढी (४९.६%) रहेको छ ।





*चित्र ६.२३: Q-G6C. गएको एक बर्षमा तपाइको आफ्नो मासिक आम्दानी लगभग कति जति थियो ? (संख्या = ७२६) ('भन्न चाहान्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

सुदूरपश्चिम प्रदेशमा गाउँ र शहरी नगरपालिकामा बसोबास गर्ने उत्तरदाताहरूको व्यक्तिगत आयको स्तरमा खासै भिन्नता देखिएको छैन । हिमाल क्षेत्रका (३६.५%) र तराई क्षेत्रका (३२.४%) उत्तरदाताहरूले आफ्नो मासिक आम्दानी लगभग रु १० हजार देखि रु २० हजार बीचको रहेको उल्लेख गरेका छन्, जबकि पहाडका २२.१% उत्तरदाताहरूले आफ्नो व्यक्तिगत आम्दानी रु १० हजार देखि रु २० हजार बीचमा रहेको बताएका छन् । यो प्रदेशको हिमाली क्षेत्रमा बसोबास गर्ने (१७.४%) र तराई क्षेत्रमा बसोबास गर्ने (१४.३%) उत्तरदाताहरूको तुलनामा पहाडका बढी (२९.७%) उत्तरदाताहरूले आफ्नो मासिक आम्दानी रु २० हजार वा सोभन्दा बढी रहेको उल्लेख गरेका छन् । जातीय समूहमा, मधेसी (आदिवासी/जनजाति) समुदायका (५७.४%), पहाडी दलित समुदायका (५०%) र पहाडी जाति समुदायका (४५.७%) उत्तरदाताहरूले आफ्नो मासिक आम्दानी रु १० हजार भन्दा कम रहेको उल्लेख गरेका छन् । त्यसैगरी, पहाडी जाति समुदायका २३.९% उत्तरदाताहरूले आफ्नो व्यक्तिगत आय रु २० हजारभन्दा बढी रहेको बताएका छन् भने ८.६% मधेसी आदिवासी/जनजाति र २१.२% पहाडी दलितले पनि आफ्नो व्यक्तिगत आय रु २० हजारभन्दा बढी रहेको उल्लेख गरेका छन् । यो प्रदेशमा उत्तरदाताहरूको उच्च आम्दानी उच्च शिक्षासंग जोडिएको देखिएको छ ।

## ६.३. वैदेशिक रोजगार र विप्रेषण

सन् २०२२ मा, सुदूरपश्चिम प्रदेशका करीब एक तिहाई (३३.१%) उत्तरदाताहरूले आफ्नो परिवारको कम्तीमा एकजना सदस्य कामको सिलसिलामा हाल विदेशमा हुनुहुन्छ भनि उल्लेख गरेका छन् । उत्तरदाताहरूको यो हिस्सा विगतका सर्वेक्षण बर्षहरूको भन्दा कम रहेको छ । परिवारको कम्तीमा एक सदस्य कामको सिलसिलामा हाल विदेशमा हुनुहुन्छ भन्ने उत्तरदाताहरूको अनुपात सन् २०१८ मा उच्च (४४.२%) रहेको बाट क्रमशः घटी सन् २०२० मा ३७.३% हुँदै सन् २०२२ मा ३३.१% मा पुगेको छ । सन् २०१८ मा उच्च (४४.२%) रहेको उत्तरदाताहरूको यो हिस्सामा सन् २०२२ मा भने ११.१% अंकले गिरावट आएको छ ।

**वैदेशिक रोजगारको अवस्था, वर्ष अनुसार**





*चित्र ६.३.१: Q-G12. तपाईंको परिवारको कोही सदस्य कामको सिलसिलामा हाल विदेशमा हुनुहुन्छ ?*
*(संख्या = १००८) ('भन्न चाहान्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

आफ्नो परिवारको कम्तीमा एक जना सदस्य विदेशमा काम गरिरहेका छन् भनी बताउने ३३.१% उत्तरदाताहरूलाई उनीहरूका परिवारका सदस्यहरूले कामको सिलसिलामा विदेशमा कुनै समस्या भोग्नुपरेको थियो कि भनेर सोधिएको थियो । सुदूरपश्चिम प्रदेशका अधिकांश (९२.६%) उत्तरदाताहरूले उनीहरूका परिवारका सदस्यहरूले कामको सिलसिलामा विदेशमा कुनै समस्या झेल्न नपरेको भनी बताएका छन् । उत्तरदाताहरूको एउटा सानो अनुपातले चाहिं उनीहरूका परिवारका सदस्यहरूले बिदेशमा शारीरिक चोटपटक वा बिरामी भएका (३.३%), चरम कामको अवस्था रहेको (१.८%), सहमति भएको भन्दा कम तलब पाएको (१.६%) र सहमति गरिएको भन्दा फरक काम पाएको (१.२%) उल्लेख गरेका छन् ।

यस सर्वेक्षणमा सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूले आफ्ना परिवारका सदस्य, साथीभाई, आफन्त वा आफूले चिनेका कोही व्यक्तिहरूलाई वैदेशिक रोजगारीमा जान प्रोत्साहित गरे कि गरेनन् भनेर बुझ्ने प्रयास पनि गरिएको थियो । अघिल्लो बर्ष सन् २०२० मा रहेको ३३.७% उत्तरदाताहरूको तुलनामा सन् २०२२ मा सुदूरपश्चिम प्रदेशका कम (२०.१%) उत्तरदाताहरूले

आफूले चिनेका मानिसलाई (परिवारका सदस्य, साथीभाई, आफन्त र अन्य व्यक्तिहरूलाई) वैदेशिक रोजगारीमा जान प्रोत्साहन गर्ने गरेको बताएका छन् । राष्ट्रिय औसत (३२.९%) संग तुलना गर्दा, सन् २०२२ मा सुदूरपश्चिम प्रदेशका कम उत्तरदाताहरूले आफ्ना परिवारका सदस्य, साथीभाई, आफन्त र अन्य व्यक्तिलाई वैदेशिक रोजगारीमा जान प्रोत्साहन गरेको देखिन्छ ।

**वैदेशिक रोजगारीमा जान प्रोत्साहित गर्ने, बर्ष अनुसार**




*चित्र ६.३२: Q-G12.4. के तपाईंले तपाइको परिवारका सदस्य वा तपाइले चिनेका अन्य व्यक्तिहरूलाई विदेशमा रोजगार खोज्न प्रोत्साहित गर्नुहुन्छ ? (संख्या = १००८) ('भन्न चाहान्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

## रेमिट्यान्स (विप्रेषण)

सन् २०२० र सन् २०२२ को सर्वेक्षण तथ्याङ्कले सुदूरपश्चिम प्रदेशमा विगत एक वर्षमा देश बाहिर बाट रेमिट्यान्स प्राप्त गर्ने उत्तरदाताहरूको अंशमा खासै भिन्नता नभएको देखाएको छ । सन् २०२० मा रहेको २८.५% उत्तरदाताहरूको तुलनामा सन् २०२२ मा केहि कम २७.१% उत्तरदाताहरु वा उनीहरूको परिवारका सदस्यहरूले देश बाहिर बाट रेमिट्यान्स प्राप्त गरेको उल्लेख गरेका छन् । त्यसैगरी, सन् २०२२ मा १२.१% उत्तरदाताहरु वा उनीहरुको परिवारका सदस्यहरूले देशभित्र बाट रेमिट्यान्स प्राप्त गरेको उल्लेख गरेका छन्, उत्तरदाताहरूको यो अंश सन् २०२० मा पनि उस्तै (१२.८%) रहेको थियो । यसैबीच, सन् २०२२ मा ४६.८% उत्तरदाताहरूले रेमिट्यान्स सम्बन्धि प्रश्न उनीहरूका लागि लागू नहुने बताएका छन् ।

**रेमिट्यान्स (विप्रेषण) पाउने संख्या, बर्ष अनुसार**

| | बर्ष | देश भित्रबाट | देश बाहिरबाट | देश भित्र र बाहिर दुबैबाट रेमिट्यान्स | अहिलेसम्म प्राप्त भएको छैन | लागु नहुने |
|---|---|---|---|---|---|---|
| सुदूरपश्चिम प्रदेश | २०२० | १२.८% | २८.५% | १.९% | ९.४% | ४७.४% |
| | २०२२ | १२.१% | २७.१% | ३.२% | १०.९% | ४६.८% |


*तालिका ६.३.१: Q-G13. विगत एक वर्षमा तपाईले वा तपाईको परिवारका सदस्यहरूले देश बाहिर वा भित्रबाट रेमिट्यान्स प्राप्त गर्नुभएको छ ? (संख्या = १००८)[१५] ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

यसैगरी विभिन्न जात जातिहरूमा हेर्दा, सुदूरपश्चिम प्रदेशमा पहाडी दलित समुदायका उत्तरदाताहरूले देश भित्रबाट भन्दा देश बाहिरबाट रेमिट्यान्स प्राप्त गर्ने सम्भावना बढी देखिएको छ । यसका साथै, मधेसी (आदिवासी/जनजाति), मधेसी जात (स्तर-१) र मधेसी जात (स्तर-२) समुदायका मानिसहरूले धेरै जसो देश बाहिरबाट रेमिट्यान्स प्राप्त गर्ने गरेको बताएका छन् ।

१५ सन् २०१७ र सन् २०१८ मा उत्तरदाताहरूलाई "के तपाई वा तपाईको परिवारले देशभित्र वा बाहिरबाट रेमिट्यान्स प्राप्त गर्नुभएको थियो ?" भनेर सोधिएको थियो, तर सन् २०२० र सन् २०२२ मा उनीहरूलाई "विगत एक बर्षमा तपाई वा तपाईको परिवारका सदस्यहरूले देशबाहिर वा भित्रबाट रेमिट्यान्स प्राप्त गर्नुभएको थियो ?" भनेर सोधिएको थियो

## रेमिट्यान्स (विप्रेषण) मा परिवर्तन

यस सर्वेक्षणमा देशभित्र, देशबाहिर वा दुवैबाट रेमिट्यान्स प्राप्त गरेको बताउने ४२.४% उत्तरदाताहरूलाई गएको बर्ष र अहिलेको तुलना गर्नुपर्दा तपाईले प्राप्त गरेको रेमिट्यान्समा कुनै परिवर्तन भएको छ कि भनेर प्रश्न सोधिएको थियो । सन् २०२२ मा १६.४% उत्तरदाताहरूले आफूले प्राप्त गर्ने रेमिट्यान्समा बृद्धी भएको उल्लेख गरेका छन् । उत्तरदाताहरूको यो हिस्सा सन् २०१७ मा अभिलेख गरिएको २०.२%, सन् २०१८ मा गरिएको १९.१% र सन् २०२० मा अभिलेख गरिएको २८.२% भन्दा कम रहेको छ । त्यसैगरी, आफु वा आफ्नो परिवारका सदस्यहरूले प्राप्त गरेको रेमिटेन्स घटेको जानकारी दिने उत्तरदाताहरूको अंशमा सर्वेक्षण बर्षहरूमा खासै भिन्न देखिएको छैन (सन् २०१७ मा ८.५%, सन् २०१८ मा ८.४%, सन् २०२० मा ५.५% र २०२२ मा ८.१%) । यसको विपरीत, आफूले प्राप्त गरेको रेमिट्यान्स उस्तै रहेको उल्लेख गर्ने उत्तरदाताहरूको अंश सन् २०२० मा रहेको ६५.५% बाहेक, अन्य सर्वेक्षण बर्षहरूमा झन्डै समान रहेको देखिन्छ । उत्तरदाताहरूको यो हिस्सा सन् २०१७ मा ७०.१%, सन् २०१८ मा ७२.५% रहेको, र सन् २०२२ मा भने ७३.८% रहेको छ ।





*चित्र ६.३.३: Q-G14. अघिल्लो वर्षको तुलनामा तपाईको घरपरिवारले प्राप्त गरेको रेमिट्यान्स रकम बढेको छ, उस्तै छ कि घटेको छ ? (संख्या = ४२७)*

## रेमिट्यान्स (विप्रेषण) को उपयोग

रेमिट्यान्स प्राप्त गर्ने ४२.४% उत्तरदाताहरूलाई के प्रयोजनको लागि रेमिट्यान्स खर्च गर्नुभयो भनेर सोधिएको थियो । सुदूरपश्चिम प्रदेशका अधिकांश (९२.४%) उत्तरदाताहरूले आफ्नो दैनिक घर खर्चमा प्रयोग गरेको बताएका छन् । यसका साथै स्वास्थ्य सेवा (७५.७%), बालबालिकाको शिक्षामा (६७.३%), ऋण तिर्न (३१.६%), घर बनाउन (१०.९%) र जग्गा किन्न (८.४%) रेमिट्यान्स बाट प्राप्त रकम उपयोग गरेको बताए । सन् २०२० र सन् २०२२ को बीचमा, घरायसी खर्च र स्वास्थ्य सेवाका लागि रेमिट्यान्स बाट प्राप्त रकम प्रयोग गर्ने उत्तरदाताहरूको अंश बढेको छ भने शिक्षा, ऋण तिर्दा र घर बनाउन प्रयोग गर्ने उत्तरदाताहरूको क्रम घटेको छ ।

**रेमिट्यान्सको प्रयोग, बर्ष अनुसार**





*चित्र ६.३४: Q-G14A. तपाई वा तपाईको परिवारका सदस्यहरूले प्राप्त गरेको रेमिट्यान्स रकम मुख्यत: कुन कामको लागि खर्च गर्नु भएको छ ? (संख्या = ४२७)*

## ६.४ बीमाको बारेमा जानकारी र पहुँच

सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूले विभिन्न प्रकारका बीमाहरूको बारेमा सुनेका छन् कि छैन भनेर जान्न गणकहरूले उनीहरूलाई विभिन्न आठ प्रकारका बीमाहरूको बारेमा पढेर सुनाएका थिए । बीमाको प्रकारको बारेमा सोध्दा, सुदूरपश्चिम प्रदेशका अधिकांश (८६%) उत्तरदाताहरूले विभिन्न प्रकारका बीमाहरूको बारेमा सुनेका बताएका छन् । तीन सर्वेक्षण बर्षहरूमा, विभिन्न प्रकारका बीमाका बारेमा सुनेका उत्तरदाताहरूको अनुपात सन् २०१८ मा उच्च (८८.७%) रहेको बाट घटेर सन् २०२० मा ८३.४% र सन् २०२२ मा ८६% मा घटेको पाइएको छ ।

**बीमाको बारेमा चेतना, बर्ष अनुसार**




*चित्र ६.४१: Q-G21.a. के तपाईंले कहिल्यै कुनै प्रकारको बीमाको बारेमा सुन्नुभएको छ ? (संख्या = १००८)*

सर्वेक्षणका अनुसार आठ विभिन्न प्रकारका बीमामध्ये सुदूरपश्चिम प्रदेशमा जीवन बीमा (८९.६%), स्वास्थ्य बीमा (९१.७%) र पशुधन बीमा (८०.६%) सबैभन्दा लोकप्रिय रहेको पाइएको छ । यसैगरी करीब तीन चौथाइ (७७.२%) उत्तरदाताहरूले सवारी साधन बीमा, कृषि बीमा (७५.८%) र व्यक्तिगत/दुर्घटना बीमा (७२.३%) बारे आफूहरू सचेत रहेको बताएका छन् । जबकि, यात्रा बीमा (४३.३%) र सम्पत्ति बीमा (५३.९%) सुदूरपश्चिम प्रदेशमा सबैभन्दा कम लोकप्रिय बीमा रहेको बताएका छन् ।

### विभिन्न प्रकारका बीमाबारे सचेतना र स्वामित्व, बर्ष अनुसार

| | २०१८ | | २०२० | | २०२२ | |
|---|---|---|---|---|---|---|
| | सुनेको छु | लिएको छु | सुनेको छु | लिएको छु | सुनेको छु | लिएको छु |
| जीवन बीमा | ९८.४% | १४.७% | ९६.१% | २६.१% | ८९.६% | २१.९% |
| व्यक्तिगत/दुर्घटना बीमा | ६४.३% | ३.७% | ८५.४% | १०.०% | ७२.३% | ९.९% |
| सवारी साधन बीमा | ६३.६% | १२.१% | ८०.२% | १७.१% | ७७.२% | २२.३% |
| स्वास्थ्य बिमा | ७९.३% | ६.२% | ९२.६% | १०.९% | ९१.७% | १६.९% |
| कृषि बीमा | ४८.८% | १.१% | ६८.५% | १.१% | ७५.८% | १.३% |
| पशुधन बीमा | ६५.५% | १.२% | ६८.५% | ४.२% | ८०.६% | ३.२% |
| सम्पत्ति बीमा | ४३.९% | ०.७% | ५७.८% | १.४% | ५३.९% | १.४% |
| यात्रा बीमा | ४८.८% | ०.९% | ६४.५% | ५.८% | ४३.३% | १.०% |

*तालिका ६.४.१ Q-G21B.A1-H1. के तपाईले उल्लेखित बीमाको बारेमा सुन्नुभएको छ ? (संख्या = ८६७) र [यदि Q-G21.B. A1-H1 मा "सुनेको छु" भनेमा] के तपाईले उक्त बीमा गर्नुभएको छ ? ('थाहा छैन', 'भन्न चाहान्न' र 'लागु नहुने' उत्तरहरूलाई समावेश गरिएका छैन)*


सर्वेक्षणले बिभिन्न बीमाहरु बारे जानकारी राख्ने उत्तरदाताहरूलाई, आफूलाई थाहा भएको बीमा गर्नुभएको छ कि छैन भनेर पनि जान्न प्रयास गरेको थियो । बिभिन्न बीमाहरु बारे जानकारी राख्ने सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूको उल्लेख्य संख्याले सवारी साधन बीमा (२२.३%), जीवन बीमा (२१.९%) र स्वास्थ्य बीमा (१६.९%) गरेको पाइयो । सर्वेक्षण तथ्यांक हेर्दा, बिभिन्न किसिमका बीमा योजनामा सहभागी हुनेहरूको संख्या बढिरहेको देखिन्छ । अरू बीमाहरूको तुलनामा सवारी साधन बीमा गर्नेहरूमा उल्लेखनीय वृद्धि भएको देख्न सकिन्छ (सन् २०१८ मा रहेको १२.१% बाट बृद्धिभई सन् २०२२ मा २२.३%) र त्यसपछि स्वास्थ्य बीमा गर्नेहरूमा पनि उल्लेखनीय वृद्धि भएको देख्न सकिन्छ (सन् २०१८ मा रहेको ६.२% बाट बृद्धिभई सन् २०२२ मा १६.९%) । जीवन बीमाको हकमा भने सन् २०१८ मा रहेको १४.७% बाट बृद्धिभई सन् २०२० मा २६.१% पुगेकोमा सन् २०२२ मा भने उत्तरदाताहरूको हिस्सामा केहि गिरावटआई २१.९% पुगेको छ । उत्तरदाताहरूको शैक्षिक स्तरसंगै विभिन्न प्रकारका बीमाहरु प्रतिको जानकारी र सहभागीता पनि बढ्दै गएको देखिन्छ । उदाहरणका लागि, अशिक्षित उत्तरदाताहरूको तुलनामा स्नातक र सो भन्दा माथिको डिग्री भएकाहरूले बढी मात्रामा जीवन बीमा गरेको देख्न सकिन्छ ।

## ६.५ रोजगारी र आयआर्जनका अवसरहरू

स्थानीय स्तरमा रोजगारीका र आयआर्जनको अवसरहरु के कस्तो रहेको छ भनी थाहा पाउन सुदूरपश्चिम प्रदेशका सम्पूर्ण उत्तरदाताहरूलाई यस बारेमा प्रश्न सोधिएको थियो । जवाफमा सुदूरपश्चिम प्रदेशका दशमध्ये आठ जना (७८%) ले आफ्नो इलाकामा रोजगारीका अवसर र (७९.३%) ले आयआर्जनका अवसर गत बर्ष जस्तै रहेको र कुनै परिवर्तन नआएको उल्लेख गरेका छन् । उत्तरदाताहरूको सानो अनुपातले गत बर्षको तुलनामा आफ्नो क्षेत्रमा रोजगारीका अवसरहरु (१०.४%) र आय आर्जनका अवसरहरु (९.६%) बढी रहेको र १०.६% उत्तरदाताहरूले आय आर्जनका अवसरहरु घटेको बताएका छन् ।

गत बर्षको तुलनामा, आफ्नो स्थानीय क्षेत्रमा रोजगारीको सम्भावना बढी छ भनेर विश्वास गर्ने उत्तरदाताहरूको अंश सन् २०२२ मा घटेको छ । उत्तरदाताहरूको यो अनुपात सन् २०१८ मा रहेको १०.७% बाट बृद्धिभई सन् २०२० मा ३२.३% पुगेको थियो, तर सन् २०२२ मा भने उल्लेखनीय रूपमा घटेर १०.४% मा झरेको छ । यसको विपरीत, आफ्नो स्थानीय क्षेत्रमा रोजगारीका अवसरहरु कम छन् भनी सोच्ने उत्तरदाताहरूको अंश सन् २०१८ मा रहेको ३% बाट क्रमशः बृद्धिभई सन् २०२० मा ७.८% र सन् २०२२ मा ११.१% मा पुगेको छ ।

अघिल्लो सर्वेक्षण बर्षहरूको तुलनामा सन् २०२२ मा सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूको सबैभन्दा कम हिस्सा (९.६%) ले स्थानीय क्षेत्रमा अधिक आय सिर्जना गर्ने अवसरहरु उपलब्ध भएको महसुस गरेका छन् । उत्तरदाताहरूको यो अनुपात सन् २०१८ मा १३.९% र सन् २०२० मा ३२% रहेकोमा सन् २०२२ मा उल्लेखनीय रूपमा घटेर ९.६% मा झरेको छ । प्रत्येक सर्वेक्षण बर्षहरूमा सुदूरपश्चिम प्रदेशका थोरै (सन् २०१८ मा २.६%, सन् २०२० मा ७.१% र सन् २०२२ मा १०.६%) उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रमा आयआर्जनका अवसरहरु कम उपलब्ध भएको उल्लेख गरेका छन् ।




*चित्र ६.५.१: Q-G23a र Q-G23b. एक बर्ष पहिला र अहिलेलाई तुलना गर्दा तपाईको स्थानीय क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरु कस्तो रहेका छन् ? (संख्या = १००८) ('भन्न चाहान्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

सुदूरपश्चिम प्रदेशको हिमाली क्षेत्रमा बसोबास गर्ने (४%) उत्तरदाताहरु र पहाडी क्षेत्रमा बसोबास गर्ने (९.५%) उत्तरदाताहरु भन्दा तराई क्षेत्रमा बसोबास गर्ने बढी (१५.६%) उत्तरदाताहरूले आफ्नो इलाकामा रोजगारीका अवसरहरु कम भएको उल्लेख गरेका छन् । तराई क्षेत्रका (६%) उत्तरदाताहरूले भने आफ्नो इलाकामा रोजगारीका अवसरहरु बढी उपलब्ध भएको उल्लेख गरेका छन् । पहाडी जाति समुदायका (१०.६%), पहाडी दलित समुदायका (१२.७%) र मधेसी (आदिवासी/जनजाति) समुदायका (१०.५%) उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रमा रोजगारीका अवसरहरु कम भएको उल्लेख गरेका छन् ।


त्यसैगरी, हिमाली क्षेत्रमा बस्ने (४%) र पहाडी क्षेत्रमा बस्ने (८.३%) उत्तरदाताहरूको तुलनामा तराईका धेरै (१५.३%) उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रमा आयआर्जन गर्ने कम अवसर रहेको महसुस गरेका छन् । ५० बर्ष र माथिका उमेर समूहका (६.१%) उत्तरदाताहरु भन्दा साना उमेर समूह (१८-२४ बर्ष) का धेरै (११.३%) उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रमा आयआर्जनका बढी अवसरहरु भएको उल्लेख गरेका छन् । सुदूरपश्चिम प्रदेशमा पहाडी जाति समुदायका (७८.१%) र पहाडी दलित समुदायका (७९.४%) उत्तरदाताहरु भन्दा मधेसी (आदिवासी/जनजाति) समुदायका धेरै (८५.१%) उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रमा आयआर्जनका अवसरहरूमा कुनै परिवर्तन नभएको उल्लेख गरेका छन् ।

## ६.६ सुचनाको स्रोत

आफ्नो स्थानीय सरकारले बनाएका योजना, कार्यक्रम र बजेटको बारेमा जानकारी कसरी पाउनुहुन्छ भनेर सोधिएको प्रश्नमा सुदूरपश्चिम प्रदेशका धेरै उत्तरदाताहरूले साथीभाई, परिवार र छिमेकीहरु नै आफ्नो जानकारीको मुख्य स्रोत भएको बताएका छन् । लगभग तीन-चौथाई (७३.४%) उत्तरदाताहरूले आफ्ना साथीभाई, आफन्त र छिमेकीबाट स्थानीय सरकारका गतिविधिहरूको जानकारी प्राप्त गर्ने गरेको बताएका छन् । यसैगरी स्थानीय समुदायका नेताहरु (२७.२%), राजनीतिक दलहरु (२५.२%), रेडियो नेपाल (२१.७%), सरकारी अधिकारीहरु (१८%) र सामाजिक सञ्जालहरु (१५.९%) लाई पनि सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूले स्थानीय सरकारका योजना, पहल र बजेटको बारेमा जानकारी दिने सूचनाको स्रोतको रूपमा उल्लेख गरेका छन् ।

अघिल्लो बर्षको सर्वेक्षणसंग तुलना गर्दा सन् २०२२ मा, स्थानीय समुदायका नेताहरु मार्फत् जानकारी प्राप्त गर्ने उल्लेख गर्ने उत्तरदाताहरूको अंश घटेको देखिन्छ (सन् २०२० मा रहेको ४४.१% बाट घटेर सन् २०२२ मा २७.२%) । सर्वेक्षणका बर्षहरूमा, राजनीतिक दल, सरकारी अधिकारी र सामाजिक सञ्जाललाई सूचनाको मुख्य श्रोत भएको उल्लेख गर्ने उत्तरदाताहरूको प्रतिशतमा निरन्तर वृद्धि भएको देख्न सकिन्छ ।

**स्थानीय सरकारका गतिविधिहरूको जानकारीको स्रोत, बर्ष अनुसार**





*चित्र ६.६.१: Q-H5. सामान्यता तपाई स्थानीय सरकारका योजनाहरु, कार्यक्रमहरु र बजेटको बारेमा जानकारी कसरी प्राप्त गर्नुहुन्छ ? (संख्या = १००८)*

अघिल्लो सर्वेक्षण बर्ष सन् २०२० को तुलनामा, टेलिभिजन बाट स्थानीय सरकारका गतिविधिहरूको जानकारी प्राप्त गर्ने उत्तरदाताहरूको अनुपात सन् २०२२ मा घटेको छ । यसैबीच, स्थानीय सरकारका गतिविधिहरूको जानकारी सामाजिक सञ्जाल मार्फत् प्राप्त गर्ने उत्तरदाताहरूको अंश सन् २०१८ मा रहेको ८.४% बाट बढेर सन् २०२० मा १०.३% र सन् २०२२ मा १५.९% भएको छ । उच्च शिक्षा स्तर भएका उत्तरदाताहरूले सामाजिक सञ्जाललाई आफ्नो सूचनाको मुख्य स्रोत मान्छन्, त्यसपछि उनीहरूले साथीभाई, परिवार, छिमेकीहरु र टेलिभिजनलाई आफ्नो सूचनाको मुख्य स्रोत भनेर उल्लेख गरेका छन् । यसको विपरीत, कुनै पनि शिक्षा वा औपचारिक शिक्षा नभएका उत्तरदाताहरूले आफ्ना साथीभाई, परिवार र छिमेकीहरूलाई, स्थानीय समुदायका नेताहरु र स्थानीय रेडियोलाई आफ्नो सूचनाको  मुख्य स्रोत भएको बताएका छन् । त्यसैगरी, उच्च आय वर्गका उत्तरदाताहरूले टेलिभिजनलाई आफ्नो सूचनाको मुख्य स्रोतको रूपमा उद्धृत गरेका छन् भने न्यून आय समूहकाहरूले साथीभाई, परिवार र छिमेकीहरु जानकारीको मुख्य स्रोत भएको बताएका छन् । युवा वर्गहरूले धेरैजसो साथीहरु, परिवार र छिमेकीहरु, सामाजिक सञ्जाल र इन्टरनेटबाट स्थानीय सरकारका योजना, कार्यक्रम र बजेटको बारेमा जानकारी प्राप्त गर्ने उल्लेख गरेका छन् ।

### स्थानीय सरकारबाट सार्वजनिक गर्नुपर्ने सूचनाका प्रकारहरू

सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूलाई उनीहरूको स्थानीय गाउँपालिका/नगरपालिकाहरूले जनतालाई के कस्तो किसिमका जानकारीहरु नियमित रूपमा उपलब्ध गराउनुपर्छ भनेर राय लिन प्रश्न सोधिएको थियो । जवाफमा, सुदूरपश्चिम प्रदेशका झण्डै आधाभन्दा कम (४५.५%) उत्तरदाताहरूले स्थानीय गाउँपालिका/नगरपालिकाहरूले रोजगार सम्बन्धी जानकारी नियमित रूपमा जनतालाई उपलब्ध गराउनुपर्ने बताएका छन् । त्यसैगरी ३६.२% उत्तरदाताहरूले बजेट र कार्यक्रम सम्बन्धी जानकारी र ३५.८% उत्तरदाताहरूले शिक्षा सम्बन्धी जानकारी पनि नियमित रूपमा जनतालाई उपलब्ध गराउनुपर्ने बताएका छन् । यसैगरी, स्वास्थ्य (३५.३%), जीविकोपार्जन (३२.१%) र कृषि र व्यापार सम्बन्धी (३०.५%) जानकारीहरु पनि नियमित रूपमा जनतालाई दिनुपर्ने उल्लेख गरेका छन् । उत्तरदाताहरूको समान अनुपातले योजना र आयोजना सम्बन्धी जानकारी (२९.९%) र सार्वजनिक सुचना सम्बन्धी (२८.२%) जानकारीहरू पनि नियमित रूपमा जनतालाई उपलब्ध गराउनुपर्ने बताएका छन् (चित्र ६.६.२) ।




*चित्र ६.६.२: Q-H6. तपाईंको नगरपालिका, गाउँपालिकाले जनतालाई कस्तो किसिमको सूचना नियमित रूपमा उपलब्ध वा सार्वजनिक गरोस जस्तो लाग्छ ? (संख्या = १००८)*

**स्थानीय सरकारले सार्वजनिक गरेको सूचनाप्रति सन्तुष्टि**

सन् २०२२ मा, सुदूरपश्चिम प्रदेशका उत्तरदाताहरूलाई स्थानीय सरकारले सार्वजनिक गरेको तथ्याङ्क र जानकारी संग कत्तिको सन्तुष्ट हुनुहुन्छ भनेर सोधिएको थियो । सुदूरपश्चिम प्रदेशका आधा भन्दा अलि बढी (५६%) उत्तरदाताहरूले स्थानीय सरकारले उपलब्ध गराएको तथ्याङ्क र जानकारीप्रति असन्तुष्टि व्यक्त गरेका छन् भने एक तिहाईभन्दा अलि बढी (३९.३%) उत्तरदाताहरूले स्थानीय सरकारले सार्वजनिक गरेको तथ्याङ्क र जानकारीसंग आफूहरू सन्तुष्ट रहेको बताएका छन् भने ४.६% उत्तरदाताहरूले आफूहरूलाई यसबारेमा केहि थाहा नभएको उल्लेख गरेका छन् ।

साथै, स्थानीय सरकारबाट उनीहरूले सूचना वा जानकारी लिन प्रयास गरे कि गरेनन् भनेर सोध्दा, १३.१% उत्तरदाताहरूले मात्र स्थानीय सरकारबाट तथ्याङ्क/सूचना वा जानकारी लिन प्रयास गरेको जनाएका छन् । स्थानीय सरकारबाट सूचना वा जानकारी लिन प्रयास गरेका मध्ये ३१.३% उत्तरदाताहरूले रोजगारी सम्बन्धी जानकारी, ३०.७% ले कृषि तथा व्यापार सम्बन्धी जानकारी, ३०.६% ले बजेट तथा कार्यक्रम सम्बन्धी जानकारी प्राप्त गर्ने प्रयास गरेको उल्लेख गरेका छन् । यसैगरी, सार्वजनिक हितका सेवाहरूको पहुँच र प्रयोग बारे जानकारी (२५.१%), शिक्षा सम्बन्धी जानकारी (२३.९%), स्वास्थ्य सम्बन्धी जानकारी (२१.१%) र सरकारी योजना तथा आयोजना सम्बन्धी जानकारी (२१%) उत्तरदाताहरूले प्राप्त गर्ने प्रयास गरेको उल्लेख गरेका छन् ।

स्थानीय सरकारबाट सूचना वा जानकारी लिन प्रयास गरेका धेरैजसो (७०.३%) उत्तरदाताहरूले सम्बन्धित सरकारी निकाय बाट सूचना वा जानकारी प्राप्त गर्ने प्रयास गरेको उल्लेख गरेका छन् । यसैगरी उनीहरूले परिवार र साथीभाईको सहयोग बाट (४०.५%), स्थानीय राजनीतिक नेताहरु बाट (३१.५%), सरकारी वेबसाइट मार्फत् (१२.६%) उत्तरदाताहरूले स्थानीय सरकारबाट सूचना वा जानकारी लिन प्रयास गरेको उल्लेख गरेका छन् ।

सूचना प्राप्त गर्न प्रयास गर्नेहरु मध्ये आधा जसो (४५.४%) उत्तरदाताहरूले आफूले खोजेको आवश्यक जानकारी प्राप्त गरेको बताएका छन् । करीब पाँचमध्ये एक (२१%) उत्तरदाताले सम्बन्धित अधिकारी फेला पार्न सजिलो भएको, १४% उत्तरदाताहरूले एकै भ्रमणमा जानकारी प्राप्त गरेको र ९% उत्तरदाताहरूले सरकारी कर्मचारी अत्यन्तै सहयोगी भएको बताएका छन् भने लगभग आधा जसो (४६.७%) उत्तरदाताहरूले जानकारी दिन धेरै लामो समय लगाइएको र १७.८% ले सरकारी अधिकारीहरूले असहयोग गरेको उल्लेख गरेका छन् । त्यसैगरी, १४.२% उत्तरदाताहरूले सरकारी अधिकारीहरु संग प्रश्नको जवाफ दिन पर्याप्त ज्ञान नभएको बताएका छन् ।


# ७. कोरोना महामारीको अनुभव र असर

## ७.१ कोरोना महामारी व्यवस्थापनमा सरकारको भूमिका

कोभिड-१९ को महामारीको बेला तीनै तहका सरकारले कोरोना रोकथाम तथा नियन्त्रण र यसबाट परेको सामाजिक-आर्थिक प्रभावलाई न्यूनीकरण गर्न विविध कार्यक्रमहरु लागू गरेका थिए । सर्वेक्षणमा सबै उत्तरदाताहरूलाई तीनै तहका सरकारको उक्त भुमिका पर्याप्त थियो कि थिएन भनी सोधिएको थियो ।

सुदूरपश्चिम प्रदेशका धेरैजसो उत्तरदाताहरूले तीनै तहका सरकारले खेलेको भूमिका ठिकै भएको महसुस गरेका छन् भने ४३.६% उत्तरदाताहरूले स्थानीय सरकारको भूमिका "पर्याप्त" वा "धेरै पर्याप्त" भएको व्यक्त गरेका छन् । उत्तरदाताहरूको एक सानो हिस्साले चाहिं स्थानीय सरकारको भूमिका "अपर्याप्त" (६.८%) र "धेरै अपर्याप्त" (५.४%) भएको उल्लेख गरेका छन् । सुदूरपश्चिम प्रदेशका ४३.७% उत्तरदाताहरूले कोभिड-१९ सङ्कट व्यवस्थापन गर्न स्थानीय सरकारको भूमिकालाई उपयुक्त मानेका छन् (चित्र ७.१.१) ।

**कोरोना महामारी व्यवस्थापनमा सरकारको भूमिका**




*चित्र ७.१.१: Q-13. कोरोना संकट व्यवस्थापन वा समाधानमा सरकारले गरेको काम वा निभाएको भूमिका कत्तिको पर्याप्त थियो जस्तो लाग्छ ? (संख्या = १००७) ('भन्न चाहन्न' भन्ने उत्तरदाताको उत्तरलाई यहाँ समावेश गरिएको छैन)*

### सरकारले गरेको कामको मुल्याङ्कन

कोरोना संक्रमण कम गर्न र यसलाई फैलिन नदिन सरकारले गरेका विभिन्न प्रयासलाई कसरी मुल्यांकन गर्नुहुन्छ भनी उत्तरदाताहरूलाई सोधिएको थियो । यसमा उत्तरदाताहरूले शून्यदेखि दशसम्मको नम्बर दिन सक्थे, शून्यले सरकारले गरेका विभिन्न प्रयासलाई एकदमै अप्रभावकारी रहेको जनाउँ थियो भने पाँचले न त प्रभावकारी न अप्रभावकारी र दशले एकदमै प्रभावकारी रहेको जनाउँ थियो ।

अधिकांश उत्तरदाताहरूले सरकारले गरेका विभिन्न प्रयासलाई 'प्रभावी' मानेका थिए । यस सम्बन्धमा उत्तरदाताहरूको मतलाई हेर्दा, सरकारले गरेका विभिन्न रोकथाम र नियन्त्रणका उपायहरु मध्ये मास्कको प्रयोग र सामाजिक दुरी धेरै प्रभावकारी (औसत ८.२९ अंक) रहेको देखियो भने हिड्डुल र यात्रामा लगाएको प्रतिबन्ध पनि दोस्रो (औसत ८.०४ अंक) प्रभावकारी उपाय रहेको` मान्दछन् ।

#### कोरोना संक्रमण कम गर्न र यसलाई फैलन नदिन सरकारले गरेका प्रयासलाई मुल्यांकन


| | कोरोना भाइरस फैलन नदिन हिड्डुल र यात्रामा प्रतिबन्ध लगाएको | संक्रमण रोक्न मास्कको प्रयोग र सामाजिक दुरीको नियम लागु गरेको | व्यापार व्यवसाय बन्द गराएको/ खुलाएको | कोरोनाको परिक्षण सुविधा उपलब्ध गराएको | क्वारेन्टिन सुविधा उपलब्ध गराएको | कोरोना उपचार (अस्पताल/ आईसीयू बेड, आदि) को व्यवस्था | जीविकोपार्जनको माध्यम वा आयस्रोत गुमाएका कमजोर/ जोखिममा रहेका मानिस/ समुदायलाई सहायता | प्रवासी कामदार हरूलाई नेपाल फर्काउन गरेको प्रयास |
|---|---|---|---|---|---|---|---|---|
| **संख्या** | १००८ | १००८ | १००८ | १००८ | १००८ | १००८ | १००८ | १००८ |
| औसत | ८.०४ | ८.२९ | ६.९९ | ७.५ | ७.३२ | ६.९ | ६.९५ | ८.०४ |

*तालिका ७.१.१: Q-14.A-H. कोरोना संक्रमण कम गर्न र यसलाई फैलिन नदिन सरकारले गरेका उल्लेखित प्रयासलाई तपाई कसरी मुल्यांकन गर्नुहुन्छ?*

### सामाजिक-आर्थिक पुनरूत्थानमा सरकारसंगको अपेक्षा

कोरोना महामारीले सिर्जना गरेको आर्थिक-सामाजिक कठिनाईलाई कम गर्न र महामारीबाट प्रभावित सामाजिक-आर्थिक अवस्थालाई माथि उठाउन सरकारले कुन-कुन क्षेत्रमा बढी काम गर्नुपर्छ भनी सबै उत्तरदाताहरूलाई सोधिएको थियो । जवाफमा, सुदूरपश्चिम प्रदेशका अधिकांश (६९.९%) उत्तरदाताहरूले सरकारले स्वास्थ्य सेवाहरूमा सुधार्न काम गर्नुपर्ने बताएका छन् । त्यसैगरी आधाभन्दा बढी (५६.६%) उत्तरदाताहरूले खोप लगाउने प्रक्रियालाई तीव्रता दिएर र दशमध्ये करीब चार (४१.३%) उत्तरदाताहरूले थप रोजगारीका अवसरहरु सिर्जना गरेर कोरोना महामारीले सिर्जना गरेको कठिनाईलाई कम गर्न सकिन्छ भन्ने मत व्यक्त गरे । तीबाहेक बालबालिकाका लागि सरकारले शैक्षिक सहयोग उपलब्ध गराउनुपर्ने, सरकारी योजना तथा कार्यक्रमहरूमा सूचनाको पहुँच पुयाउने र सरकारले सहयोग कार्यक्रम थाल्नुपर्ने बताएका छन् ।

**कोरोना महामारीबाट सृजित सामाजिक-आर्थिक अवस्थाको पुनरुत्थानको लागि सरकारको अपेक्षित कार्य**




*चित्र ७.१२: Q-16. कोरोना महामारीबाट प्रभावित सामाजिक-आर्थिक अवस्थालाई पुनरुत्थान गर्न सरकारले आफ्ना नागरिकहरूलाई अझै के गरेर सहयोग गर्न सक्छ होला ? (संख्या = १००८)*

## ७.२ स्थानीय स्तरमा कोरोना महामारीका बेला सक्रिय भएर लाग्ने व्यक्ति वा निकाय

सुदूरपश्चिम प्रदेशका सबै उत्तरदाताहरूलाई कोरोना महामारीको समयमा त्यसको व्यवस्थापनको लागि समुदायमा सबैभन्दा बढी सक्रिय भुमिका कसले निभायो भनेर सोधिएको थियो । सुदूरपश्चिम प्रदेशका करीब दुई तिहाई (६६.९%) उत्तरदाताहरूले आफ्नो स्थानीय सरकार कोरोना महामारीको समयमा सबैभन्दा बढी उत्तरदायी निकायको रूपमा रहेको बताएका छन् । यसपछि उनीहरूले समुदायका स्वयंसेवकहरु (१३%), स्थानीय नेताहरु (१२.३%), सार्वजनिक अस्पताल /स्वास्थ्य चौकीहरु (३.६%) र समुदायमा आधारित संस्थाहरु (२.६%) ले कोभिड-१९ व्यवस्थापन गर्न आफ्नो समुदायमा सबैभन्दा सक्रिय भुमिका खेलेको उल्लेख गरेका छन् ।

## ७.३ कोरोना महामारीको समयमा भोग्नुपरेका मुख्य समस्याहरु र सामना गर्ने रणनीतिहरु

सुदूरपश्चिम प्रदेशका करीब दुई तिहाई (६७.४%) उत्तरदाताहरूले कोभिड-१९ को महामारी र बन्दाबन्दीका कारण एक वा बढी समस्याहरूको सामना गर्नु परेतापनि ३२.६% उत्तरदाताहरूले भने कुनै पनि समस्याको सामना नगरेको उल्लेख गरेका छन् । कोभिड-१९ को महामारी र बन्दाबन्दीका कारण समस्याहरु सामना गर्नेहरु मध्ये अधिकांश (७१.३%) उत्तरदाताहरूले खाद्यान्नको मूल्य वृद्धिलाई औल्याएका छन् । त्यसैगरी, ६३.३% ले आधारभूत सेवाहरु प्राप्त गर्न कठिनाई भएको, ३७.९% ले रोजगारी वा अन्य मुख्य आम्दानीको स्रोत गुमेको, ३३.६% ले आम्दानी/नाफामा कमी आएको, २८.७% उत्तरदाताहरूले गैर-खाद्य अत्यावश्यक सामग्रीको मूल्यबृद्धि भएकोर ११.३% उत्तरदाताहरूले गम्भीर रोगहरु लागेको जस्ता समस्याहरूको सामना गर्नुपरेको थियो भनेर उल्लेख गरेका छन् । केही २.४% उत्तरदाताहरूले घर-परिवारको सदस्यको मृत्यु भएको उल्लेख गरेका छन् ।

सर्वेक्षणमा, कोरानाको कारणले गर्दा विभिन्न समस्याहरु भोग्नुपरेको भनेर बताउने उत्तरदाताहरूलाई ती समस्याहरूको सामना गर्न के-कस्ता रणनीतिहरु अबलम्बन गर्नुभयो भनेर पनि सोधिएको थियो । सुदूरपश्चिम प्रदेशका १५.१% उत्तरदाताहरूले कोभिड-१९ को प्रभावहरूको सामना गर्न खासै केही नगरेको प्रतिक्रिया दिएका छन् भने धैरैजसो उत्तरदाताहरूले कोरोनाको

प्रभाव न्यूनीकरणका लागि विभिन्न उपाय र प्रतिकार्य संयन्त्र अवलम्बन गरेको बताएका छन् । तथ्याङ्कले देखाए अनुसार, उत्तरदाताहरूको पाँचमध्ये दुई भाग (४०.३%) ले आफुसंग भएको बचत प्रयोग गरेको र लगभग एक तिहाई (३४.५%) उत्तरदाताहरूले ऋणमा खाद्यान्न किनेको, ३१.८% ले आफन्त/छिमेकीहरूबाट ऋण सहयोग लिएर काम चलाएको, २४.३% उत्तरदाताहरूले खाद्यान्न उपभोगमा कमी गरेको, २०.८% ले साहुबाट ऋण लिएर निर्वाह गरेको र ११.४% उत्तरदाताहरूले पशुधन र सम्पत्ति बेचेको उल्लेख गरेका छन् ।

